# सर्वोच्च अदालतबाट प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको सँगालो




## नेपाल सरकार
## सामान्य प्रशासन मन्त्रालय

# सर्वोच्च अदालतबाट प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको सँगालो


नेपाल सरकार

**सामान्य प्रशासन मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७४ भदौ

# सर्वोच्च अदालतबाट प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको सँगालो

**प्रकाशन :**

नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

शासकीय सुधारका लागि सार्वजनिक प्रशासनको तयारी आयोजना

सिंहदरबार, काठमाडौं

२०७४ भदौ

फोन नं.: +९७७-१-४२००१८७, ४२००३६७

फ्याक्सः +९७७-१-४२००१८७

ईमेलः info@moga.gov.np

वेभः www.moga.gov.np

**सहकार्य :**

शासकीय सुधारको लागि सार्वजनिक प्रशासनको तयारी आयोजना (PREPARE) नेपाल सरकार र संयुक्त राष्ट्रसंघ नेपालको संयुक्त पहल हो। २०७० मा सुरु भएको यस आयोजनाले प्रशासकीय सुधार तथा सङ्क्रमणकालीन योजना तर्जुमा साथै नियमित प्रशासकीय सुधारका कार्यक्रमहरूमा सहयोग गर्दै आइरहेको छ।

सर्वाधिकार © सामान्य प्रशासन मन्त्रालयमा सुरक्षित छ। यस पुस्तक स्रोतको रुपमा सामान्य प्रशासन मन्त्रालयप्रति आभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तकका अंशहरू पुनः प्रकाशन वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन वा अनुवादको एक प्रति सामान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

मुद्रण : राजश्री सर्भिसेस प्रा.लि., काठमाडौं, नेपाल

डिजाईन तथा सेटिङ्ग : गोविन्द खनाल

**ISBN : 978-9937-0-3104-2**

**अस्वीकरण (Disclaimer):** यस प्रतिवेदनमा अभिव्यक्त विचारहरु विज्ञ/लेखक स्वयम्का हुन्। यस प्रति प्रकाशक सामान्य प्रशासन मन्त्रालय तथा शासकीय सुधारका लागी सार्वजनिक प्रशासनको तयारी आयोजना जवाफदेही हुने छैनन्।

# विषयसूची


| भाग | विषय | पृष्ठ नं. |
|---|---|---|
| | परिचय | |
| **भाग १** | भ्रष्टाचार | १ |
| **भाग २** | नियुक्ति, सरुवा र बढुवा | ३६ |
| **भाग ३** | अवकाश, निलम्बन र विभागीय कारबाही | ५२ |
| **भाग ४** | सुविधा | ७६ |
| **भाग ५** | योग्यता, कार्यसम्पादन मूल्याङ्कन तथा अन्यअङ्क | ८७ |
| **भाग ६** | जेठता तथा अभिलेख | ९७ |
| **भाग ७** | सेवा, समूह तथा पदमिलान र पदस्थापन | १०१ |
| **भाग ८** | विविध | १०९ |

# मन्तव्य

सामान्य प्रशासन मन्त्रालय र शासकीय सुधारका लागि सार्वजनिक प्रशासनको तयारी आयोजना (PREPARE) ले सर्वोच्च अदालतद्वारा प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको सँगालोका रूपमा पुस्तक प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ ।

निजामती सेवा सार्वजनिक प्रशासनको मेरुदण्ड हो । सशक्त र जनउत्तरदायी निजामती सेवाको अभावमा जनताले सुशासनको अनुभूति गर्न सक्दैनन् । जनतासँग प्रत्यक्षरूपमा सम्पर्क र समीपमा रही सेवा गर्नुपर्ने नेपालको निजामती प्रशासनलाई अझ सक्षम, सुदृढ र जनमुखी बनाउनु आजको अपरिहार्य आवश्यकता हो ।

निजामती सेवा ऐन, २०४९ ले सामान्य प्रशासन मन्त्रालयलाई निजामती कर्मचारीको केन्द्रीय निकायको रूपमा स्वीकार गरेको छ । सम्पूर्ण निजामती कर्मचारीको अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्ने यस मन्त्रालयको दायित्व हो

सार्वजनिक प्रशासनका क्षेत्रमा सरकारले गरेका निर्णय तथा कर्मचारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा गरेका कार्यहरूका विषयमा बेलाबेलामा अदालतमा मुद्दाहरू पर्ने गरेका छन् । खासगरी भ्रष्टचार, कर्मचारीको नियुक्ति, सरुवा र बढुवा अवकाश, निलम्बन, विभागीय कारबाही, सुविधा, योग्यता, कार्यसम्पादन मूल्याङ्कन, जेठता तथा अभिलेख, सेवा, समूह तथा पदमिलान र पदस्थापन तथा विविध विषयमा मुद्दाहरू पर्ने गरेको र त्यस्ता मुद्दाहरूमा सर्वोच्च अदालतबाट फैसला हुने गरेको छ । नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा मुद्दा मामिला सम्बन्धमा सर्वोच्च अदालतले गरेको संविधान एवं कानुनको व्याख्या वा प्रतिपादित कानुनी सिद्धान्त सबैले पालना गर्नुपर्ने व्यवस्था रहेको छ । सम्मानित सर्वोच्च अदालतबाट भएका निर्णयहरू नजिरका रूपमा रहने हुँदा प्रशासनिक कार्यसम्पादनका क्रममा यस्ता नजिरहरूले सरकार र कर्मचारीले कार्यसम्पादन गर्दा गल्ती नदोहोरिनका लागि मार्गदर्शनको भूमिका निर्वाह गर्दछन् ।

सर्वोच्च अदालतद्वारा वि. सं. २०४७ सालदेखि २०७२ सालसम्म गरिएका एकसय उन्नाइस वटा फैसलाहरूलाई प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको सँगालो पुस्तकको रूपमा प्रस्तुत भएको छ । सर्वोच्च अदालतबाट भएका फैसलाहरूलाई एकीकृत गरी पुस्तकका रूपमा प्रकाशन गर्ने क्रममा संलग्न विज्ञ श्री बुद्धिबहादुर कार्की, सामान्य प्रशासन मन्त्रालयका कर्मचारीहरू, संयुक्त राष्ट्रिय विकास कार्यक्रम र प्रत्यक्ष एवं परोक्षरूपमा संलग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा पाठकसमक्ष प्रस्तुत यो पुस्तक विभिन्न मन्त्रालय विभाग सरकारी एवं गैरसरकारी संस्था तथा ती निकायसँग सम्बन्धित पदाधिकारीका साथै सार्वजनिक प्रशासनसम्बन्धी अध्येताहरूका लागि उपयोगी सामग्री हुनेछ भन्ने कुरामा विश्वस्त रहँदै प्रकाशनको सफलताको कामना गर्दछु ।

**मोहनकृष्ण सापकोटा**
**सचिव**

# परिचय

नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नुपर्ने संवैधानिक प्रावधान छ । यसभन्दा अगाडिका संविधानहरूमा पनि नजिरहरूको त्यस्तै संवैधानिक हैसियत थियो । त्यसैले हाम्रो कानुन प्रणालीमा नजिरहरूको महत्त्वपूर्ण स्थान रहिआएको छ । यसै तथ्यलाई दृष्टिगत गरी सामान्य प्रशासन मन्त्रालय र शासकीय सुधारका लागि सार्वजनिक प्रशासनको तयारी आयोजना (PREPARE) द्वारा सर्वोच्च अदालतद्वारा प्रशासनिक मामिलासम्बन्धी मुद्दाहरूमा भएका फैसलाहरूको यो सँगालो तयार पारिएको हो । प्रशासनिक मामिलाहरूमा निर्णय गर्दा, नीति निर्माण गर्दा वा अन्य कुनै काम कारबाही गर्दा सामान्य प्रशासन मन्त्रालय, अरू मन्त्रालय, सरकारी निकायहरू एवं प्रशासनसम्बन्धी मामिलामा अध्ययन गर्ने वा रुचि राख्नेहरूका लागि यो उपयोगी सन्दर्भसामग्री हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

फैसलाहरूको यो सँगालोमा निजामती कर्मचारीहरू संलग्न प्रशासनिक मामिलाहरूसँग सम्बन्धित भ्रष्टाचार, नियुक्ति, सरुवा, बढुवा, अवकाश, निलम्बन, विभागीय कारबाही, सुविधा, योग्यता, कार्यसम्पादन मूल्याङ्कन तथा अन्य अङ्क, जेठता तथा अभिलेख एवं सेवा समूह तथा पदमिलान र पदस्थापनसम्बन्धी मुद्दाहरूमा सर्वोच्च अदालतले वि.सं. २०४७ देखि २०७२ सालसम्म गरेका एक सय उन्नाइस फैसलाहरू समेटिएका छन । यी मुद्दाहरूलाई आठ भागमा वर्गीकृत गरिएको छ । पहिलो भागमा भ्रष्टाचारसँग सम्बन्धित ३४ वटा मुद्दाहरू समेटिएका छन् । त्यसैगरी दोस्रो भागमा नियुक्ति, सरुवा र बढुवासम्बन्धी १६ वटा मुद्दाहरू समेटिएका छन् । अवकाश, निलम्बन र विभागीय कारबाहीसम्बन्धी २८ वटा मुद्दा तेस्रो भागमा समेटिएका छन् भने चौथो भागमा सुविधासम्बन्धी १३ वटा मुद्दाहरू छन् । पाचौँ भागमा योग्यता, कार्यसम्पादन मूल्याङ्कन तथा अन्य अङ्कहरूसम्बन्धी १२ वटा मुद्दा तथा जेठता र अभिलेखसम्बन्धी पाँच वटा मुद्दा छैटौं भागमा समेटिएका छन् । सेवा समूह तथा पदमिलान एवं पदस्थापनसम्बन्धी आठ वटा मुद्दा सातौँ भागमा तथा विविध विषयका तीन मुद्दा आठौँ भागमा समेटिएका छन् ।

यसमा संलग्न हरेक मुद्दाको फैसलाको मूल अंशभन्दा अगाडि सो मुद्दाको निर्णय नम्बर, निर्णय गर्ने इजलासको किसिम, मुद्दाको विषय तथा मुद्दा फैसला गरिएको मिति उल्लेख गरिएको छ । सो फैसलाको पूर्ण पाठ हेर्न चाहनेहरूलाई सजिलोका लागि फैसला प्रकाशन भएको नेपाल कानुन पत्रिकाको भाग नम्बर, प्रकाशन भएको महिना तथा सोको अङ्क सङ्ख्यासमेत उल्लेख गरिएको छ । यसका साथै मुद्दाका पक्ष र विपक्षको नाम तथा ठेगाना पनि त्यसमा उल्लेख छ । त्यसपछि फैसलाको मुख्य अंश, त्यसमा प्रतिपादित सिद्धान्त र नजिरलाई विस्तृतरूपमा उल्लेख गरिएको छ । त्यसका लागि नेपाल कानुन पत्रिकाले प्रयोग गरेको ढाँचालाई नै यसमा पछ्याइएको छ ।

यो सँगालोमा संलग्न फैसलाहरू मूलरूपमा सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानुन पत्रिकाका विभिन्न अङ्कहरूबाट छानिएको हो । समय र स्रोतको सीमाले गर्दा सर्वोच्च अदालतबाट प्रकाशित बुलेटिन र अप्रकाशित फैसलाहरूको विस्तृत अध्ययन गर्न सम्भव भएन । भविष्यमा यसलाई परिष्कृत र विस्तृत गर्दै लगिनेछ भन्ने अपेक्षा गरिएको छ ।

# भाग : १
# भ्रष्टाचार

## १.१

| | |
|---|---|
| **निर्णय नं. ९५४५**<br>**संयुक्त इजलास** | **विषयः गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** |
| नेपाल कानुन पत्रिका<br>भागः ५८ सालः २०७३ महिनाः जेठ अङ्कः २ | फैसला मितिः २०७२/०३/१३ |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत दिनेशहरि अधिकारीको प्रतिवेदनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : का.जि.का.म.न.पा.वडा नं. १० बुद्धनगर बसोवास गरी तातोपानी भन्सार कार्यालयमा खरिदार पदमा कार्यरत भरतप्रसाद घिमिरेसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

जसका नाममा बिल बिजक देखिन्छ त्यो वस्तु उसैको हुनेमा त्यसको अनदेखा गरी सोको विपरीत प्रतिवादीको भाइको व्यापारिक कारोबारको घडी छापा मार्दा भरतप्रसाद घिमिरेको घरमा फेला परेको उल्लेख गरी सोको स्रोतसमेत निजले नै पुष्टि गर्नुपर्छ भन्न मिल्ने नदेखिने । **(प्रकरण नं.१२)**

विवादित रकम जसका नाममा रोक्का रहेको छ उसैको हुन्छ । जहाँसम्म बैंकमा रोक्का रहेको रकम प्रतिवादीले गैरकानुनी आर्जन गरी भ्रष्टाचार गरेका हुन् भनी आरोपित गरिसकेपछि बैंकको खातावालालाई पनि प्रतिवादी बनाई मुद्दा चलाउन सक्नुपर्ने हुन्छ । खातावाला व्यक्तिलाई अभियुक्त बनाई मुद्दा दायर पनि नगर्ने र अर्काको खातामा रहेको रकमसमेत यिनै प्रतिवादीको हो भनी सो रकमको समेत स्रोत पुष्टि गर्नुपर्दछ भनी उक्त रकममा समेत यिनै प्रतिवादी भरतप्रसाद घिमिरेको कायम गरी गैरकानुनी आर्जन भनी सजाय ठहर गर्नु न्यायोचित नहुने ।

अभियोग लगाउने पक्षले आफूले लगाएको अभियोग शङ्कारहित तबरबाट पुष्टि गर्नुपर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हो । भ्रष्टाचारलगायत कतिपय फौजदारी मुद्दामा प्रमाणको भार प्रतिवादीले नै पुऱ्याउनु पर्ने गरी व्यवस्था गरिएको भए पनि अभियोग लगाउने पक्षले अभियोग लगाइसकेपछि आफ्नो दायित्वबाट पूरै पन्छिन मिल्छ भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं.१५)**

प्रतिवादीका नाममा रहेको सम्पत्ति निजको कारोबार र सो कारोबारबाट बढे बढाएको छ छैन भन्ने कुराको मापन निजको कारोबारबाट हेर्न सकिने विषय हुन्छ । रू. ३ लाख १० हजारमा आफ्नो पैतृक सम्पत्ति बिक्री गरेको कार्यलाई प्रतिवादीले पेस गरेको गा.वि.स. कार्यालयको कागजलाई अन्यथा नभएपछि सोपश्चात् खरिद भएको जग्गाको सम्पत्तिमा स्रोत नखुलेको भन्न नमिल्ने ।

तत्कालीन निजामती सेवा ऐनले निजामती कर्मचारीलाई ऋण लिनेदिने कार्य गर्न रोक लगाएको देखिँदैन। मुलुकी ऐन लेनदेन व्यवहारको २ नं.समेतले त्यसलाई कानुनी वैधता दिएको देखिन्छ। ऋण लिनेदिने कानुनी व्यवस्थाको वैधतामा वादी पक्षले प्रश्न उठाएको देखिँदैन। कानुनद्वारा रोक नलगाएको कारोबारबाट प्रतिवादीले आर्जन गरेको सम्पत्तिमा गैरकानुनी आर्जन हो भनी अर्थ गर्न नमिल्ने।

उद्योगको आय गणना गर्ने कार्यमा प्रतिवादीले दिएको कारोबारको सूचीलाई आयोगले अन्यथा गर्न मिल्दैन। बढी कारोबार र आय बढी देखिएमा त्यसमा कर प्रणालीले प्रतिवादीलाई करको दायित्वतर्फ कानुनबमोजिम असुल गर्न सक्छ र आयोगले त्यसतर्फ सम्बन्धित कर कार्यालयलाई सचेत गर्न र बुझ्न सक्छ त्यस्तो भएको नदेखिँदा प्रतिवादीले पेस गरेको आयलाई अन्यथा भन्न नमिल्ने।

छोरीको ट्युसन फी, ससुराबाट प्राप्त रकम र दिदीबाट प्राप्त गरेको अङ्कलाई हेर्दा प्रतिवादीको कारोबार सगोलको अवस्था र निजको हैसियतलाई नसुहाउने प्रकृतिको देखिँदैन। प्रतिवादीले पेस गरेको आयको स्रोतलाई अवैध हो भन्ने कायम गर्दा त्यसलाई पुष्टि गर्ने प्रमाण आधार पनि हुनुपर्ने।

प्रतिवादीको भागमा पर्ने कुल सम्पत्ति निजको पैतृकसम्पत्ति, त्यसबाट बढे बढाएको सम्पत्ति, कृषि आय तथा सगोलका परिवारले गरेको कारोबार र त्यसबाट आर्जन गरेको सम्पत्तिमा प्रतिवादीको के कति हिस्सा पर्न आउने हो सोतर्फ पनि यथेष्ट प्रमाणबाट प्रतिवादीको दान, दातव्य, उपहार विलासीपूर्ण जीवन यापन गरेको भन्ने देखिनुपर्ने।

आय र व्ययको स्रोत मापन गर्ने मात्रको कार्य त करप्रणालीले नै सुनिश्चित गरेको हुन्छ। करको दायित्वमा कानुन प्रतिकूल भए तत् निकायबाट हेरिने विषयलाई भ्रष्टाचारको अभियोगमा सजाय गर्नु उपयुक्त हुँदैन। प्रतिवादीले गरेको कारोबार निजले कारोबार गरेबापत राज्यलाई बुझाएको कर र निजको आयस्रोत अस्वाभाविक देखिएको हुनुपर्दछ। कर तिर्दैमा भ्रष्टाचारबाट उन्मुक्ति हुन नसक्ने। **(प्रकरण नं.१७)**

पैतृक सम्पत्तिको आधारविना पनि कसैले आफ्नै उद्यमताले आय आर्जन उपायहरू अवलम्बन गरेको हुन्छन् भने उद्यमता र कारोबारविहीन सम्पत्ति देखिन्छ भने त्यस्तो अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० द्वारा अनुमानित गरी कसुरदार ठहर गर्नुपर्ने नै हुन्छ। कुनै निजामती कर्मचारीले उद्योग र आय आर्जन गर्ने कारोबार नै गर्न पाउँदैन भन्न मिल्दैन। जग्गाको किनबेच समयको अन्तरालमा त्यसको मूल्यमा वृद्धि र कारोबार गर्दा मालपोत कार्यालयमा देखाउने मूल्य र वास्तविकरूपमा भएको कारोबारमा धेरै नै अन्तर भने रहेको हुन्छ भनी अनुमान गर्न नसकिने। **(प्रकरण नं.१८)**

## १.२

| **निर्णय नं. ९५०५**<br>**संयुक्त इजलास** | **विषयः गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः चैत अङ्कः १२ | फैसला मितिः २०७२/१२/१० |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत फणीन्द्र गौतमको प्रतिवेदनले, नेपाल सरकार विरुद्ध विपक्षी/वादीः सुनसरी जिल्ला दुहवी गा.वि.स. वडा नं. ६ हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा.वडा नं. ९ पिङ्गलास्थान बसोवास गरी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ बबरमहलमा ना.सु.पदमा कार्यरत उमेशकुमार रेग्मीसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त ।

आयस्रोतको तुलनामा अस्वाभाविक र अमिल्दो सम्पत्ति राख्ने तथा दिने र उच्च जीवनयापन गरेको भन्ने विषय विगतमा राख्दै नराखिएको र राख्नै नपर्ने अति सूक्ष्मतम हिसाब किताबबाट मात्रै निरूपण हुन सक्ने विषय होइन । बरु त्यस्तो अस्वाभाविक र अमिल्दोपनको चरित्रलाई अनुसन्धानले टड्कारोरूपमा झल्काउन सकेको हुनुपर्दछ । ठीक ढङ्गबाट लगत नराखेकै कारणले आयका स्रोतहरू असीमित हुँदैनन् । राष्ट्रसेवकले सार्वजनिक पदमा रहँदा प्राप्त गर्ने आय स्रोतको दायरा त झनै साँगुरो हुने हुँदा त्यसको मोटामोटी आँकलन गर्न खासै कठिनाइ हुनुपर्ने देखिन्न । सार्वजनिक पदका अतिरिक्त राष्ट्रसेवकले पैतृक सम्पत्ति, दान दातव्य तथा कुनै वरव्यवसायबाट पनि वैधानिकरूपमा आय प्राप्त गरेको हुन सक्ने । **(प्रकरण नं.२३)**

हामीकहाँ जनजीविकाको आर्थिक लागत, विभिन्न तहगत आयवर्गका व्यक्तिहरूमा जनजीविकाको निमित्त लाग्ने खर्चको भिन्नता र तह निर्धारण आदि केही पनि नभएको अवस्थामा हरेक राष्ट्रसेवकको जीवनस्तर कतिलाई उच्च भन्ने वा नभन्ने, वा कस्तो हैसियतलाई नमिल्दो हैसियत भन्ने प्रश्न उठिरहने गरेको देखिन्छ । आधारभूतरूपमा आर्थिक एवम् सामाजिक मूल्याङ्कन वा सर्वेक्षण गर्ने कुराहरूमा पनि आजसम्म हाम्रो आर्थिक प्रणालीले आवश्यक कार्य गर्न सकेको देखिँदैन, जुन जरूरी छ । उच्च जीवनस्तर भनेको व्यक्तिले आफ्नो वा अर्काको लागि गरेको खर्चले उपभोगको स्तरमापन गर्ने हो वा प्राप्त आयस्तरबाट मापन गर्ने हो, त्यो पनि महत्त्वपूर्ण छ । साबिकको भ्रष्टाचार निवारण ऐन, २०१७ एवम् हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को सन्दर्भमा समेत हेर्दा सम्पत्ति विवरण नमिल्दो देखिएमा एउटा अनुमानको अवस्था आउने देखिन्छ भने अमिल्दो र अस्वाभाविक जीवनस्तर भोगेको वा आफ्नो हैसियतभन्दा बढी दान दातव्य दिएको भन्ने कुराहरू उपभोगको स्तरबाट देखिने कुराहरू हुन् । कतिपय अवस्थामा व्यक्तिले प्राप्त आय धेरै भए पनि उपभोगमा अति सङ्कुचन गरेको हुन सक्तछ भने कतिपयमा सम्पत्ति विवरण जे भए पनि उच्च उपभोगस्तर कायम राखेको वा अरूलाई दान दातव्य दिएको हुन सक्तछ । सम्पत्ति विवरण र जीवनस्तरको परिसूचकहरूको संयोजन गरी राम्ररी हेर्न सकिएन भने उक्त कानुनी व्यवस्थाहरूको प्रयोजनको लागि सही निष्कर्ष निकाल्न नसकिने । **(प्रकरण नं.२४)**

राष्ट्रसेवकले आयको तुलनामा अस्वाभाविकरूपमा सम्पत्ति आर्जन गरी उच्च जीवनस्तर बिताउने कार्यलाई कानुनले कसुरको रूपमा परिभाषित गर्नुको अर्थ न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गरिएको विषयमाथि नै प्रश्न उठाउनुपर्छ भन्ने होइन । न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने चाहना सबैले राखेको हुन्छ । सहरमा बस्नेले एक टुक्रा घडेरी वा शिर ढाक्नको लागि आफ्नो गच्छेअनुसारको सामान्य बास निर्माण गर्ने तथा गाउँमा भए परिवारको लागि एकसरो खान पुग्ने खेती जग्गा जोड्नुलाई अस्वाभाविक मान्न नसकिने ।

दुई अढाई तल्लाको घरको एक तल्लामा आफू बसी अर्को तल्ला भाडामा लगाई घरभाडाबाट केही आय प्राप्त भएको तर्कसङ्गत जिकिर गरिन्छ र त्यो मिसिल प्रमाणबाट विश्वासलायक देखिन आउँछ भने भाडा सम्झौता वा कर तिरेको प्रमाण खोजिरहनु नपर्ने अवस्था हुन सक्दछ । न्यूनतम आवश्यकता पूरा गर्न मानिस खाई नखाई मरिमेटी गरी लागिपर्ने हुँदा समयान्तरमा त्यसरी जोडिएको सम्पत्तिको मूल्याङ्कनमा केही भिन्नता आउनु वा ठीक ढङ्गबाट हिसाबकिताब नराखिएको कारणबाट आयको तुलनामा आर्जित सम्पत्ति र खर्च केही बढी देखिनुलाई अस्वाभाविक र अमिल्दो सम्पत्ति रहेको भनी कसुर ठहर गर्नु न्यायोचित हुन नसक्ने ।

समान पद वा उस्तै आयवर्गमा पर्ने व्यक्तिहरूले औसतमा बिताउने जीवनशैली वा जीवनयापन गर्न लाग्ने औसत खर्चको हिसाबले अस्वाभाविक ढङ्गले उच्च जीवनस्तर भोगेको भन्ने टड्कारो देखिँदैन भने जो सुकैको लागि पनि तत्काल प्रचलित कानुनको सन्दर्भमा आय र व्ययको कच्चावारी माग गर्नु उचित नदेखिने । **(प्रकरण नं.२५)**

अभियोक्ताले खास वर्षमा गरिएको  खास आय वा उपभोग नै स्रोतविहीन हो भनी यकिन गर्न सक्तैन र समष्टिमा दाबी लिन बाध्य हुन्छ भने अदालतसँग हरेक सालको आय र उपभोग स्तरको छुट्टाछुट्टै मूल्याङ्कनको माग गर्न मिल्दो हुन सक्तैन । वस्तुतः यस्तो प्रश्नमा अभियोक्ताले नै अनुसन्धानको चरणमा विवादित अमुक सम्पत्ति वा उपभोगको स्तर कुन खास कारणले अमिल्दो र स्रोतविहीन छ भनी तथ्यसाथ किटान गर्न नसकेसम्म यस्ता प्रश्नहरूलाई अमुक प्रमाणको आधारमा निराकरण गर्न सकिने स्थिति रहँदैन । त्यसतर्फ अभियोक्तापक्षले अनुसन्धान एवम् अभियोजन गर्दा नै विशेषरूपमा विचार गरी दाबी लिन सक्नु पर्ने । **(प्रकरण नं.२९)**

कुनै राष्ट्रसेवकले आफ्नो परिवारका सदस्यबाहेक अन्य नातेदार वा व्यक्तिका नाममा समेत गैरकानुनी आर्जनको सम्पत्ति लुकाएको छ भन्ने विषय उठ्दछ वा अनुसन्धानबाट देखिन्छ भने त्यस विषयमा छानबिन गर्न र दाबी नै लिन मिल्दैन भन्ने अर्थ गर्न खोजिएको भने होइन । श्वेतग्रिवी अपराधको रूपमा परिचित भ्रष्टाचारको कसुर गर्ने र भ्रष्टाचारबाट गरिएको  आर्जन लुकाउने तौरतरिका अनेक हुन सक्दछन् ।

गैरकानुनी आर्जन गर्नेले सधैं आफू वा आफ्नो परिवारका सदस्यका नाममा मात्र सम्पत्ति राख्दछ वा राखेको हुनुपर्दछ भन्ने छैन । यस्तो कसुर गर्ने व्यक्तिले आफ्नो परिवारका सदस्यका नाममा सम्पत्ति राख्दा समातिने डरले परिवारका सदस्य बाहेकका नातागोता, इष्टमित्रलगायत अन्य चिनजानका साथीभाइ एवम् व्यापारीहरूका नाममा समेत सम्पत्ति लुकाउन सक्ने अवस्था र स्थितिलाई इन्कार गर्न नसकिने । **(प्रकरण नं.३६)**

कुनै राष्ट्रसेवक कर्मचारीको भ्रष्टाचारजन्य कसुर वा गैरकानुनी आर्जनबाट जोडिएको कुनै सम्पत्ति परिवारका सदस्यबाहेक अन्य व्यक्तिका नाममा रहेको कुरा अनुसन्धान गर्दै जाँदा विवेकसम्मतरूपमा देखिन आउँछ भने त्यतातर्फ हेर्नै नमिल्ने अर्थात अनुसन्धान गरी अभियोग लगाउन नसक्ने भन्न नमिल्ने । **(प्रकरण नं.३८)**

सम्पत्ति खरिद गर्दा लगानी गरिएको  आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुनसक्दछ न कि त्यसबाट बढेबढाइएको हालको मूल्य । त्यसैले कुनै सम्पत्ति खरिद गर्दा के कति लगानी गरिएको  थियो भनी त्यसको स्रोतसम्म माग्नु र प्रमाणित गर्नु यस प्रकृतिका मुद्दामा कानुनसम्मत र न्यायोचितसमेत हुने । **(प्रकरण नं.४२)**

आर्जन गरिएको स्रोत वैध छ भने त्यसलाई आयको मान्यता दिनुपर्ने हुन्छ । आर्जन गरिएको आयबाट कुनै रकम खर्च गर्नुपर्ने प्रकृतिको देखिएको भन्ने मात्र आधारमा त्यस्तो सम्पत्तिलाई आयको मान्यता दिन नमिल्ने वा वैध नहुने भनी कोरा अनुमान गर्न मिल्दैन । कुनै वैध आयको रकममध्ये के कति खर्च हुने वा बचत हुने हो भन्ने कुरा वस्तुनिष्ठ आधार वा मापदण्डबेगर मनोगतरूपमा निश्चित गर्न सकिँदैन । यसका लागि स्वीकृत राष्ट्रिय मापदण्ड हुनुपर्दछ । मापदण्ड भएकै अवस्थामा पनि सबै व्यक्तिको खर्च र बचत गर्ने शैली तथा तौरतरिका र त्यसको परिमाण एकै हुनुपर्छ भन्ने जरूरी हुँदैन । आम्दानी र खर्चको वस्तुनिष्ठ आधार तथा सोको माग दाबीको अभावमा केवल पुनरावेदन तहमा जिकिर लिएको भरमा वैध आयको रकमलाई खर्च हुने रकम मान्न नमिल्ने । **(प्रकरण नं.८२)**

कुन सम्पत्ति वैध हो र कुन होइन भन्ने कुरा समग्र आय र सम्पत्तिको विश्लेषणपश्चात् मात्र यकिन हुने विषय भएकाले पहिले नै घर निर्माणको स्रोत पुष्टि नभएको भनी घर बहालबापत प्राप्त आयलाई मान्यता नदिने भन्ने कुरा न्यायोचित हुन नसक्ने । **(प्रकरण नं.८५)**

आरोपपत्रमा हालको मूल्यको आधारमा घरजग्गाको मूल्याङ्कन गरी स्रोत खुलेको र नखुलेको सम्पत्तिको भिन्नता गरिएको देखिन्छ । तर सम्पत्तिको मूल्याङ्कन हालको मूल्यका आधारमा नभई आर्जन गर्दाको तत्कालीन मूल्यका आधारमा हुनुपर्ने मान्यता अदालतबाट कायम भएकाले वादी पक्षले स्रोत खुलेको र नखुलेको भनी आरोपपत्रमा उल्लेख गरेको आधारमा समेत भिन्नता आउने स्पष्ट छ । प्रतिवादीको प्रत्येक आर्थिक वर्षको वैध आय स्रोत र निजले गरेको खर्च तथा आर्जन गरेको सम्पत्तिको यकिन, वस्तुनिष्ठ र तुलनात्मक आधारसहित दाबी नलिइएसम्म कुन सम्पत्तिको स्रोत पुष्टि भएको हो र कुन सम्पत्तिको स्रोत पुष्टि नभएको भनी निर्धारण गर्ने विषय जटिल बन्ने कुरा स्पष्ट छ । त्यसैले यस अदालतले न्यायिक विवेकका आधारमा आयस्रोत, सम्पत्तिको परिमाण र आर्जन गर्दाको अवस्थासमेतलाई विचार गरी जफत प्रयोजनको लागि स्रोत पुष्टि हुन नसकेको सम्पत्तिको निर्धारण गर्दै आएको छ । प्रतिवादीको आयस्रोत प्राप्त हुने अवस्था र अमुक सम्पत्ति आर्जन गरिएको समयसमेतलाई विचार गरी यससम्बन्धी न्यायिक निष्कर्षमा पुग्नु पर्ने । **(प्रकरण नं.१००)**

## १.३

| **निर्णय नं. ९४९२**<br>**संयुक्त इजलास** | **विषयः गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः फागुन अङ्कः ११ | फैसला मितिः २०७१/०५/१८ |

पुनरावेदक/प्रतिवादी : अनुसन्धान अधिकृत परमेश्वर पराजुलीको प्रतिवेदनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : स्व. कपिलमुनि उपाध्यायको नाति, स्व. ध्रुव प्रसाद शर्माको छोरा, नारायणी अञ्चल, जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं. ४, अस्पताल रोड, भगवती राईस मिल्सभित्र घर नं.४।२५८ घर भई हाल विराटनगर भन्सार कार्यालय, रानीमा नायब सुब्बा पदमा कार्यरत भरतप्रसाद नेपालसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कर्मचारी सुविधाअन्तर्गत प्रतिकित्ता १००।- का दरले ५३० कित्ता सेयरको रू. ५३,०००।- हुने भनी उल्लेख गरी आरोप पत्रमा कुनै पनि जिकिर लिएको नदेखिए तापनि सो सेयर वीरगञ्ज फाइनान्सबाट कर्मचारी सुविधाअन्तर्गत मौद्रिक रकम नतिरी लिएको भन्ने कुरा देखाउन सकेको पाइँदैन । बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विश्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो । यसरी एकाघरकी छोरी सुष्मा नेपालले कर्मचारी सुविधाअन्तर्गत मौद्रिक रकम नतिरी रू.५३,०००।- रकम बराबरको ५३० कित्ता सेयर प्राप्त गरेको भन्ने कुरा स्थापित हुन नआएबाट विशेष अदालत, काठमाडौंको फैसला अन्यथा देखिन नआउने । **(प्रकरण नं. २१)**

## १.४

| **निर्णय नं. ९४९०**<br>**संयुक्त इजलास** | **विषयः (नक्कली प्रमाणपत्र) भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०७२/०६/१८ |

पुनरावेदक/प्रतिवादीः जिल्ला अर्घाखाँची, ढिकुरा गाउँ विकास समिति वडा नं. २ गहते स्थायी ठेगाना भई हाल ऐ. जिल्ला सन्धिखर्क गाउँ विकास समिति वडा नं. ६ हटारीनेटामा बस्ने हरिप्रसाद दमासे विरुद्ध विपक्षी/वादी : अनुसन्धान अधिकृत कृष्णबहादुर दाहालको प्रतिवेदनले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

पुनरावेदक र आरोपकर्ताको अभिकथन र प्रमाणमध्ये कसले मान्यता पाउने भन्ने सन्दर्भमा हेर्दा पुनरावेदकको भन्दा आरोपकर्ताको कथन र प्रमाण विश्वसनीय मान्नु पर्ने हुन्छ । आरोपकर्ता भनेको कानुनी व्यक्ति हो । निजले कसैप्रति पूर्वाग्रह नराखी आफ्नो कानुनी कर्तव्य पूरा गर्ने कुराको प्रारम्भिक अनुमान गर्नुपर्ने कानुनी र न्यायिक संरचनाको बल निजलाई प्राप्त भएको हुन्छ जुन कुरा पुनरावेदकलाई प्राप्त भएको नहुने ।

पुनरावेदकको पक्षमा रहने निर्दोषिताको अनुमान र फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार जस्ता कानुनी प्रावधानसँग यसलाई जोड्न मिल्दैन । पहिलो अवस्थामा अभियोजक र प्रतिवादीको प्रमाण बाझिएमा के आधारमा कसले पेस गरेको प्रमाणलाई विश्वसनीय मान्नु पर्ने भन्ने कुराको निरूपणको प्रश्न विद्यमान रहन्छ भने दोस्रोमा त्यो प्रमाणले अभियुक्तको निर्दोषिताको अनुमानलाई विस्थापित गर्न सके नसकेको र वादीले अभियुक्तको कसुरलाई शङ्कारहित तवरबाट प्रमाणित गर्न सके नसकेको भन्ने कुराको निरूपणको प्रश्न रहन्छ । अतः अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । **(प्रकरण नं.५)**

विशेष अदालतले मुद्दामा प्रमाणीकरणको विवादको निरूपणको लागि उच्च माध्यमिक शिक्षा परिषद्बाटै यथार्थ बुझ्ने गरेको एउटा निरन्तरको परिपाटी नै बसेको अवस्थामा आपराधिक

दायित्वबाट बच्न यी प्रतिवादीले पछिबाट आफ्नो पहलकदमीमा कहीँकतैबाट आफ्नो पक्षमा ल्याएको जवाफबाट सम्बन्धित माध्यमिक शिक्षा परिषद्को जवाफ व्यहोरा अन्यथा हुने नदेखिने ।

एक विधिसम्मत निकायले आधिकारिकरूपमा पठाएको जवाफमा उल्लेख भएको कुरा ग्रहण नगरी पुनरावेदकले निजी तबरबाट पहल गरेर पठाउन लगाएको जवाफलाई भर गर्नुपर्ने अवस्था नहुने । **(प्रकरण नं.७)**

## १.५

| **निर्णय नं. ९४६१**<br>**संयुक्त इजलास** | **विषयः गैरकानुनी रूपमा सम्पति आर्जन गरी भ्रष्टाचार गरेको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०७२/०६/२४ |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत मोहनप्रसाद बन्जाडेको प्रतिवदेनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ५ मालिगाउँ बस्ने अर्थ मन्त्रालयका उपसचिव ईश्वरप्रसाद पोखरेलसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

लोडबेरिङ वाल सिस्टमको घर निर्माण लागतमा फ्रेम स्टक्चरको घरको निर्माण लागतमा जस्तो गरी ओभरहेड कस्ट र ठेक्का कर घटाउन मनासिब नहुने । **(प्रकरण नं.१८)**

जाँच अवधिभित्र खरिद गरेको समय यकिन नभएको अवस्थामा २०५९ सालको बजार मूल्यको आधारमा मूल्य कायम गर्नु न्यायोचित हुन नसक्ने । **(प्रकरण नं.२०)**

अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र विश्वसनीय आधारभूत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिस्ट्रेसनको लिखत हो । सो लिखतमा लेखिएको व्यहोरा अन्यथा नभएसम्म मान्नु पर्ने हुने । **(प्रकरण नं.२९)**

माग दाबी गर्दाको अवस्थामा तलबलाई स्वीकार गर्ने र पुनरावेदन तहमा आएर अस्वीकार गर्नु न्यायिक मूल्य र मान्यताको विपरीतसमेत हुने । **(प्रकरण नं.३५)**

मोही लागेको जग्गामा भूमिसम्बन्धी ऐनले निर्धारण गरेबमोजिम कुत बाली पाउने कुरामा विवाद छैन । तसर्थ मोही लागेको जग्गामा कुतको आधारमा कृषि आय गणना गरिनु मनासिब नै हुने । **(प्रकरण नं.५०)**

जग्गाको हैसियत सधै एकनासको  हुँदैन । नयाँ नयाँ प्रविधि र सिँचाइ सुविधाको कारण कृषि प्रणालीमा सुधार हुँदै आएको र त्यस्ता जग्गाहरू साबिकको पटेर/पोखर र जङ्गल नै रहिरहने अवस्था हुँदैन । विकासको क्रममा कृषियोग्य जमिनमा परिणत हुँदै आएको पाइने । **(प्रकरण नं.५२)**

छोरीचेलीले जन्मेदेखि नै माइती, मावली र अन्य आफन्तजनबाट कुनै समारोह, चाड पर्व, उत्सव, जन्मदिन समेतका अवसरमा टीकाटालोबाट नगद पाउने गर्दछन् । त्यसरी पाएको नगद पाउने व्यक्तिको नै हुने भन्ने हाम्रो नेपाली समाजको विशिष्ट चरित्र हो । अतः सम्पत्तिको स्रोत खुलाउने दायित्व भएका पुनरावेदक प्रतिवादीले बयानमा रू. ७५,०००।- टीकाटालोबापत प्राप्त गरेको भनी बयान गरेको देखिँदा विशेष अदालत, काठमाडौंले गरेको फैसला सो हदसम्म अन्यथा नदेखिँदा रू. ७५,०००।- (प्रतिवादीको आयमा गणना हुन जाने । **(प्रकरण नं.६०)**

वास्तविक न्यायको अनुभूति अदालत एक्लैको प्रयासबाट मात्र हुन सक्दैन । मुद्दा चलाउने र अनुसन्धान गर्ने अधिकारीले प्रमाण सङ्कलन र अनुसन्धानका पाटाहरू अदालतकै जिम्मामा छाड्ने र अस्पष्ट दाबी लिने जस्ता कमजोरीहरू वादी पक्षले सिर्जना गरी दिएको खण्डमा भ्रष्टाचार निवारण गर्ने ऐनको मनसाय पूरा हुन सक्दैन । प्रतिवादी पक्षले लिएको जिकिर न्यायिक, विवेकसम्मत र तार्किक छ र वादी पक्षले खण्डन गरेको छैन भने अदालतले त्यसैअनुरूप विवादको निरूपण गर्नुपर्ने हुन आउने । **(प्रकरण नं.६५)**

## १.६

| **निर्णय नं. ९४४९**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः मङ्सिर अङ्कः ८ | फैसला मितिः २०७१/०८/२९ |

पुनरावेदक/प्रतिवादीः फणिन्द्र गौतमको जाहेरीले नेपाल सरकार विरूद्ध प्रत्यर्थी/प्रतिवादी : मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं.८ घर भई हाल ललितपुर जिल्ला, हरिसिद्धि गाउँ विकास समिति वडा नं.१ (क) स्थित अन्सल चौधरी डेभलपर्सद्वारा निर्मित माउन्ट भ्यू रेसिडेन्सीमा बस्ने भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखा अधिकृत पदमा कार्यरत बद्रीनाथ श्रेष्ठ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

जग्गा खरिदबिक्री गर्दा हुने खर्च एवम् आम्दानी यकिन गर्दा लिखतमा अङ्कित मूल्यलाई आधार मानी गणना गर्दा वास्तविक र कानुनसङ्गत हुने नैं हुन्छ । वस्तुनिष्ठ प्रमाणविना हालको मूल्य भनी अनुमानको आधारमा मूल्य यकिन गर्दा अवास्तविक हुन जाने ।

प्रतिवादीले जग्गा बिक्री गरेबापत आय यकिन गर्दा लिखत मूल्य मान्ने तर तिनै प्रतिवादीले खरिद गर्दा लिखत मूल्य नमानी अनुमानको भरमा हालको प्रचलित मूल्यमा मूल्याङ्कन गर्दा एउटै विषयमा दोहोरो मापदण्ड भई असमानता हुने हुँदा सम्पत्ति खरिद एवम् बिक्री गर्दा अन्यथा प्रमाणित नभएसम्म लिखतमा अङ्कित मूल्यका आधारमा मूल्याङ्कन गर्नु न्यायोचित हुने । **(प्रकरण नं.२)**

कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्ति निजले गैरकानुनीरूपमा आर्जन गरेको भनी उजुरी परेपछि मात्र त्यस्तो सम्पत्ति विवादित सम्पत्ति मानिने हुन्छ । सम्पत्तिको स्रोत खुलेको नखुलेको

भन्ने कुरा विवादको रोहमा अदालतको अन्तिम निर्णयले ठहर हुने कुरा भएको हुँदा विवाद पर्नुअघि जसको नाममा उक्त सम्पत्ति रहेको छ कानुनीरूपमा उक्त सम्पत्ति उसैको हुनेमा विवाद रहँदैन र त्यस्तो सम्पत्तिबाट बढे बढाएको सम्पत्ति पनि त्यस्तो व्यक्तिको आम्दानीको स्रोत बन्नै नसक्ने भन्ने हुँदैन । तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न सकेको अवस्था भने हुनैपर्ने । **(प्रकरण नं.५)**

## १.७

| **निर्णय नं. ९४३३**<br>**संयुक्त इजलास** | **विषय: गैरकानुनी रूपमा सम्पति आर्जन गरी भ्रष्टाचार गरेको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५७ साल: २०७२ महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०७२/०३/२१ |

पुनरावेदक/प्रतिवादी: अनुसन्धान अधिकृत फणिन्द्र गौतमको प्रतिवदेनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : सप्तरी जिल्ला घर भई हाल काठमाडौ महानगरपालिका वडा नं. ३३ मैतीदेवी बस्ने साँफेवगर-मंगलसेन-मार्तडी सडक योजनाका का.मु. योजना प्रमुख (सिनियर डिभिजनल इन्जिनियर) पदमा कार्यरत हरेकृष्ण भगत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

वादी नेपाल सरकारले गैरकानुनी सम्पत्ति आर्जन मुद्दामा उल्लिखित दृष्टान्तको आधारमा सफाइ दिन नमिल्ने भनी पुनरावेदन जिकिर गरेको पाइन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(१) को कानुनी व्यवस्थालाई हेर्दा मनासिब आधार र कारणविना राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेमा मात्र आरोपित कसुर प्रमाणित हुने व्यवस्था भएकाले अमिल्दो र अस्वाभाविक जीवनस्तर झल्किने जीवन यापन गरेमा मात्र कसुरदार ठहर हुन सक्ने देखियो । सामाजिक पक्षलाई हेर्दा पनि व्यक्तिको पैतृक सम्पत्ति, सामाजिक हैसियत, पदीय हैसियत लगायतका कारक तत्त्वहरू नै मापनको रूपमा रहेर निजको जीवनस्तर अमिल्दो, उच्च अस्वाभाविक छ भन्ने कुराको निष्कर्षमा पुग्न मद्दत मिल्दछ । कतिपय आयका स्रोतहरू प्रतिवादीले भनेबमोजिम विश्वसनीय भए पनि समयको अन्तरालले प्रमाण कागज नहुन सक्छ । सबै कुराको कागज प्रमाण स्रेस्ता राख्नु पर्ने हाम्रो कानुनी व्यवस्था पनि छैन । तसर्थ सामाजिक कानुनी, आर्थिक तत्त्वहरूलाई दृष्टिगत गर्दा सम्पत्तिको बिगो र आयको फरक रकम १० प्रतिशतसम्म न्यून हुनुलाई अमिल्दो र अस्वाभाविक भन्न मिल्दैन । यसका अतिरिक्त प्रस्तुत मुद्दामा कुनै खास कार्य समयको वारदातको अपराध नभई अनुमानको आधारमा आय व्ययको रकम अनुमान गरी अभियोग दाबी भएकामा अनुमानको आधारमा कायम गरिएको  बिगोको आधारलाई पूर्णतया वास्तविक भएको भनी मान्न नमिल्ने । **(प्रकरण नं. ४८)**

| निर्णय नं. ९३७४<br>संयुक्त इजलास | विषयः भ्रष्टाचार (सरकारी रकम हिनामिना) |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०७१/१०/११ |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत उद्धवप्रसाद खनालको प्रतिवेदनले नेपाल सरकार विरुद्ध
विपक्षी/वादी : धनुषा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४ बस्ने विनयकुमार गामीसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कार्यालयका पदाधिकारीले जब मन लाग्यो जसरी मन लाग्यो काम गर्ने होइन । कार्यालयमा हुने कामकारबाही एउटा पद्धति र प्रचलनमा आधारित हुन्छ। प्रत्येक कामको कार्यालयमा अभिलेख रहने। **(प्रकरण नं.२२)**

कुनै योजनाको कामको कार्यालय आफैँले अनुगमन र निरीक्षण गर्न सक्तैन भन्ने देखिन्छ भने त्यस्तो आयोजना सञ्चालन गर्न नहुने कुरामा कार्यालय प्रमुख लगायत सबै सचेत रहनुपर्छ । तर योजना स्वीकृत गरेपछि त्यसलाई ऐन नियमबमोजिम सम्पन्न गराउनका लागि जिम्मेवार कर्मचारीहरूले आफ्नो दायित्वलाई इमानदारीपूर्वक निर्वहन गर्नुपर्ने । **(प्रकरण नं.३०)**

## १.९

| निर्णय नं. ९३६६<br>संयुक्त इजलास | विषयः गैरकानुनी रूपमा सम्पति आर्जन गरी भ्रष्टाचार गरेको |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०७१/०९/२१ |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत केदारनाथ शर्माको प्रतिवेदनले नेपाल सरकार विरुद्ध
विपक्षी/वादी : साबिक महोत्तरी जिल्ला डाम्ही महेशपुर गा.वि.स. वडा नं. १ घर भई हाल धनुषा जिल्ला जनकपुर नगरपालिका -४ स्थायी ठेगाना भएका शिक्षा तथा खेलकूद मन्त्रालयको सहसचिव पदमा कार्यरत वीरेन्द्रकुमार सिंहसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

आय र व्ययको हिसाब गर्दा विभिन्न घरायसी व्यवहार, सम्पत्तिको व्यक्तिगत लेखा जोखा राख्नुपर्ने दायित्वयुक्त व्यवस्था सुरूदेखि नै नरहेको जस्ता कारक तत्त्वहरूलाई बिर्सेर निरपेक्षरूपले आय व्ययको निर्धारण गर्नु न्यायोचित मान्न नसकिने हुँदा कतिपय अवस्थामा न्यायोचित अनुमानको आधारमा आय व्यय निर्धारण गर्नुपर्दा आय र व्ययको फरक रकमले मात्र राष्ट्रसेवक प्रतिवादीको उच्च जीवनस्तरलाई निर्धारण गर्न नसकिने ।

कतिपय यस्ता स्रोतहरू हुन्छन् जसबाट व्यावहारिकरूपमा आम्दानी त भएको हुन्छ तर कागज प्रमाण हुँदैनन् । कागज प्रमाणको अभावमा यो यो शीर्षकबाट यति यति आय भयो भनी निष्कर्ष निकाल्न कठिनाइ हुने हुँदा कतिपय आयका स्रोत एवम् खर्चको रकम न्यायिक अनुमानबाट पनि यकिन गर्नुपर्ने । **(प्रकरण नं.२४)**

जुन स्रोतहरू प्रतिवादीले व्यक्त गरेबमोजिम विश्वसनीय भए पनि समयको अन्तरालले सम्बन्धित कागज प्रमाण व्यक्तिको साथमा रहिरहन नसक्ने हुनाले विनाप्रमाण आयमा समावेश गर्न पनि नसकिने र आयमा समावेश नगरेको अवस्थामा व्यक्तिलाई मर्का पर्न जाने अवस्थाको विद्यमानता रहेको हुनाले आय र व्ययको रकम निर्धारण गर्दा न्यायिक सद्विवेक प्रयोग हुनु जरूरी र सान्दर्भिक हुने । **(प्रकरण नं.२५)**

## १.१०

| **निर्णय नं. ९१४९**<br>**संयुक्त इजलास** | **विषय: अधिकार दुरुपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५६ साल: २०७१ महिना: साउन अङ्क: ४ | फैसला मिति: २०६९/०७/२७ |

पुनरावेदक/प्रतिवादी: अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत शिवबहादुर क्षेत्रीको प्रतिवेदनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : गुल्मी जिल्ला, अर्जे गा.वि.स. वडा नं. २ घर भई हाल का.म.न.पा. वडा नं. ३४ बुद्धनगर डेरा गरी बस्ने श्रम तथा रोजगार प्रबर्द्धन विभागको शाखा अधिकृत (अनुसन्धान अधिकृत) गणेश अर्यालसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

आफ्नो नाममा जग्गा खरिद भई घर निर्माणको लागि नक्सा पास गरेको भए पनि निर्माण सम्पन्न हुनुअगावै ससीमरूपमा सम्पूर्ण घर जग्गा बिक्री गरी अर्काका नाममा गएको र खरिदकर्ताले विक्रेताकै हो भनी स्वामित्व समर्पण नगरेको अवस्थामा पनि प्रतिवादीले बिक्री गरेपश्चात् पनि निजकै स्वामित्वमा रहेको मान्ने कुनै कानुनी एवं विवेकसङ्गत आधार रहेन । यस्ता तर्क गर्ने हो भने बिक्री गरेर पनि बिक्री नहुने र बिक्री गरेपश्चात् पनि बिक्रेताले बिक्री भएको सम्पत्तिउपर आफ्नो हकको दाबी गर्न सक्ने अनौठा सम्पत्ति सम्बन्धी कानुनी अवधारणा विकसित हुन जान्छ । कसैको नाममा सम्पत्ति लुकाउने कुरालाई बेग्लै कानुनको माध्यमद्वारा नियमित गर्ने व्यवस्था भएमा बाहेक भइरहेका कानुन र विधिशास्त्रमा स्वीकृत नभएको यस्तो तर्क गर्ने हो भने सम्पत्तिसम्बन्धी कानुनको आधारभूत जग नै भत्किन जाने र कोही पनि जग्गाधनी वा सम्पत्तिको मालिक कानुनीरूपले सुरक्षित नरहने अवस्था आउँछ । यस्तो अप्रत्याशित तर्क गर्नुले समाजलाई समग्ररूपमा विचलित गराउन सक्ने हुनाले समेत आरोपपत्रको मागबमोजिम नारायण कार्कीको नाममा विधिवत् गई सकेको सम्पत्तिमा प्रतिवादी गणेश अर्यालको हक रही रहेको भन्ने जिकिर सर्वथा स्वीकार्य भएन । तसर्थ त्यस सम्बन्धमा विशेष अदालतको निष्कर्षमा असहमत रहनुपर्ने कारण नदेखिने । **(प्रकरण नं. ९)**

खाता खोली बैङ्किङ कारोबार गर्नु स्वाभाविकरूपमा भई रहने कुरा हो। त्यो सञ्चय वा सुरक्षा वा जुनसुकै कारणले खातामा जम्मा गरी कारोबार गरिदिएको हुन सक्छ । खाताबाट झिकिएका रकमहरू आफ्नो फौज्दारी दायित्वबाट बच्ने उद्देश्यले कतै लुकाएको भन्ने हो भने त्यो तथ्यगत हिसाबले नै पुष्टि गर्नुपर्ने हुन्छ । खाताबाट रकम झिकिनु नै रकम लुकाएको अनुमानको आधार बन्न सक्तैन । यस्ता प्रश्नहरूमा अपराध अनुसन्धानको पक्ष सतही नबनी गम्भीर र क्षमतावान हुन जरूरी छ। यथार्थमा कुनै राष्ट्रसेवकले अमुक सम्पत्ति कति आर्जित गऱ्यो भन्ने प्रयोजनको लागि तत्काल कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्याङ्कन गरिने हो न कि कति थियो वा हुन सक्थ्यो होला भनी अनुमान गर्ने हो । यसरी हेरेमा विशेष अदालतले उक्त प्रश्नमा गरेको निष्कर्ष त्रुटिपूर्ण भन्न मिल्ने देखिँदैन । **(प्रकरण नं. १०)**

आरोपपत्रमा प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने भनी अन्य कुनै पनि सम्पत्ति देखाइएको र दाबी गरिएको पाइँदैन । दाबी लिने सम्बन्धित निकायले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति नदेखाएको अवस्थामा थप विवेचना गरिरहनु परेन । यस अदालतबाट यसअघि फैसला भएका यस्तै प्रकृतिका मुद्दाहरूमा कायम भएका न्यायिक सिद्धान्तअनुकूल विशेष अदालतबाट मूल्याङ्कन कायम गरिएको देखिन्छ । बैङ्क नगद सम्बन्धमा प्रतिवादीले ब्याजको रकम पनि परेकोले स्रोत पुष्टि गर्ने रकम कमी भएको जिकिर लिएको अवस्था नभएको अवस्थामा प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने कूल सम्पत्ति रू. ४१,६८,८८१। कायम गरेको मनासिब देखिन आउने । **(प्रकरण नं. १२)**

अभियोजन गर्ने वादीले नै बाबु, दाजु, भाइ लगायत अंशबन्डा नछुट्टिएका सबै अंशियारको सम्पत्ति तथा आयलाई एउटै बास्केटमा राख्ने गरेको अवस्थामा यस अदालतले यो मुद्दाको हकमा अभियोजन दाबी प्रतिकूल हुने गरी विनाआधार प्रमाण अन्यथा भन्ने अवस्था देखिन नआउने ।

मूलतः वादी पक्षले प्रतिवादीले गैरकानुनीरूपमा आय प्राप्त गरेको भनी अभियोग लगाउनुपूर्व निजको तात्कालिक निजी पारिवारिक आय र सम्पत्ति तथा निजको आफ्नो समग्र आयको वासलात वार्षिकरूपमा के कस्तो थियो भनी खुलाउन सकेको भए निजको आयको वैधता वा अवैधताको स्थिति प्रष्ट हुने थियो । अनुसन्धानको चरणदेखि नै बुझिएका परिवारका सदस्य भनेका व्यक्तिहरूलाई अविभाजित संयुक्त परिवारको सदस्य मानी बयान बरबुझारथ गरी सगोलमा नै आयको आँकलन गरी अभियोग लगाइएको अवस्था हुँदा अब प्रतिवादीलाई पारिवारिक सयुंक्त आयको लिखतबाट छुट्याउन मिल्ने अवस्था नरहने । **(प्रकरण नं. १५)**

## १.११

| **निर्णय नं. ८८८६**<br>**संयुक्त इजलास** | **विषयः गैरकानुनी सम्पत्ति भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५४ सालः २०६९ महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०६९/०९/२५ |

पुनरावेदक/प्रतिवादी: पुनरावेदक/वादी: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत गोविन्दबहादुर श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : विपक्षी/प्रतिवादी : जिल्ला दाङ, मानपुर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं. ९, वत्तीसपुतली बस्ने युवराज शर्मासमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सरकारवादी फौजदारी मुद्दाको आधारभूत र मूल दाबी भनेको अभियोगपत्र वा आरोपपत्रमा लिइएको दाबी नै हो । त्यसैका आधारमा नै अदालतबाट अभियोग दाबीअनुसार सजाय हुने वा नहुने भनी ठहर हुने । **(प्रकरण नं.६)**

प्राइभेट कम्पनीको शेयर किनबेच संस्थापकहरूसँग सम्बन्धित नातेदार, साथीभाइ वा चिनेजानेका व्यक्तिबीच गोप्य र अनौपचारिक तबरबाट हुनसक्ने अवस्थालाई इन्कार गर्न सकिँदैन । शेयर किनबेचका लागि सम्बन्धित नियमनकारी निकायको पूर्व अनुमति नचाहिने हुँदा सम्बन्धित कम्पनी र कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेखबाट प्रतिवादीको नाममा उक्त कम्पनीको शेयर स्वामित्व नदेखिएको भन्ने आधारले मात्र विवाद पर्नु अगावै स्वतन्त्ररूपमा प्रतिवादीले आधिकारिक निकायमा पेस गरेको विवरण अन्यथा हो भन्न नमिल्ने । **(प्रकरण नं.२२ र २३)**

गैरकानुनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानुनीरूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने ।

आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्तिसमेत स्वतः गैरकानुनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ । त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन । बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सिर्जना हुन आउँछ, जुन कानुनसम्मत हुन नसक्ने । **(प्रकरण नं.३२)**

फौजदारी मुद्दामा अदालतले अभियोग दाबी लिइएको भन्दा बढी प्रतिवादीलाई सजाय हुने गरी निर्णय दिन मिल्दैन । त्यसो गरिनु न्यायका मान्य सिद्धान्तअनुरूप पनि हुँदैन । तथापि माग दाबी लिइएको सजायको दायराभित्रै रही मिसिल संलग्न सबुदप्रमाणको वस्तुनिष्ठ मूल्याङ्कनका आधारमा न्यायिक निष्कर्षमा पुग्ने अधिकार अदालतमा अन्तर्निहित रहेको हुन्छ । अभियोग पत्रमा लिइएको मूल दाबीको सीमाभित्र रही मिसिल संलग्न तथ्यप्रमाणको मूल्याङ्कन र विश्लेषण गरी प्रतिवादीको आयस्रोत, सम्पत्ति तथा खर्चको समुचित निष्कर्ष निकालिनु प्रचलित कानुन र स्थापित न्यायिक सिद्धान्तअनुरूप नै हुने । **(प्रकरण नं.३६)**

## १.१२

| निर्णय नं. ८८७४<br>पूर्ण इजलास | विषयः भ्रष्टाचार |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५४ सालः २०६९ महिनाः मङ्सिर अङ्कः ८ | फैसला मितिः २०६९/०५/२८ |

पुनरावेदक/प्रतिवादीः जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका, वडा नं. १६ बस्ने महेश चापागाई विरुद्ध विपक्षी/वादी : प्रत्यर्थी/वादीः रोहिणीकुमारी उपाध्याय समेतको जाहेरीले नेपाल सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

दोहोरो खतराको सिद्धान्तले मूलतः उही व्यक्तिका विरुद्धमा उही कसुरमा पहिले नै कारबाही भई सजाय पाइसकेको वा सफाइ पाइसकेको अवस्थालाई इङ्गित गर्दछ । यस आधारमा यो सिद्धान्त पूर्वनिर्णयसँग सम्बन्धित देखिन्छ । यो सिद्धान्त आकर्षित हुनका लागि मुख्यरूपमा सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने, निर्णय अन्तिम भएको हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छसमेत हुनुपर्ने । **(प्रकरण नं.७)**

अमुक कानुनी सिद्धान्तलाई आड बनाएर आपराधिक क्रिया गर्ने वा त्यस्तो क्रियामा संलग्न व्यक्तिलाई उन्मुक्ति दिने सोच आफैंमा कपटपूर्ण हुने ।

आफू संलग्न आपराधिक क्रियाको यथार्थ बोध नगरी केवल अमुक कानुनी सिद्धान्तको आड लिएर आफ्नो दूषित मनसायअनुसारको क्रिया गर्ने प्रवृत्ति फौजदारी न्याय व्यवस्थाका लागि चुनौतीका रूपमा रहेको हुन्छ । त्यसैले त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्नु पनि फौजदारी कानुनको उद्देश्य रहने । **(प्रकरण नं.८)**

दुबै मुद्दामा पीडित पक्ष फरकफरक रहेका छन् भने भ्रष्टाचार र ठगी मुद्दामा अपराधको प्रकृति र गम्भीरता, त्यसमा हुने सजाय र बिगो, पीडित पक्षलाई प्रदान गरिने उपचारमा पनि फरकफरक अवस्थाको विद्यमानता रहेको छ । दुबै मुद्दा सरकारवादी भई चल्ने भए पनि भ्रष्टाचार मुद्दामा भ्रष्टाचार निवारणसम्बन्धी कानुनी व्यवस्था आकर्षित हुन्छ भने ठगी मुद्दा, मुलुकी ऐन, ठगीको महलअन्तर्गत पर्ने ।

दुई छुट्टाछुट्टै कानुनद्वारा परिभाषित अपराधअन्तर्गत पर्ने कसुरका हकमा ती छुट्टछुट्टै कानुनद्वारा तोकिएबमोजिम मुद्दा परिचालित हुने अवस्था भएमा दोहोरो खतराको सिद्धान्त लागु नहुने ।

एउटै तथ्यबाट एकभन्दा बढी कसुर हुन सक्दछन् । यसरी समग्र तथ्य र सम्बद्ध कानुनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्थासमेतका आधारमा फरकफरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने । **(प्रकरण नं. १०)**

कसैले कानुनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग-अलग कानुनले अलग-अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसुर मानेर एउटा मात्र कानुनअन्तर्गत कारबाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने । **(प्रकरण नं. ११)**

भ्रष्टाचार मुद्दा र ठगी मुद्दामा उनै व्यक्तिहरू संलग्न रहेको र प्रतिवादी कायम गरिएको भए पनि उनीहरूले फरकफरक हैसियतबाट आपराधिक कार्य गरेको देखिएको अवस्थामा बिगोको हकमा भने ठगीको घटनाबाट पीडित भएका व्यक्तिलाई पुगेको हानि र भ्रष्टाचार मुद्दामा भ्रष्टाचारजन्य क्रिया गरिएको भनिएको अङ्क एउटै भएकाले त्यसलाई दुबै मुद्दामा बिगोको रूपमा कायम गर्न मनासिब नहुने । **(प्रकरण नं. १३)**

भ्रष्टाचारको कसुरमा बिगोसमेतको दाबी लिई अभियोग दायर भएको अवस्थामा जरिमानाको सजायसम्म हुने ठहराई बिगोको हकमा ठगी मुद्दाको फैसलाबमोजिम हुने भनी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने । **(प्रकरण नं. १४)**

मौकामा र अदालतमा समेत उपस्थित भई एउटा व्यहोराको बयान दिने, सो बयान व्यहोरालाई कानुनी प्रक्रियाबाटै अन्यथा हो भनी पुष्टि नगरी सामान्य निवेदन प्रेषित गरेर आफ्नो पूर्व बयान व्यहोरालाई अन्यथा भनी उल्लेख गर्दैमा त्यस्तो पछिल्लो अभिव्यक्तिले प्रामाणिक महत्त्व ग्रहण गर्न नसकिने । **(प्रकरण नं. २४)**

## १.१३

| **निर्णय नं. ८७७०**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५४ सालः २०६९ महिनाः जेठ अङ्कः २ | फैसला मितिः २०६९/०२/०९ |

पुनरावेदक/प्रतिवादीः काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका, वडा नं. १० बानेश्वर बस्ने लीलाराज गौतमसमेत विरुद्ध विपक्षी/वादी : प्रत्यर्थी/वादीः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत दिनेशहरि अधिकारीको प्रतिवेदनले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

व्यक्तिगतरूपमा लेखिएका र परीक्षण गर्न नसकिने निजी डायरीलाई कानुनबमोजिमको अकाट्य प्रमाणको रूपमा ग्रहण गर्दै जाने हो भने त्यसले गलत संस्कार र कृत्रिम प्रमाणको सिर्जनालाई बढावा दिने हुँदा अदालतले त्यस्ता कृत्रिम र बनावटी प्रमाणको सिर्जना हुने प्रक्रियालाई अपनाउन र प्रोत्साहन गर्न नहुने । **(प्रकरण नं.२७)**

जाँच अवधिमा आफूले आर्जन गरेको सम्पत्ति छोरा र श्रीमतीलाई बन्डा लगाइदिएकै कारणले त्यसको स्रोत पुष्टि गर्नुपर्दैन भन्ने तर्कलाई स्वीकार्ने हो भने सार्वजनिक पदमा रहेका हरेक व्यक्तिले जुनसुकै व्यहोराले आर्जन गरेको सम्पत्ति त्यसरी नै हक हस्तान्तरण गरेर स्रोत पुष्टि गर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहने । **(प्रकरण नं.३०)**

पति पत्नी र छोरा छोरीहरूबीच अंशबन्डाको लिखत पारित गरी छुट्टि भिन्न भएको देखिए पनि भ्रष्टाचार मुद्दाको प्रयोजनको लागि त्यस्तो बन्डापत्रमा लेखिएका सम्पत्तिहरूको स्रोत पुष्टि गर्ने दायित्वबाट उन्मुक्ति नहुने । **(प्रकरण नं.३२)**

सम्पत्तिको स्रोतलाई कानुनी आवरणले ढाकी हालैको बकसपत्र भन्ने शब्द लिखतमा उल्लेख गरेकै आधारमा त्यस्तो सम्पत्तिलाई भ्रष्टाचार मुद्दाको प्रयोजनको लागि बकसपत्रबाट आएको मानी त्यसको स्रोत खोज्नु नपर्ने भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं.३४)**

आयोगले अभियोग दाबी गर्ने हकलाई विशेषाधिकार मानी मन लागे छुट दिने र मन नलागे दाबी गर्ने मनोमानी र स्वेच्छाचारिता देखाउन सक्तैन । कानुन, न्याय र विवेकको अधीनमा नरही अभियोगपत्र दायर गर्ने हो भने न्यायले स्वच्छता गुमाउँदछ । यसलाई गम्भीर जिम्मेवारी सम्झेर आयोगले अनुसन्धान एवम् अभियोजन गर्न सक्नु पर्दछ । अन्यथा अरूमाथि अख्तियारको दुरुपयोगको दाबी गर्ने आयोगका पदाधिकारी वा कर्मचारीहरू स्वयम् पनि त्यस्तो दोषको भागीदार हुनसक्ने अवस्था नआओस् भनी सतर्क रहनु पर्ने । **(प्रकरण नं.३५)**

बकस दिनुपर्ने कुनै कारण नै नभई मूल्य लिएर लिखतमा हालैदेखिको बकसपत्र भनी उल्लेख गरी झूठो व्यवहार देखाउने दाताले पनि सम्पत्तिको स्रोत लुकाउन मद्दत गरेको देखिन्छ । तर वादीले त्यस्ता दाताउपर कुनै कारबाही र दाबी गरेको नदेखिएको अवस्थामा अदालतले त्यस्ता दाताको हकमा अन्यथा गर्न मिलेन । त्यसैले विशेष अदालतले जग्गाहरूलाई खरिद मानेको फैसला प्रस्तुत मुद्दाको प्रयोजनको सन्दर्भमा मिलेकै देखिने । **(प्रकरण नं.३६)**

ठूलो परिमाणको सुन किन्न सक्नेले अर्काको लकरमा सुन राख्न दिएको भन्ने बयान आफैंमा विश्वासप्रद नदेखिने हुँदा आफ्ना गठमेलका मानिसहरूलाई मिलाई जुनसुकै समयमा तयार पार्न सकिने घरायसी बनावटी कागज खडा गरी गराई आफूले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको मूल्य घटाउने उद्देश्यले अपुष्ट बयान गरेको र गर्न लगाएकै भरमा प्रतिवादीकै नामको बैंक लकरमा भएका सुनलाई उनाउ व्यक्तिको भन्न नमिल्ने । **(प्रकरण नं.४१)**

काठमाडौं जस्तो स्थानमा पाँचवटा घर भएको र भाडाबाट अस्वाभाविक र उल्लेख्य परिमाणको आय प्राप्त गरेको जिकिर लिइन्छ भने त्यसलाई व्यवसायकै रूपमा मान्नु पर्ने हुँदा मौखिक जिकिरका भरमा आय प्रदान गर्न मिल्दैन । ठूलो परिमाणमा घर भाडा प्राप्त गरेको भन्ने व्यक्तिले घर भाडामा दिएको सम्झौता तथा कर तिरेको प्रमाण पेस गर्नुपर्ने । **(प्रकरण नं.४६)**

अपुष्ट, अतार्किक र हचुवा आधारमा गरिने कल्पनाबाट अदालत सन्तुष्ट हुन सक्तैन । वस्तुनिष्ठ आधारविना नै हचुवाको आधारमा लिइने दाबीलाई कानुनसङ्गत मान्न नसकिने । **(प्रकरण नं.४८)**

आफ्नो जिकिरलाई वस्तुपरक र कानुनले मान्यता दिएका प्रमाणबाट पुष्टि वा खण्डन गर्न तथ्ययुक्त र वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा मुद्दाका पक्षले अपुष्ट भनाइ राखेकै आधारमा अदालतले पनि त्यसै गर्ने अवस्था नरहने । **(प्रकरण नं.४९)**

कृषि आयको निर्धारण सम्बन्धमा सरकारीस्तरबाट छुट्टै वैज्ञानिक मापदण्ड निर्धारण नभएको स्थितिमा त्यसको आय निर्धारण गर्नुपर्ने स्थिति सिर्जना भएमा सरकारीस्तरबाट नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मोहीले जग्गाधनीलाई बुझाउनु पर्ने कुतको दरलाई नै कृषि आय निर्धारण गर्ने आधार बनाउनु पर्ने । **(प्रकरण नं.५०)**

घडेरी प्रयोजनका लागि खरिद भएका जग्गाहरू आयस्रोत बढाउने उद्देश्यले व्यावसायिकरूपमा धान र गहुँलगायत तरकारी उत्पादनको खेती गर्ने कार्य गरेको भनी वस्तुनिष्ठ आधारविना जिकिर गरेकै भरमा विश्वास गर्न नसकिने । **(प्रकरण नं.५१)**

विदेशबाट प्राप्त भएको रकम के कसरी देशभित्र भित्रिएको हो र सो रकमको स्रोत के हो भन्नेतर्फ ध्यान नदिने हो भने अवैधानिक रकमले स्वतः कानुनी आवरण प्राप्त गर्ने हुँदा विदेशबाट रकम प्राप्त भएको भनी दाबी गर्ने पक्षले त्यस्तो रकमको स्रोतलाई पुष्टि गर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने । **(प्रकरण नं.५६)**

## १.१४

| | |
|---|---|
| **निर्णय नं. ८६३६**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
| नेपाल कानुन पत्रिका<br>भागः ५३ सालः २०६८ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०६८/०२/२५ |

पुनरावेदक/प्रतिवादीः जिल्ला पर्सा, वीरगञ्ज उ.म.न.पा. वडा नं. १५ बस्ने ध्रुवकुमार कार्की विरुद्ध विपक्षी/वादीः अ.दु.अ.आ.को तर्फबाट अनुसन्धान अधिकृत प्रतापकुमार श्रेष्ठको प्रतिवेदनले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सामान खरिद गर्दा नगरपालिकाको बोर्डको निर्णय वा नगर प्रमुखको आदेशविना खरिद हुन सक्ने कानुनी अख्तियारी नै देखिन्न र त्यसरी खरिद भएको भन्ने पनि छैन । नगरपालिकाद्वारा खरिद गरिएको सामानमा भ्रष्टाचार भएको भए सामान खरिद गर्न आदेश दिने वा अनुमोदनको निर्णय गर्ने मुख्य निर्णयकर्ता पदाधिकारीले नै पहिलो जिम्मेवारी लिनुपर्ने ।

निर्णयकर्तालाई निर्णयका सम्बन्धमा कुनै जिम्मेवार नगराई निर्णय कार्यान्वयन गर्नेलाई मात्र जिम्मेवार बनाउनु न्यायसङ्गत देखिन्न । निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिई मातहतका कर्मचारीहरूलाई मात्रै जिम्मेवार बनाउँदा पूरा तबरले इन्साफ हुन नसक्ने । **(प्रकरण नं.९)**

एउटै विवादमा फरकफरकरूपमा संलग्न रहेका व्यक्तिहरूमध्ये निर्णय गर्नेलाई पूर्ण उन्मुक्ति दिई निर्णयको कार्यान्वयन गर्नेलाई मात्र बदनियतपूर्ण काम गरेको ठान्नु सरासर अन्याय हुन जान्छ । निर्णय गर्नु र गरेको निर्णयको कार्यान्वयन गर्नु फरक कुरा हो । त्यसमा पनि निर्णयकर्ताले गरेको निर्णय कार्यान्वयन गर्ने दायित्व बोकेका पदाधिकारीले प्रक्रियागतरूपमा कार्यान्वयनको तहगत

प्रक्रिया पूरा गर्ने कार्यसम्म गरेको र भुक्तानी हुनबाट मौकामा नै रोकेकोबाट यस्तो अधुरोरूपमा निर्णय कार्यान्वयन गर्नेलाई सजाय गरी निर्णयकर्ताको हकमा विचार हुन नसक्ने स्थिति सिर्जना गर्न कानुन र न्यायसङ्गत नहुने । **(प्रकरण नं.१०)**

### १.१५

| **निर्णय नं. ८५८३**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५३ सालः २०६८ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०६७/०५/२९ |

पुनरावेदक/प्रतिवादीः रूपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. ६ बस्ने दुर्गादत्त सिग्देल विरुद्ध विपक्षी/वादी : विपक्षी वादीः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत मधुसुदन भट्टराईको प्रतिवेदनले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कसैको नाममा दर्ता नभएको जग्गा सार्वजनिक पर्ती, ऐलानी जे जस्तो नाम दिएको भए पनि त्यस्तो जग्गा आफ्नो नाममा दर्ता गराउने कार्य रीतपूर्वकको मान्न नसकिने ।

आफ्नो नाममा विधिवतरूपमा आउन नसक्ने तथा अदालतले समेत हक स्थापित गराई दिन नसकेको जग्गालाई जबरजस्ती आफ्नो नाममा ल्याउने प्रयास गर्ने कार्य असल नियतसाथ गरेको भन्न नमिल्ने । **(प्रकरण नं.४)**

एक जिम्मेवार अधिकारीले वस्तुस्थिति एवं प्रमाण बुझी कानुनबमोजिम गर्नुपर्ने कार्य कसैले भन्यो भनेर प्रमाण बुझ्दै नबुझी गर्दछ भने त्यस्तो कार्यको जिम्मेवारी आफूले नै लिनुपर्ने ।

कुनै ठोस आधार र कारणविना नै आफूले गरेको कार्यको जिम्मेवारी अर्कैमा सार्ने र सो कार्यबाट त्यस्तो अधिकारीलाई उन्मुक्ति दिने हो भने प्रशासनिक उत्तरदायित्व एवं जबाफदेहीसम्बन्धी अवधारणामा नै नकरात्मक असर पर्न गई कर्मचारीहरूमा वेथिति एवं गैरजिम्मेवारपन नबढ्ला भन्न नसकिने । **(प्रकरण नं.५)**

### १.१६

| **निर्णय नं. ८३८१**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५२ सालः २०६७ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०६६/१०/१७ |

पुनरावेदक/प्रतिवादी: रूपन्देही जिल्ला कन्हरिया गा.वि.स.वडा नं. २ घर भई हाल बुटवल नगरपालिका वडा नं. ७, तत्काल कारागार शाखा जगन्नाथ देवल त्रिपुरेश्वरमा थुनामा रहेको तुल्सीराम पाण्डे विरुद्ध प्रत्यर्थी/वादी: नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल सरकारको निर्णयले मिलेमतो गरी योजनाबद्ध ढङ्गले गरिएको भ्रष्टाचारजन्य फौजदारी अभियोगबाट कसैलाई उन्मुक्ति दिएको भन्न नमिल्ने ।

ऐनविपरीत नेपाल सरकारले निर्णय गर्न सक्दैन र गरिएको निर्णयबाट प्रचलित ऐनको व्यवस्था प्रभावहीन भएको अर्थ गर्न पनि नमिल्ने । **(प्रकरण नं.४)**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४५ ले कुनै राष्ट्रसेवक आफू पदमा बहाल रहेको अवस्थामा गरेको कसुरजन्य कार्यको सम्बन्धमा निजले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि निजउपर उक्त ऐनअन्तर्गत मुद्दा चलाउन सकिने स्पष्ट कानुनी व्यवस्था गरेकाले सरकारी राजस्व हानि हुने गरी गरेको कसुरको अभियोगमा भ्रष्टाचार निवारण ऐनअन्तर्गत अभियोग लगाई कारबाही गर्न सक्ने । **(प्रकरण नं.१०)**

टिप्पणी उठाउने काम एक व्यक्तिबाट भएको र अर्को व्यक्तिले सो टिप्पणीमा सही भएको तथ्यलाई स्वीकार गर्नुलाई मात्र भ्रष्टाचारको कसुर गरेको आधारको रूपमा मान्न नमिल्ने ।

आपराधिक मिलेमतो भएको कुरा सबुद प्रमाणबाट नदेखिएको अवस्थामा एउटा कर्मचारी भएकै कारण आरोपित कसुर गरेको ठहराउन नमिल्ने । **(प्रकरण नं.१५)**

### १.१७

| | |
|---|---|
| **निर्णय नं. ८३४०**<br>**संयुक्त इजलास** | **विषय: भ्रष्टाचार** |
| नेपाल कानुन पत्रिका<br>भाग: ५२ साल: २०६७ महिना: साउन अङ्क: ४ | फैसला मिति: २०६६/१०/०५ |

पुनरावेदक/प्रतिवादी: भोजपुर जिल्ला चरम्बी गा.वि.स.वडा नं.१ घर भई हाल का.जि. का.म.न.पा.वडा नं.१० बस्ने प्रदीप अधिकारी विरुद्ध प्रत्यर्थी/वादी: अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत कुमुद शर्माको प्रतिवेदनले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकिर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निजउपर नै हुन्छ। खल्तीबाट घुसको रकम बरामद भएको अवस्थामा घुस रिसवत लिएको होइन भनी जिकिरसम्म लिएको तर त्यसलाई

कुनै वस्तुनिष्ठ प्रमाण पेस गरी प्रमाणित गर्न नसकेकाले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमतिबेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने । **(प्रकरण नं. ५)**

गर्नुपर्ने काम यथासमयमा नगरी घुसको माग गरेकाले अधिकार प्राप्त निकायबाट नोटहरू लिएर घुसबापत प्रतिवादीलाई दिएका क्रियाहरू आरोपित कसुरका लागि गरिने अनुसन्धान प्रक्रियाका अङ्ग हुन् र कानुनअनुकूल नै सम्पन्न भएकाले अभियोजन पक्षको नियत र अनुसन्धान कारबाहीमा दूषित मनसाय र कानुनी त्रुटिसमेत देखिन नआएकोले त्यसको आधारमा एकत्रित प्रमाणहरू आरोपित कसुर प्रमाणित गर्नका लागि प्रमाणको रूपमा ग्रहणयोग्य देखिन्छन् । घुसको रकम, रङ्गे हात पक्राउ परेको स्कुल दर्ता गर्ने क्रममा घुस, रिसवत मागी लिएको अवस्थामा त्यस्तो रिसवत लिने राष्ट्रसेवक कर्मचारी कानुनबमोजिम सजायको भागी हुने । **(प्रकरण नं.६)**

## १.१८

| **निर्णय नं. ८२०५**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५१ साल: २०६६ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०६६/०५/०७ |

पुनरावेदक/प्रतिवादी: सिराहा जिल्ला, वेल्हा गा.वि.स वडा नं ८ बस्ने राजकुमारलाल कर्ण समेत विरुद्ध प्रत्यर्थी वादी: जिल्ला प्रशासन कार्यालय सिराहाको पत्रले नेपाल सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

मरिसकेको व्यक्तिको नाममा रहेको जग्गा निजका कानुनी र वास्तविक हकदार छोरासमेतको सहमतिबेगर अर्को उनाउ व्यक्तिलाई जग्गाधनी खडा गराई गैरकानुनीरूपमा मिलेमतो गरी सरकारी कर्मचारीसमेतको प्रत्यक्ष संलग्नतामा वास्तविक जग्गाधनी र निजको हकदारको हक मेट्ने एवं गैरकानुनी हानि पुऱ्याउने र गैरकानुनीरूपमा लाभ पुऱ्याउने उद्देश्यबाट लिखत पारित गर्ने गरी भएको क्रियाहरू तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा दफा ८ समेतको परिधिभित्रै पर्ने । त्यस्तो कसुरजन्य कार्यलाई व्यक्तिगत सम्पत्ति लिनुदिनु गरेको विषयभित्र सीमित गरी व्यक्तिगतरूपमा मुद्दा गरी निरूपण गर्नुपर्ने भनी अर्थ गर्दा भ्रष्टाचारजन्य क्रियाहरूको सङ्कुचित परिभाषा हुन गई गैरकानुनी, अनधिकृत एवं भ्रष्टाचारजन्य क्रियाहरूले नै प्रश्रय प्राप्त गर्ने । **(प्रकरण नं. १०)**

## १.१९

| **निर्णय नं. ८२००**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५१ साल: २०६६ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०६६/०७/०५ |

पुनरावेदक/प्रतिवादी: मोहनप्रसाद वन्जाडेको प्रतिवेदनले नेपाल सरकार विरुद्ध प्रत्यर्थी/प्रतिवादी: काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ५ मालीगाउँ बस्ने अर्थ मन्त्रालयका उपसचिव ईश्वरप्रसाद पोखरेलसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

राष्ट्रसेवकको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरू कसैलाई आफ्नो हैसियतभन्दा बढी दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको विषयलाई छुटै कसुरका रूपमा नराखिएको र त्यसलाई सजायको व्यवस्था पनि नगरिएको भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं.३)**

साबिक ऐनले पनि कसुरको संज्ञा दिई त्यसका लागि सजायसमेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिँदै साबिक ऐनले निश्चित गरेको सजायभन्दा हालको ऐनले कम सजाय तोकेको स्थितिमा एउटै क्रियालाई साबिक र हालको ऐनले फरक-फरक नामकरण गरेको भन्ने मात्र आधारमा Ex Post Facto Laws को प्रसङ्ग उठाउनु सान्दर्भिक नदेखिने । Ex Post Facto Laws का आधारभूत मूल्य मान्यतालाई हाम्रो संवैधानिक व्यवस्थाले पूर्णरूपमा आत्मसात् गरेको अवस्थामा त्यससम्बन्धी अन्यत्रका सन्दर्भ र प्रसङ्गहरूलाई आधार बनाउनु पर्ने अवस्था नहुने । **(प्रकरण नं.४)**

कानुन बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानुन बनाई अपराध मानिएमा, पहिले सानो र कम गम्भीर हुने कसुरलाई पछि ठूलो र बढी गम्भीर कसुर कायम गरिएमा, पहिले कम सजाय हुने कसुरलाई बढी सजाय कायम गर्ने गरी कानुन निर्माण गरिएमा, प्रमाणसम्बन्धी कानुनी नियमहरूमा फेरवदल गरी कसुर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानुन निर्माण गरिएमा मात्र त्यस्तो कानुनलाई Ex Post Facto कानुन मानिने हुँदा त्यस्तो कानुनलाई अदालतले अमान्य गर्न सक्ने । **(प्रकरण नं.५)**

भ्रष्टाचारजन्य क्रियालाई उन्मुक्ति प्रदान गर्ने किसिमबाट ऐन तर्जुमा गरी लागु गरिएको होला भनी अन्यथा अनुमान गर्दा त्यसले भ्रष्टाचार र दण्डहीनतालाई प्रोत्साहित गर्ने, सुशासनको राष्ट्रिय प्रतिबद्धतामा आँच पुग्ने र कानुनी राज्यको अवमूल्यन हुने । **(प्रकरण नं.६)**

सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउने वा लगाई राखेकोलाई चालु राख्ने वा हेरफेर गर्नेसम्मको उद्देश्य ग्रहण गरेको सन्दर्भमा संविधानले सिर्जना गरेको संवैधानिक अङ्गका रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानले निश्चित गरेको काम, कर्तव्य र अधिकारको प्रयोगलाई साँघुरो बनाउने गरी आर्थिक ऐनको आयकरसम्बन्धी प्रावधान Prevail गर्न नसक्ने । **(प्रकरण नं.८)**

अन्तरिम संविधानको धारा १२० (१) ले कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने गरी प्रदान गरेको अधिकारलाई संविधानअन्तर्गतको कानुन र त्यसमा पनि एउटा निश्चित प्रयोजन र निश्चित अवधिका लागि जारी भएको नीतिगत प्रावधानले निस्तेज तुल्याउन नसक्ने ।

सर्वोच्च अदालतलाई संविधानले असाधारण अधिकारक्षेत्रअन्तर्गत न्यायिक पुनरावलोकनको अधिकार समेत प्रदान गरेको र त्यसको प्रयोगको प्रक्रिया कानुनले निश्चित गरेको सन्दर्भमा सो प्रक्रिया बाहेक साधारण अधिकारक्षेत्रअन्तर्गतबाट असाधारण अधिकारक्षेत्रअन्तर्गतको विषयमा प्रवेश गर्न नमिल्ने । **(प्रकरण नं.९)**

राष्ट्रसेवक बाहेकका अन्य व्यक्तिले VDIS कार्यक्रममार्फत आयको स्वयंघोषणा गरी करसमेत तिरिसकेपछि अन्य प्रचलित कानुनबमोजिम सम्पत्तिको स्रोत खुलाउनु पर्ने वाध्यता नहुने भनी उन्मुक्ति दिनुपर्ने कुनै आधार र कारण नदेखिँदा एकाघरकी श्रीमतीले VDIS कार्यक्रममार्फत आयको स्वयंघोषणा गरी कर तिरेकै आधारमा प्रतिवादी बनाउन वा निजको नाममा रहेको सम्पत्तिको स्रोत खोज्न वा छानबिनको दायरामा ल्याउन नमिल्ने भनी सम्झन र मान्न नमिल्ने । **(प्रकरण नं.१०)**

## १.२०

| **निर्णय नं. ७९७४**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार (नक्कली प्रमाणपत्र)** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५० सालः २०६५ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०६५/०५/०५ |

पुनरावेदक/प्रतिवादीः काठमाडौं जिल्ला गोंगबु गा.वि.स. वडा नं. ४ नयाँ बसपार्क बस्ने तारा राजभण्डारी (कार्की) विरुद्ध प्रत्यर्थी/वादीः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट भानुभक्त निरौलाको प्रतिवेदनले नेपाल सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अपराध हुनलाई आपराधिक कार्य (Actus Reus) र अपराधी मन (Mens Rea) दुबै आवश्यक हुने । **(प्रकरण नं.४)**

पेस भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेस नगरेको भन्ने भएकोमा पेस गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेस गर्ने कार्य पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य (Mens Rea) रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाण पत्र पेस गर्ने कार्यमा आपराधिक कार्य (Actus Reus) र आपराधिक मन वा उद्देश्य (Mens Rea) समेतका दुबै तत्त्व समावेश भएको देखिने । **(प्रकरण नं.५)**

पेस भएको प्रमाणपत्रबाट लाभ लिएको वा नलिएको भन्ने कुराको विचार भई माथिल्लो पदमा बढुवा प्राप्त गर्नको लागिसमेत विवादको प्रमाणपत्रको कुनै प्रयोजन हुने नदेखिएको स्थितिमा प्रतिवादीलाई अभियोगबमोजिम कसुरदार ठहर गर्न उपयुक्त र न्यायोचित नदेखिने भनी सफाइ दिने ठ्याएको संयुक्त इजलासबाट भएको रुलिङसँग यो इजलास सहमत हुन नसक्ने । **(प्रकरण नं.६)**

## १.२१

| निर्णय नं. ७६५५<br>संयुक्त इजलास | विषयः भ्रष्टाचार |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४८ सालः २०६३ महिनाः जेठ अङ्कः २ | फैसला मितिः २०६२/२१/१२ |

पुनरावेदक/प्रतिवादीः जिल्ला रूपन्देही वुटवल न.पा.वार्ड नं.८ बस्ने ईश्वरप्रसाद पौडेल विरुद्ध प्रत्यर्थी/वादीः महेन्द्र खातीसमेतको उजुरीले श्री ५ को सरकार पुनरावेदक र प्रतिवादीः जिल्ला पाल्पा, तानसेन न.पा.वडा नं.१० बस्ने ठाकुरध्वज कार्कीसमेत विरुद्ध प्रत्यर्थी र वादीः महेन्द्र खातीसमेतको जाहेरीले श्री ५ को सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

मोटर मर्मत गराई ल्याइसकेपछि प्राविधिकबाट जाँच गराउँदा रिवाइण्डिङ्ग वा मर्मत कार्य नभएको भन्ने एकता इलेक्ट्रिक वर्क्सपको प्रतिवेदनबाट मोटर रिवाइण्डिङ्ग भएको प्रमाणित हुन नआउने भनी मेकानिकल इन्जिनियर र नेपाल विद्युत प्राधिकरणका सहायक प्रवन्धकको संयुक्त जाँच प्रतिवेदन एवं पूर्ण रिवाइण्डिङ्ग गरेको देखिएन भन्नेसमेतको मे.ई.दिलीप खतिवडाको प्रतिवेदनसमेत हुँदा सो मोटर रिवाइण्डिङ्ग भएको भन्न मिल्ने अवस्था नरहने ।

मर्मत भएको भनी स्टेशनसम्म ल्याई मर्मत बापत भनी रु.३५,०००।- रकम भुक्तानी गराउन नापी कितावमा सहीसमेत गरेको कारण प्रतिवादीले रकम बुझेको कार्यबाट श्री ५ को सरकारलाई हानिनोक्सानी र प्रतिवादीलाई गैरकानुनी लाभ पुऱ्याएको पुष्टि भएको देखिँदा राष्ट्रसेवकले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) को कसुर गरेको होइन रहेछ भन्न नमिल्ने ।

राष्ट्रसेवक कर्मचारीसँग मिलेमतो गरी नक्कली बिल बनाई रकम बुझेको देखिँदा प्रतिवादी ईश्वरप्रसाद पौडेलसमेतले ऐ.को दफा ८(१) को कसुर गरेको हुँदा निजसमेत कसुरदार देखिन आउने। **(प्रकरण नं.२३)**

## १.२२

| निर्णय नं. ७४५१<br>संयुक्त इजलास | विषयः भ्रष्टाचार |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४६ सालः २०६१ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०६१/०८/१४ |

पुनरावेदक/प्रतिवादी : विशेष प्रहरी विभागको जाहेरीले श्री ५ को सरकार विरुद्ध विपक्षी/वादी : जिल्ला पाँचथर सुभाङ्ग गा.वि.स.वडा नं. २ घर भई हाल शिवगंज वार्ड नं. ९ बस्ने राजेश राज सुवेदी ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

बेरुजु फर्स्यौटसँग सम्बन्धित विषयबाट मुख्यरूपमा उठान भएको प्रस्तुत मुद्दामा भ्रष्टाचार गरेको भनिएको केही रकम फर्स्यौटसमेत भई सकेको, केही रकम सामान्य प्रशासनिक प्रक्रियाबाट नियमित हुन सक्ने प्रकृतिको देखिएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ मा प्रयुक्त बदनियत, लापरबाही वा जालसाजी गरी संस्थाको रकम हिनामिना गरेको भन्ने भ्रष्टाचार जस्तो गम्भीर अपराध स्थापित हुनको लागि आवश्यक पर्ने आधारभूत तत्त्वको विद्यमानता गम्भीररूपमा प्रमाणित हुन सकेको मान्न नमिल्ने हुँदा यस प्रकारको क्रियाकलापलाई भ्रष्टाचारको कसुर अपराधको परिभाषाभित्र समावेश गर्नु कानुन र न्याय कुनै दृष्टिकोणबाट समेत युक्तिसङ्गत नहुने ।

प्रतिवादीहरूले संस्थाको निर्णय नगराई बढ तलब खाएको रकम र औषधी उपचारबापत लिएको पेश्की रकम लेखा परीक्षण हुँदा बेरुजु भएकोमा सोही बेरुजु भएको रकमलाई नै हिनामिना गरेको भनी भ्रष्टाचारको अभियोग लगाएको अवस्था विद्यमान रहेको देखिँदा मुद्दाको तथ्य नै अलग रहेको सन्दर्भमा प्रतिपादित उल्लिखित मुद्दाको नजिर प्रस्तुत मुद्दामा आकर्षित हुन सक्ने नदेखिँदा दोहोऱ्याउने निस्सा प्रदान गर्दा संयुक्त इजलासले लिएको उक्त आधार बुँदासँग सहमत हुन नसकिने ।

## १.२३

| **निर्णय नं. ७४०८**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४६ सालः २०६१ महिनाः कात्तिक अङ्कः ७ | फैसला मितिः २०६०/१२/०२ |

पुनरावेदक/प्रतिवादीः जिल्ला ताप्लेजुङ्ग म्याङलुङ गाउँ विकास समिति वडा नं. ७ बस्ने तत्कालीन डिपो कार्यालय, पाँचथर गोपेटारका क्लर्क खेमप्रसाद ढुङ्गाना विरुद्ध विपक्षी/वादी : विपक्षी वादीः नेपाल खाद्य संस्थान शाखा कार्यालय, पाँचथरको पत्रले श्री ५ को सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सामान नै नहेरी स्रेस्ता अनुसार बुझेको हुँ भन्ने प्रतिवादीको भनाइबाट नै लापरबाही गरेको तथ्य स्थापित हुन आउने ।

लापरबाही गरेको तथ्यमा साबित भएपछि आफ्नो जिम्मामा रहेको सामानको उचित संरक्षण र व्यवस्थापन गर्नुपर्ने कानुनी दायित्वबाट निजले उन्मुक्ति पाउन सक्ने अवस्था नदेखिने ।

लापरबाही गरेको कारणबाट संस्थाको जिन्सी हिनामिना भई हानिनोक्सानी पुऱ्याएको कार्यलाई भ्रष्टाचारको कसुर मानिने कानुनी व्यवस्था भएकोले प्रतिवादीले कसुरबाट सफाइ पाउनु पर्दछ भनी लिएको जिकिर र यस अदालतबाट विपक्षी झिकाउँदा उद्धृत गरिएको नजिरसमेत प्रस्तुत विवादको सन्दर्भमा उपयुक्त र ग्रहणयोग्य नदेखिने ।

## १.२४

| **निर्णय नं. ७२७१**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४५ सालः २०६० महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०६०/०१/२९ |

पुनरावेदक/प्रतिवादीः गृह मन्त्रालयको पत्रको जाहेरीले श्री ५ को सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादीः जि.रौतहट आरैया गा.वि.स.वडा नं. १ घर भई तत्कालीन जिल्ला वन कार्यालय चितवनका जिल्ला वन अधिकृत अरूणकुमार श्रीवास्तवसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

प्रतिवादीहरूउपर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसुर गरेको भनी अभियोग लगाइएको देखिन्छ। उक्त कानुनी व्यवस्थाअनुसारको कसुर स्थापित हुन सरकारी सेवामा रहेको कुनै राष्ट्रसेवकले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले वा राष्ट्र वा श्री ५ तथा श्री ५ को सरकार वा सरकारी मान्यता प्राप्त कुनै संस्था वा कुनै व्यक्तिलाई गैरकानुनी हानि पुऱ्याउने बदनियतले नेपाल कानुन जानीजानी पालन नगरेको वा शर्त, कबुलियत वा सम्झौता जानीजानी पालन नगरेको वा सरकारी सुविधा वा अधिकारको दुरुपयोग गरेको वा त्यस्तो सुविधा वा अधिकार प्राप्त गरेको तथ्य स्थापित हुनपर्नेमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले उल्लिखित कानुनी व्यवस्थाअनुसार आफूलाई वा अरू कसैलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले आफ्नो क्षेत्रभित्रको सरकारी वनको रूख काटेको वा काट्ने कार्यमा अरू कसैसँग मिलेमतो गरेको भन्ने तथ्य सबुद प्रमाणबाट पुष्टि हुन सकेको नपाइने ।

वन कार्यालयमा कार्यरत कर्मचारीले आफ्नो पदीय कर्तव्य तथा जिम्मेवारी पूरा नगरेको कारणले श्री ५ को सरकारलाई हानि हुने गरी सरकारी वन जङ्गल रूखहरू काटिएको वा मासिएको भन्ने विषय भ्रष्टाचारजन्य कसुरभन्दा पनि कर्मचारीउपर विभागीय कारबाही हुन सक्ने प्रकृतिको दायराभित्र पर्नसक्ने देखिन आउँछ। यसर्थ केवल अनुमानको आधारमा यी प्रतिवादीहरूले भ्रष्टाचारजन्य कसुर गरेको भन्न सकिने अवस्था नदेखिएकोले प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०५६।१२।२१ को इन्साफ मनासिब देखिँदा सदर हुने । **(प्रकरण नं. ४६)**

## १.२५

| **निर्णय नं. ७१३६**<br>**पूर्ण इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०५९/०९/११ |

निवेदकः जिल्ला दाङ धनौरी गाउँ विकास समिति वडा नं. ६ रजघटुवा बस्ने वर्ष ४० को यादवकुमार डाँगी विरुद्ध विपक्षी: कृषि सामग्री संस्थान केन्द्रीय कार्यालय, टेकु कुलेश्वरसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

भ्रष्टाचार मुद्दामा दाबी लिएको बिगोभन्दा फरक बिगोको दाबी लिई रकम असुलउपर मुद्दा दायर भएको तथा हिनामिना गरेको भनिएको नगदी जिन्सीसमेत फरक देखिन आएको स्थितिमा निवेदकउपर चलाएको भ्रष्टाचार मुद्दा र रकम असुलउपर मुद्दा एउटै हो भन्ने निवेदकको जिकिर मनासिब नदेखिने ।

भ्रष्टाचारतर्फको दाबी रु. १,३२,०६३।६५ र नगदी एवं जिन्सी हिनामिनातर्फको दाबी रु.३,२८,४०१।४१ भई विभागीय सजाय गर्दा लिइएको आधार तथा कारण एवं बिगोसमेत फरक देखिएबाट समेत भ्रष्टाचार र विभागीय सजायको आधार कारण एवं विषयवस्तु एउटै हो भन्नेसमेत नदेखिने ।

निवेदकले संस्थानको नगदी जिन्सी हिनामिना गरेको सम्बन्धमा संस्थानले आन्तरिकरूपमै छानबिन गरी छानबिनको आधारमा त्यसरी हिनामिना गरेको देखिन आएमा प्रचलित नियम विनियममा व्यवस्था भएबमोजिम विभागीय कारबाही एवं सजाय गर्न नसक्ने अवस्था नदेखिने ।

आन्तरिक छानबिन अनुसन्धानबाट ठहर भएको बिगो असुलउपर गरी पाउन संस्थानले प्रचलित कानुनको अधीनमा रही सम्बन्धित अदालतमा मुद्दा दायर गर्न वा आवश्यक अन्य कारबाही गर्न नपाउने भन्ने स्थितिसमेत नदेखिने ।

हिनामिना गरेको कसुरमा विनियममा व्यवस्था भएबमोजिम कर्मचारीलाई विभागीय कारबाही गरी नोकरीबाट बरखास्त गरिएको र हिनामिना भएको बिगो असुलीको लागि अदालतमा मुद्दा चलाएको देखिन आएकोले त्यसरी विभागीय कारबाही गर्न र हिनामिना भएको रकम असुलीको लागि कुनै कारबाही गर्न संस्थानलाई अधिकार नभएको अवस्था नदेखिने ।

निवेदकलाई रकम असुली सम्बन्धमा अदालतमा चलाएको मुद्दामा भएको ठहरको आधारमा विभागीय सजाय गरेको नभई विभागीय सजाय पहिले गरी सो कर्मचारीबाट भएको हानिनोक्सानी असुल गर्नका लागि मुद्दा चलाएको देखिएबाट समेत रकम असुल मुद्दामा भएको खारेजी निर्णयले विभागीय सजायमा कुनै असर नपार्ने ।

कुनै कर्मचारीलाई कर्तव्यको पालन एवं आचरण तथा अनुशासनसम्बन्धी विषयमा विभागीय कारबाही एवं सजाय गरिसकेपछि त्यस्तो कर्मचारीको काम कारबाहीको परिणामबाट सिर्जित हानिनोक्सानी एवं हिनामिनाको क्षतिपूर्तिको लागि संस्थानले निजउपर प्रचलित कानुनबमोजिम रकम असुलउपर आदि मुद्दा गर्न सक्तैन भन्न नमिल्ने ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २१ क. ले दफा २४ बमोजिम चलाएको भ्रष्टाचार मुद्दामा लागेको अभियोगबाट सफाइ पाएमा निज आफ्नो सेवामा पुन: स्थापित हुनेछ भन्ने व्यवस्था गरेकोलाई निजउपर चलेको त्यस्तो मुद्दा अ.वं. १८० नं. बमोजिम खारेज भएको अवस्था मात्र नभई रकम हिनामिना गरेको अभियोगमा विभागीय कारबाही भई नोकरीबाट हटाएको स्थिति देखिँदा त्यस्तो

विभागीय कारबाही कानुनविपरीत नदेखिएमा निजउपर चलेको मुद्दा अ.बं. १८० नं. बमोजिम खारेज भएकै कारणबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४ बमोजिम स्वतः सेवामा पुनःस्थापित हुन्छ भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं. १९ देखि २२)**

## १.२६

| **निर्णय नं. ६९०१**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४२ सालः २०५७ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०५६/१२/०४ |

पुनरावेदक/वादीः विशेष प्रहरी अधिकृतको जाहेरीले श्री ५ को सरकार विरुद्ध प्रत्यर्थी/प्रतिवादीः वीरगञ्ज कारागार शाखाका तत्कालीन जेलर हाल जिल्ला मकवानपुर, हेटौंडा नगरपालिका वडा नं. २ बस्ने परमानन्द खरेल पुनरावेदक/प्रतिवादीः जिल्ला मकवानपुर, हेटौंडा नगरपालिका वडा नं. २ बस्ने परमानन्द खरेल विरुद्ध प्रत्यर्थी/वादीः विशेष प्रहरी अधिकृतको जाहेरीले श्री ५ को सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

प्रतिवादी परमानन्द खरेलले ठेकेदार राजेन्द्रप्रसाद चौधरी तथा ठेकेदार लक्ष्मणप्रसाद रौनियारसँग मिलेमतो गरी भ्रष्टाचार गरेको हुँदा निजलाई सजाय गरी बिगो रु.८,६२,०५१।३५ कायम गरिएको मा रु.५,९७,१४७।८५ पहिलेका ठेकेदारबाट सरकारी बाँकीसरह असुल हुने भन्ने व्यहोरा अभियोग पत्रमा नै उल्लेख भएको देखिन्छ । एकाले तिर्नु बुझाउनु पर्ने रकम अड्डाले असुलउपर गर्नुपर्ने स्थितिमा कुनै कर्मचारीले असुलउपर गर्न नसकेमा त्यस्तो बेरुजु वा असुल गर्नुपर्ने रकमउपर कारबाही नगर्ने कर्मचारीले नै भ्रष्टाचार गरेको हुने कानुनी व्यवस्था नहुँदा सो रकम रु.५,९७,१४७।८५ का हकमा प्रतिवादी परमानन्द खरेलउपर बिगो कायम गरेको मिलेको देखिएन भनी पुनरावेदन अदालतबाट भएको फैसलामा उल्लेख भएको व्यहोरालाई अन्यथा मान्न नमिल्ने हुँदा पहिलेको ठेकेदार राजेन्द्रप्रसादबाट रु.५,९७,१४७।८५ असुलउपर नगरेको कारणले प्रतिवादी परमानन्द खरेलबाट सो रकम भरी पाउने भन्न मनासिब देखिएन । सो रकम निजबाट भराउन नपर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखियो । प्रतिवादीलाई हुने जरिवाना र कैदमध्ये अदालतले उपयुक्त लागेको सजाय तोक्न सक्ने हुँदा तत्सम्बन्धमा पनि श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

प्रतिवादी पुनरावेदक परमानन्द खरेलको पुनरावेदनतर्फ विचार गर्दा निजले २०३८।८।२ मा नारायणी अञ्चलाधीश कार्यालयमा दिएको स्पष्टीकरण र नायराणी अञ्चल अदालतमा गरेको २०४४।१२।२२ बयानमा समेत कानुनबमोजिम अपनाउनु पर्ने कार्यविधि नअपनाई ठेकेदारलाई पटकपटक पेश्की दिएको र आफूले समेत पेश्की झिकी अमानतबाट रासन खुवाएको भनी साबित भएको देखिन्छ । लापरबाहीपूर्ण तबरले ऐनले निर्दिष्ट गरेको कार्यविधि पूरा नगरी श्री ५ को सरकारलाई हानिनोक्सानी पुग्ने गरी ठेकेदारको दर्ता नभएको जग्गा धितो देखाई काम हुनुपूर्व नै पेश्की दिने, कार्य सम्पन्न नहुँदै

धरौटी फिर्ता दिने जस्ता कार्य निजबाट भएको पाइन्छ । साथै यिनै पुनरावेदक प्रतिवादी परमानन्द खरेल पुनरावेदक विपक्षी मन्त्रिपरिषद् सचिवालयसमेत भएको २०३९ सालको फौ.पु.नं. ३९८ को नोकरीबाट बर्खास्त मुद्दामा अधिकार प्राप्त अधिकारीले निजलाई लागेको आरोपका सम्बन्धमा कानुनबमोजिम स्पष्टीकरण लिई नोकरीबाट बरखास्त गरेको देखिनाले सो निर्णयमा कुनै त्रुटि देखिन नआएको भनी पुनरावेदन जिकिर पुग्न नसक्ने ठहराई यस अदालत संयुक्त इजलासबाट २०४१।१।११ मा फैसला भइरहेको देखिन्छ । नोकरीबाट हटाउने गरी भएको निर्णय प्रस्तुत मुद्दासँग सम्बन्धित विषयवस्तुकै सन्दर्भमा भएको देखिन आयो । तसर्थ, अभियोगबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादी परमानन्द खरेलको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

जरिवानाको हकमा विचार गर्दा निजले २०३७ सालदेखि २०३८ साल पुसको अवधिमा कसुर गर्दाको अवस्थामा बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को दफा ७ र १३ को कसुर गरेको भन्ने अभियोग प्रमाणित भएको र त्यसबखत ऐ.ऐनको दफा २९(२) अनुसार जरिवाना तोक्दा माथिल्लो हद रु.५०००।- हुनेछ भन्ने उल्लेख भएको हुँदा सो हदसम्म मात्र जरिवाना हुने ठहराउनु पर्नेमा रु.२,६४,९०३।५० जरिवाना गर्ने गरेकोसम्म पुनरावेदन अदालत हेटौडाको मिति २०५१।१२।१४ को फैसला मिलेको देखिएन । तसर्थः अपराध गर्दाको अवस्थामा बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ अनुसार निज पुनरावेदक प्रतिवादी परमानन्द खरेललाई रु.५०००।- (पाँच हजार) जरिवाना मात्र हुने । **(प्रकरण नं. २२ (२४)**

## १.२७

| **निर्णय नं. ६८३६**<br>**पूर्ण इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४२ सालः २०५७ महिनाः वैशाख अङ्कः १ | फैसला मितिः २०५६/०२/१४ |

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन गितानगर गा.पं. केसर वाग बस्ने रामचन्द्र देवकोटा विरुद्ध
विपक्षी वादीः श्री ५ को सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

जिल्ला कार्यालय वाग्लुङको प्रतिवेदनले वादी श्री ५ को सरकार प्रतिवादी कुलबहादुर क्षेत्री भएको भ्रष्टाचार मुद्दामा नेपाल खाद्य संस्थान उपशाखा कार्यालय वाग्लुङको गोदामको भौतिक परीक्षण गर्दा चामल र खाली बोरा अपुग भएकोमा सो कार्यालयको लेखा उपसहायक कुलबहादुरले चामल र खाली बोरा नपुग भएको तथ्यलाई स्वीकारेको देखिएकोले निज जिम्माको चामल र खाली बोरा बदनियत साथ मासेको भनी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३(१) र दफा २९ बमोजिम सजायको माग दाबी लिएको देखिन्छ । सो मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०१७ को तत्काल प्रचलित दफा १३(१) को उल्लेख गर्दै सो दफा १३(१) मा भएको व्यवस्थाबाट कुनै राष्ट्रसेवकले आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको कुनै व्यक्ति वा सरकारी मान्यता प्राप्त कुनै संस्थाको चल वा अचल सम्पत्ति बदनियत

साथ मासेमा उक्त दफाबमोजिम कारबाही र सजाय हुन सक्ने निष्कर्षमा पुगी सो चामल जिम्मा लिने लेखा उपसहायक कुलबहादुरले यस किसिमले नपुग भएको हो भनी कुनै सन्तोषजनक कारण उल्लेख गर्न नसकेकोमा निजको जिम्मा रहेको चामल तथा बोरा नपुग भई हिनामिना भएको स्थितिमा अन्यथा हो भनी निजले प्रमाणित गर्न सकेको अवस्थामा बाहेक निजले नै मासेको हिनामिना गरेको हो भन्नुपर्ने यस स्थितिमा निजको बदनियत थिएन भन्न सकिने अवस्था नरहने भनी प्रमाणको भार (Burden of proof) प्रतिवादीमा राखिएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा २७(१) बमोजिम प्रतिवादीमा रहेको यो प्रमाणको भारलाई अन्यथा भन्न मिल्ने नदेखिँने । **(प्रकरण नं. २२)**

जहाँसम्म २०५० सालको फौ.पु.इ.नं. २६।२७ पुनरावेदक प्रतिवादी रामबहादुर थापासमेत विरुद्ध श्री ५ को सरकार भएको भ्रष्टाचार मुद्दाको प्रश्न छ सो मुद्दामा नेपाल नेशनल ट्रेडिङ लि. को गोदाममा गोदामकिपर विष्णुप्रसादको जिम्मामा रहेको विभिन्न नम्बर किसिमको छाता खेलौना आदि घटी हुन गई सो नेशनल ट्रेडिङ लिमिटेडलाई हानि पुग्न गएको भन्ने नेशनल ट्रेडिङ लिमिटेड केन्द्रीय कार्यालय प्रशासन व्यवस्था विभागको पत्रबमोजिम विशेष प्रहरी विभागले अनुसन्धान गरी गोदामकिपर विष्णुप्रसाद पराजुली र गार्ड रामबहादुर थापाले मिलेमतोबाट आफूलाई गैरकानुनी लाभ श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्था नेशनल ट्रेडिङ लिमिटेडलाई गैरकानुनी हानि पुऱ्याएको भन्दै हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ अन्तर्गत सजाय र दफा २९ बमोजिम बिगो रकम दाबी गरी अभियोग लगाइएकोमा सो मालसामान आफू जिम्माको भन्ने र मालसामानहरू नपुग भएको भन्ने तथ्यलाई स्वीकारी तर आफूले हिनामिना गरेको होइन भनी इन्कार गरी गोदामकिपर विष्णुप्रसादले बयान गरेको देखिन्छ भने गोदामकिपरसँग मिलेमतो गरी हिनामिना गरेको होइन भनी रामबहादुर थापाले विशेष अदालतमा बयान गरेको देखिन्छ । सो मुद्दामा पूर्ण इजलासले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ मा भएको व्यवस्थाअनुसार कुनै राष्ट्रसेवक कर्मचारीले संस्थाको चलअचल सम्पत्ति लापरबाही वा बदनियत वा जालसाजी गरी हानिनोक्सानी पुऱ्याएमा भ्रष्टाचार गरेको ठहर्ने तर यी तत्त्वहरूमध्ये कुनै एक तत्त्वको विद्यमानताको अभावमा यस दफाअन्तर्गतको कानुन कायम गर्न नमिल्ने भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसायतत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्टरूपमा देखिएको हुनुपर्ने । प्रतिवादी विष्णुप्रसादले बदनियत र मनसायपूर्वक संस्थाको सामान हिनामिना गरी निजलाई फाइदा हुने र आफू कार्यरत संस्थालाई गैरकानुनी हानिनोक्सानी हुने कार्य गरेको पुष्टि हुन आएको नदेखिने भनी कसुर प्रमाणित गर्ने भार वादी पक्षमा राखिएको देखिन्छ । सो मुद्दाको मौकाको जाहेरी नेशनल ट्रेडिङ लिमिटेड केन्द्रीय कार्यालय प्रशासन व्यवस्था विभागले २०४०।९।१९।३ मा दिएको देखिन्छ । सो जाहेरीमा सामान घटी हुन गई संस्थालाई हानि पुग्न गएको हुँदा आवश्यक छानबिन गरी कारबाहीसमेत हुनु भन्ने उल्लेख भएको देखिन्छ । गोदामकिपर विष्णुप्रसाद पराजुलीले बदनियतपूर्वक हानिनोक्सानी गरी संस्थालाई क्षति पुऱ्याएको भन्ने उल्लेख भएको देखिँदैन । सो सामान घटी हुनमा गोदामकिपर विष्णुप्रसादको हात रहेको वा निजले हिनामिना गरेको हो भन्ने आभाससम्म पनि मौकाको जाहेरीबाट खुल्दैन । सो छाता र खेलौनाको जिन्सी प्रमुख अर्को व्यक्ति रहेको कुरा पनि तहकिकातको सिलसिलामा खुल्न आएको छ । गोदामको साँचो दिनभरी गोदामकिपरकै जिम्मा र कार्यालय समयपछि गोदाम व्यवस्थापक र अर्को अधिकृतको जिम्मा रहने व्यवस्था भएको भन्ने तहकिकातको सिलसिलामा खुल्न आएको छ। गोदामको साँचो चौविसै घण्टा गोदामकिपर विष्णुप्रसादको जिम्मा वा नियन्त्रणमा रहेको देखिँदैन। दिनको समयमा निज विष्णुप्रसादले गोदामको साँचो जिम्मा लिँदा

कुनै पनि मालसामान वा वस्तुहरू गोदामबाहिर गएको प्रमाणित हुन सकेको देखिँदैन। सामान राखिएको स्थान एवं त्यहाँको भौतिक स्थितिसमेतबाट समान हराउन सक्ने र हराएको परिमाण तुरुन्त थाहा नलाग्ने अवस्था पर्न जानेसमेत देखिन आएको छ। तर कुलबहादुर प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा सो सामान निजको जिम्मा र नियन्त्रणमा रहेको देखिने। **(प्रकरण नं. २३)**

यसरी उल्लिखित दुवै मुद्दाको तथ्य फरकफरक रहेको देखिन गई घटनाको तथ्य एवं उत्पत्तिक्रम र नियन्त्रण समेतमा समानता रहेको देखिँदैन । अतः संयुक्त इजलासले उल्लेख गरेको ने.का.प. २०४८ नि.नं. ४३५३ पृ.४७२ मा प्रकाशित वादी श्री ५ को सरकार प्रतिवादी कुलबहादुर भएको भ्रष्टाचार मुद्दामा माननीय तीन जना न्यायाधीशहरूको पूर्ण इजलासबाट कायम गरिएको प्रतिपादित सिद्धान्त र २०५० सालको फौ.पू.इ.नं. २६।२७ पुनरावेदक रामबहादुर थापासमेत विरुद्ध श्री ५ को सरकार भएको भ्रष्टाचार मुद्दामा तीन जना माननीय न्यायाधीशहरूको पूर्ण इजलासबाट निर्णय भएको प्रतिपादित सिद्धान्त बाझिएको भन्न नमिल्ने । **(प्रकरण नं. २४)**

## १.२८

| **निर्णय नं. ६६५७**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
| --- | --- |
| नेपाल कानुन पत्रिका<br>भागः ४१ सालः २०५६ महिनाः वैशाख अङ्कः १ | फैसला मितिः २०५५/०४/११ |

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन भरतपुर न.पा. वडा नं. १० बस्ने गुरुदत्त बरालको जाहेरीले श्री ५ को सरकार । विरुद्ध प्रत्यर्थी/प्रतिवादीः जिल्ला रूपन्देही सालझण्डी गा.वि.स. वडा नं. २ बस्ने यमलाल भट्टराईसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

प्रतिवादीहरूले कम्पनी ऐन, २०२१ अनुसार वेलफेयर जनरल कम्पनी प्रा.लि. स्थापना गरेको कुरा वाणिज्य विभागको मिति २०४६।१०।२९ को पत्रबाट पुष्टि हुन आयो । तसर्थ कम्पनी ऐनअन्तर्गत दर्ता भएको संस्था भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ८ अन्तर्गत पर्ने भएन । प्रतिवादीहरू राष्ट्रसेवक नभएको कुरा आरोपकर्ताले स्वीकार गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम मुद्दा दर्ता गराएको अवस्था छ । कम्पनी ऐन, २०२१ अन्तर्गत प्रतिवादीहरूले दर्ता गराएको संस्था श्री ५ को सरकारको स्वामित्व भएको संस्था पनि देखिएन । प्रतिवादीहरूले गरेको हानिनोक्सानीको सम्बन्धमा कम्पनी ऐन, २०२१ अनुसार नै कारबाही हुन सक्ने नै देखियो । प्रतिवादीहरूले वेलफेयर जनरल कम्पनी प्रा.लि. को नियम तथा शर्तबमोजिम गरी पाउन कम्पनी ऐनअन्तर्गत कारबाही चलाउन पाउने नै देखिन्छ । यसर्थ प्रतिवादीहरूले गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसुर देखिन नआई प्रतिवादीहरूले भ्रष्टाचारको कसुर गरेको भन्न नमिल्ने भनी प्रतिवादीहरूलाई सफाइ दिने गरी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब हुँदा सदर हुने । **(प्रकरण नं. १७)**

## १.२९

| निर्णय नं. ६४५२<br>संयुक्त इजलास | विषयः भ्रष्टाचार |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३९ सालः २०५४ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०५३/०९/०२ |

पुनरावेदक/प्रतिवादीः जिल्ला वांके कचनापुर गाउँ विकास समिति वडा नं. ७ टिकुलीपुर बस्ने वर्ष ४२ को खड्गबहादुर खत्री । विरुद्ध विपक्षी/वादीः दलबहादुर खत्री समेतको जाहेरीले श्री ५ को सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

एकै अभियोगमा अनुसन्धान अधिकारीसमक्ष भएको एकै प्रतिवादीको दुई थरी परस्पर विरोधाभासयुक्त बयानमध्ये इन्कारीलाई छाडी साबिती बयानलाई मात्र प्रधानता दिई सोही आधारमा कसुरदार ठहऱ्याउन फौजदारी न्यायको सिद्धान्तप्रतिकूल हुने हुँदा प्रतिवादी खड्गबहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) बमोजिम भ्रष्टाचारको कसुर गरेको ठहऱ्याई ऐजनको दफा २९(१) बमोजिम निजबाट बिगोसमेत असुल गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगन्जको फैसला मिलेको नदेखिँने । **(प्रकरण नं. ३३)**

## १.३०

| निर्णय नं. ६४४८<br>पूर्ण इजलास | विषयः भ्रष्टाचार |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३९ सालः २०५४ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०५४/०७/२८ |

पुनरावेदक/प्रतिवादीः का.जि.का.न.पा. वडा नं. १४ बस्ने विष्णु प्रसाद पराजुलीसमेत जम्मा २ । विरुद्ध प्रत्यर्थी/वादीः श्री ५ को सरकार ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसाय तत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्टरूपमा देखिनु पर्ने हुन्छ । यी तत्त्वको अभावमा भएका क्रियालाई हानिनोक्सानीको आधारबाट मात्रै भ्रष्टाचार गरेको भनी ठहर गर्नु न्यायिक दृष्टिकोणले उपयुक्त हुने देखिँदैन । प्रतिवादी विष्णुप्रसाद पराजुली आफू उक्त गोदामको गोदामकिपर रहेकोमा स्वीकार गरेका सामान घटी भएमा पनि साबितै रहे तापनि उक्त सामान राखिएको भौतिक स्थितिसमेतबाट सामान हराउन सक्ने र हराएको परिमाण तुरुन्त थाहा नलाग्ने अवस्था पर्न जानेसमेत देखिन आउँछ । निज विष्णुप्रसादको उक्त सामानहरूको क्षतिपूर्ति संस्थालाई बुझाउनु तिर्नुमा भने निजको कानुनी र नैतिक दायित्व रहे

भएको मान्नु पर्ने हुन आउँछ । नपुग भई घटी भएको सामानको बिगो कानुनबमोजिम निजबाट असुल गर्न मिल्ने नै देखिन्छ । माथि गरिएको सम्पूर्ण विश्लेषणबाट यी प्रतिवादी विष्णुप्रसाद पराजुलीले बदनियत र मनसायपूर्वक संस्थाको सामान हिनामिना गरी निजलाई फाइदा हुने र आफू कार्यरत संस्थालाई गैरकानुनी हानिनोक्सानी हुने कार्य गरेको पुष्टि हुन आएको नदेखिँदा तत्कालीन वागमती विशेष अदालत र तत्कालीन मध्यमान्चल क्षेत्रीय अदालतले निजलाई कसुरदार ठहराई गरेको फैसला उल्टी गरी यी पुनरावेदक प्रतिवादी विष्णुप्रसाद पराजुलीलाई भ्रष्टाचारको आरोपित कसुरबाट सफाइ र उक्त कसुर गर्न संलग्न रहेको सवुद प्रमाणको अभावमा पुनरावेदक प्रतिवादी रामबहादुर थापालाई समेत सफाइ दिने ठहराएको माननीय न्यायाधीश श्री केशव प्रसाद उपाध्यायको राय मनासिब ठहर्ने । **(प्रकरण नं. ३२)**

## १.३१

| **निर्णय नं. ६२८६**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३८ सालः २०५३ महिनाः फागुन अङ्कः ११ | फैसला मितिः २०५३/०२/२८ |

पुनरावेदक/प्रतिवादीः जि.प्र.का. सुर्खेतका प्र.जि.अ. नानी काजी विष्टको प्रतिवेदनले श्री ५ को सरकार ।
विरुद्ध विपक्षी प्रतिवादीः लक्ष्मण कुमार हमाल समेत जम्मा ६ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

रासन बोर्डले केरमेट भएको बोलपत्रमा कैफियत खुलाई मुचुल्का गर्न छुट्याएको र सच्चिएको अङ्कबमोजिमको अर्नेष्ट मनीबापतको रकम बैंक दाखिला नभएकै कारणबाट मात्र भ्रष्टाचार गरेको भन्ने अभियोग दाबी मनासिब छ भन्न नमिल्ने । **(प्रकरण नं. २६)**

भ्रष्टाचार हुनलाई बदनियतसाथ कार्य गरेको हुनु पर्दछ र सो कार्यबाट कसैलाई फाइदा वा नोक्सान भएको देखिनु पर्ने । **(प्रकरण नं. २६)**

प्रस्तुत मुद्दामा बदनियत साथ सच्याउने कार्य गरेको भन्ने कुरा तथ्यगतरूपबाट शङ्कारहित तबरले पुष्टि हुन सकेको देखिँदैन । सच्चाउने कार्यबाट के कसले के कति अनुचित लाभ प्राप्त गरेको हो सो कुरा कहीँ कतैबाट खुल्न आउँदैन । भ्रष्टाचार जस्तो फौज्दारी अपराधमा केवल शङ्का र अनुमानको भरमा कसुरदार ठहराउन नमिल्ने । **(प्रकरण नं. २६)**

सच्याएको कुरा बोलपत्र दिनेले नै स्वीकार गरेको र अन्य प्रतिवादीहरूको मिलेमतो वा दबाबबाट गरेको भन्ने प्रमाणित देखिन नआएको अवस्थामा केवल सच्याएको अङ्कको अर्नेष्ट मनीबापतको रकम बैंक दाखिला नभएकै कारणबाट प्रतिवादीहरू कसुरदार हुन् भन्न नसकिने । **(प्रकरण नं. २६)**

## १.३२

| **निर्णय नं. ६२८५**<br>**संयुक्त इजलास** | **विषय: भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३८ साल: २०५३ महिना: फागुन अङ्क: ११ | फैसला मिति: २०५३/११/१७ |

पुनरावेदक/प्रतिवादी: अ.दु.अ. अधिकृत दिल प्रसाद व्यन्जूको प्रतिवेदनले श्री ५ को सरकार । विरुद्ध विपक्षी/प्रतिवादी: का.जि.का.न.पा. वडा नं. १३ कालीमाटी बस्ने गुठी संस्थान केन्द्रीय कार्यालयको तत्कालीन प्रशासक केशवनाथ पौडेलसमेत छ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अख्तियार दुरुपयोग अनुन्धान आयोग ऐन, २०४८ को दफा १८ ले सार्वजनिक पद धारण गरेको व्यक्तिउपर भ्रष्टाचारको आरोपको सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले अपराध गरेको हो भन्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानुनबमोजिम सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा चलाउने अनुसन्धान अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था गरेको छ । उक्त कानुनी प्रावधानअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदन अदालत ललितपुरमा मुद्दा दायर गर्न पठाएको २०५०।८।२५।६ को प्रतिवेदनमा सो मुद्दा दायर गर्ने प्रयोजनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट २०५०।८।२१ मा भएको निर्णयको संलग्न प्रतिलिपि यस मुद्दामा पुनरावेदक प्रतिवादीहरूका साथै मालपोत कार्यालय काठमाडौंका प्रमुख मालपोत अधिकृतलगायत अन्य कर्मचारीहरूउपर विभागीय कारबाही गरी कसुरमुताविक सजायसमेत गरी दुई महिनाभित्र सो आयोगलाई जानकारी दिन सम्बन्धित विभागमा लेखी पठाउने निर्णय भएको देखिन्छ । तर उक्त निर्णयबमोजिम विवादित जग्गाको रजिष्ट्रेशन पारित गर्ने मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृतलगायतका कर्मचारीउपर सम्बन्धित विभागबाट कारबाही गर्नका लागि दुई महिनाको समय आयोगबाट तोकिएको भए तापनि सो विभागीय कारबाही भए नभएको उल्लेख नै नगरी सो समयको प्रतीक्षा नगरी आयोगको उक्त २०५०।८।२१ को निर्णयको लगतै ४ दिनपछि मुद्दा दायर गर्ने प्रतिवेदन अदालतमा दर्ता गर्न पठाइएको छ । साथै भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २० बमोजिम सरकारी सेवामा रहेका राष्ट्रसेवकउपर विभागीय कारबाही र सजाय भइसकेपछि मात्र सो ऐनको दफा २४ बमोजिम अदालतमा मुद्दा दायर गर्नुपर्छ । तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रस्तुत प्रतिवेदनबाट आयोगको निर्णयबमोजिम मालपोत कार्यालयका कर्मचारीहरूउपरको विभागीय कारबाही र सजाय गर्नको लागि आयोगको निर्णयबमोजिम दुई महिनाको समय नै नदिई मालपोत कार्यालयको कुनै पनि कर्मचारीहरूउपर मुद्दा चलाइएको देखिँदैन । यसबाट आयोगको निर्णयको सूचना पूर्णरूपमा पालन नै गरेको नदेखिने । **(प्रकरण नं. २६ र २७)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०५०।४।२१ मा काठमाडौं जिल्ला अदालतलाई विवादित जग्गाको सम्बन्धमा कृष्णदास वैष्णवको तर्फबाट मुद्दा चलिरहेको बुझिन आएकोले के कस्तो प्रकृतिको मुद्दा परेको हो भन्ने सम्बन्धमा बुझ्दा ०४९।११।१४ मा फिराद दर्ता भई कारबाही

चलेको भनी २०५०।४।३२ मा काठमाडौं जिल्ला अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जवाफ पठाएको देखिएको र प्रस्तुत मुद्दाको जाहेरी दरखास्त काठमाडौं जिल्ला अदालतमा महन्त कृष्ण दास वैष्णवको फिराद परिसकेपछि मिति २०४९।१२।२० मा दर्ता भएको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को उपदफा (४) मा अदालतको न्यायिक काम कारबाहीको सम्बन्धमा अनुसन्धान वा तहकिकात गर्न वा अन्य कुनै कारबाही चलाउने अधिकार आयोगलाई हुने छैन भन्ने व्यवस्था भएकोले प्रस्तुत मुद्दाको विषयवस्तु आयोगको कार्यक्षेत्रभन्दा बाहिर पर्ने देखिँदा मुद्दाको वस्तुस्थिति (Merit) मा प्रवेश गरी विवेचना गर्न नमिल्ने । **(प्रकरण नं. ३०)**

## १.३३

| **निर्णय नं. ६०७५**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३७ सालः २०५२ महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०५२/०२/२३ |

पुनरावेदक/प्रतिवादीः काभ्रेपलाञ्चोक खरेलथोक गा.वि.स. वार्ड नं. १ घर भई तत्कालीन ने.खा.उ.शा. भोजपुरको जि.ले.उ. सहायक केशवप्रसाद थपलिया तेह्रथुम मोरहाङ गा.वि.स. वार्ड नं. १ बस्ने दिप बहादुर खापुङ । विरुद्ध विपक्षी/वादी : नेपाल खाद्य संस्थान उपशाखा कार्यालय भोजपुरको पत्रले श्री ५ को सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

भ्र.नि. ऐन, २०१७ को दफा १३ मा रहेको कानुनी व्यवस्था हेर्दा "कुनै राष्ट्रसेवकले आफ्नो ओहोदाको वा सोसम्बन्धी काम कुरा गर्दा राष्ट्रिय वा सार्वजनिक सम्पत्ति वा आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको राष्ट्रको वा श्री ५ वा श्री ५ को सरकारको वा सरकारी मान्यता प्राप्त कुनै संस्थानको चल अचल सम्पत्ति लापरबाही वा बदनियत वा जालसाजी गरी हिनामिना हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा वा त्यस्तो गर्ने गराउने प्रयत्न गरेमा निजलाई कसुरको मात्राअनुसार एक वर्षदेखि पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै हुनेछ । हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरेमा वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल गरिनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त कानुनी व्यवस्थाअनुसार कसुर कायम हुन कुनै राष्ट्रसेवक कर्मचारीले संस्थाको चल अचल सम्पत्ति लापरबाही वा बदनियत वा जालसाजीपूर्वक हिनामिना, हानिनोक्सानी, दुरुपयोग वा मासेको हुनुपर्ने अनिवार्य देखिन्छ । लापरबाही, बदनियत, जालसाजी यी ३ तत्त्वमध्ये कुनै एक तत्त्वको विद्यमानताको अभावमा यस दफाअन्तर्गतको कसुर कायम गर्न मिल्ने नदेखिने । **(प्रकरण नं. २२)**

के कस्तो लापरबाही र उदासीन कार्य गरी संस्थानलाई हानिनोक्सानी पुऱ्यायो, के कुराको लापरबाही भयो, कस्तो बदनियत देखियो, के कस्तो काम कारबाहीबाट प्रतिवादीले जालसाजीपूर्ण कार्य भयो भन्ने कुरा न त अभियोगपत्रमा नै किटान गर्न सकेको देखिन्छ न त पुनरावेदन अदालतको ठहर फैसलाले विवेचना गरेको देखिन्छ । केवल रकम नपुग भएकै कारणबाट मात्र प्रतिवादीलाई भ्रष्टाचारको

अभियोग लगाएको देखिन्छ । भ्रष्टाचारको अभियोग लगाएर मात्र पुग्दैन । के कस्तो कार्यबाट भ्रष्टाचार हुन गयो र भ्र.नि. ऐन, २०१७ को विभिन्न दफामा उल्लिखित अपराधमा प्रतिवादीउपर लगाइएको दफा १३ लगायतका अन्य कुन दफाअन्तर्गतको कार्यबाट पुनरावेदक प्रतिवादीले अपराध गरेको भन्ने कुनै ठोस आधार प्रमाण देखिँदैन । भ्रष्टाचार जस्तो गम्भीर अपराधमा अनुमानको आधारमा अभियोग लगाउन नमिल्ने । **(प्रकरण नं. २४)**

राष्ट्रसेवक कर्मचारीले पदमा रही असल नियतले गरेको कार्यलाई अन्यथा ठोस प्रमाण आधारबाट बदनियत नदेखिएसम्म आरोप लगाउन मिल्ने हुँदैन । पदमा बहाल रहेकै समयमा असल मनसायले कार्य गरेको र आफूले गरेको काम कारबाहीमा संस्थानलाई हानिनोक्सानी पुगेको मानी समयको माग भएको स्थितिमा उचित समय वा मौका प्रदान गर्नु सम्बन्धित अधिकृतको कर्तव्य हुन जाने । **(प्रकरण नं. २४)**

पुनरावेदक प्रतिवादीले आफ्नो जिम्मा रहेको रकममध्ये बाँकी रहेको रकम पनि बुझाउँछु भनी स्वीकार गरी पटकपटक बुझाई राखेको देखिएको परिप्रेक्ष्यमा बदनियतपूर्वक खाने मास्ने अभिप्राय नदेखिएकोमा भ्रष्टाचार जस्तो गम्भीर फौज्दारी कसुर गरेको ठहऱ्याउन मुनासिब नहुँदा आरोपित अभियोगबाट प्रतिवादीले सफाइ पाउने । **(प्रकरण नं. २५)**

## १.३४

| **निर्णय नं. ४१९७**<br>**संयुक्त इजलास** | **विषयः भ्रष्टाचार** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३२ सालः २०४७ महिनाः मङ्सिर अङ्कः ८ | फैसला मितिः २०४७/०८/१० |

पुनरावेदक/प्रतिवादीः जि.मोरङ नेपाल खाद्य संस्थान डिपो कार्यालय डाडा बजारको डिपो प्रमुख नरबहादुर बुढाथोकी विरुद्ध विपक्षी/वादी : विशेष प्रहरी अधिकृतको प्रतिवेदनले वादी श्री ५ को सरकार ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अर्कालाई दोषारोपण गर्दैमा प्रतिवादीले सफाइ पाउने नदेखिने । **(प्रकरण नं. १७)**

पुरानो रकम प्रतिवादीको नाममा बेरुजु रहेको र उक्त बेरुजु निजको तलबबाट कट्टा गरेको समेत देखिँदा त्यस्तो बेरुजु आफूले स्वीकार गरी सकेपछि चौकीदारले हिनामिना गरेको भन्न नमिल्ने । **(प्रकरण नं. १७)**

पुरानो भनिएको रकम आफ्नो तलबबाट बुझाइसकेको कुरा स्वीकार गरेको समेतबाट प्रतिवादीले हिनामिना गरेको होइन भन्न नमिल्ने । **(प्रकरण नं. १७)**

# भाग : २
# नियुक्ति, सरूवा र बढुवा

| | |
|---|---|
| **निर्णय नं. ९५११**<br>**संयुक्त इजलास** | **विषय: असुविधाको कारणले सरुवा बदर नहुने** |
| नेपाल कानुन पत्रिका<br>भाग: ५७ साल: २०७२ महिना: चैत अङ्क: १२ | फैसला मिति: २०७२/०३/१३ |

पुनरावेदक/प्रतिवादी: जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं. ९ घर भई हाल जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीमा सहायक पाँचौ तह, अ.न.मी. पदमा कार्यरत वर्ष ४१ की प्रतिभाकुमारी सिंह विरुद्ध विपक्षी/वादी : नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदिकाले उल्लेख गरेबमोजिम निजको सरुवालाई अनधिकार भन्न मिल्दैन । कर्मचारी प्रशासनको तल्लो तह माथिल्लो तहको नियन्त्रणमा रहन्छ । यसमा तल्लो तह जिल्ला स्वास्थ्य कार्यालय माथिल्लो तह क्षेत्रीय स्वास्थ्य निर्देशनालय अन्तर्गत रहने तह हो । तल्लो तहले पाएको अधिकारको राम्रो प्रयोग भयो भएन लगायतको कामकुराको अनुगमन गरी तल्लो तहको कमी कमजोरी सुधार्ने दायित्व माथिल्लो तहमा रहेको हुन्छ । त्यसो नगर्दा सुशासन र कानुनको शासन बहाल हुन सक्दैन । यो माथिल्लो तहको जिम्मेवारीभित्र पर्ने कुरा हो । अत: जिल्ला स्वास्थ्य कार्यालयको मातहतका कर्मचारीलाई सरुवा गर्ने अधिकार माथिल्लो तहले प्रयोग गर्न पाउँदैन भनी हठात् भन्न मिल्दैन । सरुवाको विवाद मुद्दा मामिलाको फैसलाको विषय नभएको र यसको प्रकृति पनि अस्थायी भएकोले यसमा मुद्दाको फैसलासरहको अधिकारक्षेत्रको परिकल्पना गर्न मिल्दैन र सो गर्नु उचित पनि हुँदैन । यस्तो कुराको समाधान अदालतको फैसलाबाट हुनु सामाजिक न्याय, सुशासन, जबाफदेही, कानुनको शासनको प्रवर्द्धन आदि हिसाबबाट उपयुक्त नहुने । **(प्रकरण नं.१०)**

संविधानले रिट उपचारको व्यवस्था गरेको भए पनि यो उपचार समन्यायको उपचार हो । यसमा अदालतको विवेकलाई प्रशस्त ठाउँ रहन्छ । निवेदिकाको सेवा यथावत् छ । तलब सुविधामा कुनै कटौती छैन । कामको अवधि बढेको छैन । ७ माइल टाढा उही जिल्लाभित्र सरुवा भएको छ । निवेदिका सधैं अपायक ठाउँमा सरुवा भएकी अवस्था पनि छैन । निवेदिका भेदभावको सिकार हुनु भएकी छैन । सरुवाबाट केही असुविधा भए होला तर हक हनन् भएको छैन । असुविधाको कारणले सरुवा बदर नहुने । **(प्रकरण नं.१३)**

रिटको विशेषता भनेको यो सामान्य कानुनी त्रुटिमा जारी हुँदैन । यस्तो त्रुटिलाई harmless or small or negligible error भनिन्छ । रिट आदेश जारी गर्दा स-साना कानुनी त्रुटिभन्दा पनि

अन्यायको गम्भीरताको विचार गर्नुपर्ने हुन्छ। प्रस्तुत सरुवा विरूद्ध अन्तरिम आदेश जारी नभएको, सरुवा भएको पनि ७ महिना व्यतीत भइसकेको, सरुवाको प्रकृति अस्थायी भएको समेतको समग्र परिस्थितिको मूल्याङ्कनबाट विवादित सरुवाबाट निवेदिकालाई अन्याय परेको भन्न नमिल्ने। **(प्रकरण नं.१४)**

## २.२

| | |
|---|---|
| **निर्णय नं. ८८३८**<br>**विशेष इजलास** | **विषयः भ्रष्टाचार** |
| नेपाल कानुन पत्रिका<br>भागः ५४ सालः २०६९ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०६९/०३/२८ |

पुनरावेदक/प्रतिवादीः निवेदकः जि. खोटाङ्ग, खोटाङ्गबजार गा.वि.स. वडा नं. १ घर भई हाल ऋण असुली न्यायाधिकरणमा रा.प.अनं. प्रथम श्रेणी (विशेष) ना.सु. पदमा कार्यरत श्यामकुमार ओभ्का विरुद्ध विपक्षी/वादी : विपक्षीः सर्वोच्च अदालत, बढुवा समितिको सचिवालयसमेत।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदक कार्यरत कार्यालय समावेश नभएको भन्ने आधारले मात्रै संविधान र प्रचलित कानुनको अधिकारअन्तर्गत निर्माण भई लागु भएको न्याय सेवा (समूह गठन तथा श्रेणी विभाजन, नियुक्ति, सरुवा, बढुवा) नियमहरू, २०५१ को नियम ११(२) को खण्ड (क) को व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा २१ र २४ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को प्रावधानविपरीत छ भनी अर्थ गर्न नमिल्ने। **(प्रकरण नं.६)**

अदालतले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (१) को असाधारण अधिकारक्षेत्रअन्तर्गत कुनै प्रचलित कानुनी व्यवस्था कुनै संवैधानिक प्रावधान वा कुनै नियम आफ्नो मातृ ऐनसँग बाभिएको अवस्थामा मात्र त्यस्तो बाभिएको कानुनलाई अमान्य र बदर घोषित गर्ने हो। तर कुनै नियममा केही कुरा नभएको भन्ने अवस्थामा सो उल्लेख नभएको कारणले उक्त कानुन संविधान वा मातृ ऐनसँग बाभिएको भनी बदर वा अमान्य गर्नुपर्ने अवस्था नआउने। **(प्रकरण नं.७)**

एउटै सेवा र एउटै समूहमा पर्ने विभिन्न कार्यालयमा कार्यरत सबै कर्मचारीहरूले पदोन्नतिको उचित र समान अवसर पाउनु पर्दछ। सोको लागि सम्बन्धित ऐन, नियमद्वारा उचित व्यवस्थापन हुनुपर्नेमा यी निवेदक कार्यरत रहेको अड्डा बढुवा प्रयोजनका लागि कुनै समूहमा अहिलेसम्म नपरेको अवस्थालाई ठीक मान्न नसकिने। **(प्रकरण नं.१०)**

## २.३

| निर्णय नं. ९४७९<br>संयुक्त इजलास | विषयः राजदूतको पदावधि सम्बन्धमा |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५७ सालः २०७२ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०७१/१२/२९ |

पुनरावेदक/प्रतिवादीः जिल्ला कञ्चनपुर, भीमदत्त नगरपालिका वडा नं. १८ घर भई हाल स्टेट अफ कतारको नेपाली राजदूतावास कतारमा नेपाली राजदूतमा कार्यरत डा. मायाकुमारी शर्मा विरुद्ध विपक्षी/वादी : अध्यक्ष, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी बनाएको देखिएकाले सो नियमावलीको स्रोत निजामती सेवा ऐन, २०४९ भएको भन्ने कुरामा विवाद छैन । रिट निवेदक निजामती कर्मचारी वा नेपाल परराष्ट्र सेवाको कर्मचारी नभई राजनीतिक प्रकृतिबाट नियुक्त राजदूत भएको देखिन्छ । त्यसका अतिरिक्त नेपाल परराष्ट्र सेवासम्बन्धी नियमहरू, २०६८ को नियम ७ सरुवा सम्बन्धी व्यवस्थासँग सम्बन्धित भई उपनियम (३) मा "अवधि तोकी सरुवा गरिएमा बाहेक नियोगमा कार्यरत कर्मचारीलाई सामान्यतया चार वर्षको सेवा अवधि पूरा भएपछि सरुवा गरिनेछ" भन्ने व्यवस्था भएकाले नियोगमा कार्यरत परराष्ट्र सेवाका कर्मचारीको सरुवाको सम्बन्धमा लागु हुने उक्त नियमको व्यवस्था नियोग प्रमुख राजदूतको पदावधि सम्बन्धमा पनि लागु हुने भन्न मिल्ने नदेखिने । **(प्रकरण नं. ५)**

रिट निवेदकलाई एक नियोगबाट अर्को नियोगमा सरुवा गरेको नभई राजदूत पदबाट मुक्त गरी फिर्ता बोलाइएको अवस्था भएकाले निजामती कर्मचारी एवम् नेपाल परराष्ट्र सेवाका कर्मचारीहरूलाई लागु हुने उक्त नियमावलीको व्यवस्था रिट निवेदकको हकमा आकर्षित हुने भन्ने देखिन नआउने । **(प्रकरण नं. ५)**

वस्तुतः राजदूतको पद प्रशासनिक वा निजामती पद नभई आफ्नो मुलुकको सरकारको नीति र निर्देशनको अधीनमा रही अर्को सार्वभौम मुलुकमा आफ्नो मुलुकको प्रतिनिधित्व गरी कामकाज गर्नुपर्ने राजनीतिक प्रकृतिको पद हो । यो पद कुनै एक मुलुकको कानुनबाट मात्र निर्देशित नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, कूटनीतिक सम्बन्ध विषयक भियना महासन्धिलगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट निर्देशित भई अन्तर्राष्ट्रिय सम्बन्धको मधुरता, सहयोग, समझदारी, पारस्परिकता एवम् कूटनीतिक मर्यादामा रही काम गर्ने पद हो । एउटा सार्वभौम मुलुकले अर्को सार्वभौम मुलुकमा आफ्नो देशको प्रतिनिधित्व गर्न भनी तोकिएको यस्तो पदमा रही गरिएको कुनै पनि कार्यबाट दुई देशबिचको सम्बन्धमा कटुता वा तिक्तता पैदा भएको अवस्थामा सम्बन्धित सरकार (Sending State) ले जुनसुकै बेला जिम्मेवारीबाट मुक्त गराई स्वदेश फिर्ता बोलाउन सक्ने । **(प्रकरण नं. ७)**

राजदूतको पदमा नियुक्त भएको व्यक्तिको कुनै पनि आचरण, अभिव्यक्ति एवम् क्रियाकलापबाट दुई देशबिचको सुमधुर सम्बन्धमा प्रतिकूल असर पर्न गएको अवस्थामा त्यस्तो राजदूतलाई सम्बन्धित देशको सरकारले जुनसुकै बेला फिर्ता बोलाउन सक्ने कार्यपालिकाको निहित अधिकार भएकाले सोही अधिकार प्रयोग गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट कतारको लागि नेपाली राजदूत पदबाट रिट निवेदकलाई पद मुक्त गरी स्वदेश फर्काउने भनी गरेको निर्णय त्रुटिपूर्ण नदेखिँदा रिट निवेदकलाई कूटनीतिक सम्बन्ध विषयक भियना महासन्धि (Vienna Convention on Diplomatic Relation) १९६१ विपरीत अनधिकृत निकायबाट पदमुक्त गरिएको भन्ने निवेदन जिकिर मनासिब नदेखिने । **(प्रकरण नं. ८)**

## २.४

| **निर्णय नं. ७७७१**<br>**पूर्ण इजलास** | **विषय: सरुवा र रमाना** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: माघ अङ्क: १० | फैसला मिति: २०६३/१०/२५ |

पुनरावेदक/प्रतिवादी: निवेदक: जिल्ला कैलाली धनगढी न.पा.वडा नं. ३ घर भई मालपोत कार्यालय, डोटीमा खरिदार पदमा कार्यरत शेरबहादुर वोगटी विरुद्ध विपक्षी/वादी : विपक्षी: बढुवा समितिको सचिवालय, जिल्ला प्रशासन कार्यालय, डोटीसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

संयुक्त इजलासबाट अलगअलग तथ्यगत पृष्ठभूमिमा अलगअलग कानुनी व्यवस्थाका आधारमा निर्णय भएको अवस्था र स्थितिका विषयलाई लिएर एक निश्चित सिद्धान्त हुन नसक्ने हुँदा एक निश्चित सिद्धान्त कायम नभएको भन्ने सन्दर्भ स्वतः नरहने । **(प्रकरण नं.१७)**

सरुवा र रमानालाई एकैरूपमा हेर्न मिल्दैन भने सरुवालाई रमानाले प्रतिस्थापना गर्ने पनि होइन । यी दुई अवस्था समान नहुने ।

विपक्षीको सरुवा मिति २०५५।२।२६ मा भएको देखिएकोमा सरुवा र प्रतिशत निर्धारण बीचको समय जम्मा ५ दिन मात्र भई निजामती कर्मचारीले एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भई जाँदा पाउने नि.से.नि. २०५० को नियम ४० को म्यादभित्रै प्रतिशत निर्धारण भएको अवस्थामा निजामती सेवा ऐन २०४९ को दफा १२ तथा निजामती सेवा नियमावलीको नियम ७६ (ग) का आधारमा सरुवा मिति २०५५।२।२६ मा भए पनि मिति २०५५।२।३१ मा प्रतिशत, निर्धारण भई सोही निर्धारित प्रतिशतको आधारमा मिति २०५५।३।२२ मा प्रकाशित बढुवाको सूचनाअनुसार बढुवाको उम्मेदवार कायम गरी साबिक कार्यालय क्षेत्रभित्रको ना.सु. पदमा बढुवा गर्ने गरेको बढुवा समितिको निर्णय एवं सो निर्णय सदर गर्ने गरेको का.मु. रजिष्ट्रारको निर्णय कानुनसम्मत देखिने । **(प्रकरण नं.१८)**

## २.५

| **निर्णय नं. ७४०३**<br>**पूर्ण इजलास** | **विषय: बढुवाको सिफारिस** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४६ साल: २०६१ महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०६१/०३/१७ |

पुनरावेदक/प्रतिवादी: निवेदक: जिल्ला अर्घाखाँची गा.वि.स. पोखराथोक वडा नं. २ घर भई श्री ५ को सरकार कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग, आर्थिक विश्लेषण तथा तथ्याङ्क निर्देशनालय हरिहरभवन ललितपुरमा सहायक कृषि अर्थविज्ञ पदमा कार्यरत वर्ष ४९ को जीवराज गौतम विरुद्ध विपक्षी/वादी : विपक्षी: श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अङ्क गणना गरी बढुवाको सिफारिसको नामावलीको सूचना प्रकाशित भएपछि बढुवा नामावलीमा आफ्नो नाम नपरेका उम्मेदवारले सिफारिसमा चित्त नबुझ्ने ३५ दिनभित्र सो बढुवा सिफारिसका विरुद्ध उजुर गर्न पाउने व्यवस्थासमेत निजामती सेवा ऐनको दफा २०च. ले गरेको पाइन्छ । यसप्रकार उल्लेख भएका यावत् व्यवस्थाले निजामती कर्मचारीले आफूले हासिल गरेका ऐनबमोजिम पाउने अङ्क गणना गरिएको रहेनछ भने निज बढुवाको लागि वञ्चित भई उसको बढुवा पाउने हकाधिकारमा आघात पर्न पुग्ने कुरामा विवाद गर्न मिल्ने अवस्था नआउने ।

निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा २१ बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता, दफा २४ को बढुवाको आधार, दफा २४क. को कार्यसम्पादन मूल्याङ्कन, दफा २४ख. जेठताको मूल्याङ्कन, दफा २४ग. भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको मूल्याङ्कन, दफा २४घ. शैक्षिक योग्यता र तालिमको मूल्याङ्कनसम्बन्धी व्यवस्थाको हेरफेरले निवेदन जिकिरअनुसार पनि बढुवा सिफारिस हुन पाउने अधिकारमा प्रत्यक्ष प्रभाव पार्न सक्ने देखिएकोले यससम्बन्धी व्यवस्थालाई कार्यविधि कानुनको संज्ञा दिन नमिल्ने ।

निजामती सेवा ऐनको संशोधनको प्रक्रिया पश्चात्दर्शी नभई भविष्यलक्षी रहेको र तोकिएको भविष्यलक्षी समयसमेत पार गरी ऐनका प्रावधान क्रियाशील भइसकेको समेत देखिन आउँदा सो संशोधित ऐनको व्यवस्था कार्यविधि कानुन रहेको र सो पश्चात्दर्शी प्रयोग हुनसक्ने भन्ने निवेदकतर्फको जिकिरसँग सहमत हुन नसकिने ।

बढुवा सूचना देखिका यावत् प्रक्रियालाई स्वीकार गरी आफू सोबाट लाभान्वित हुन नसकेपछि पछि आएको कानुनलाई आधार टेकी निवेदक आएको अवस्था देखिँदा जुन सारवान कानुनअन्तर्गतको आधारमा कार्यवाही सुरु भएको हो सो अन्त नहुँदै पछिको कानुनले निवेदकलाई मद्दत गर्न सक्ने अवस्था नदेखिने ।

२.६

| **निर्णय नं. ७३५०**<br>**संयुक्त इजलास** | **विषय: बढुवा समितिको निर्णय** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४६ साल: २०६१ महिना: असार अङ्क: ३ | फैसला मिति: २०६१/०३/२९ |

पुनरावेदक/प्रतिवादी: श्री ५ को सरकार अर्थ मन्त्रालयमा टाइपिष्ट खरिदार पदमा कार्यरत पन्तेभाई महर्जन विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार अर्थ मन्त्रालय काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

टाइपिष्ट पदमा कार्यरत कर्मचारीको कामको प्रकृति र प्रशासनतर्फ कार्यरत कर्मचारीको कामको प्रकृति भिन्न हुने भई टाइपिष्ट पदमा कार्यरत कर्मचारीलाई प्रशासनतर्फ बढुवाको लागि प्रशासकीय तालिम लिएको हुनुपर्ने पूर्वशर्त राखिनु स्वाभाविक हुने ।

सेवाकालीन तालिमको मात्र निजामती कर्मचारीले बढुवामा अङ्क पाउने हुन्छ। निजामती सेवा नियमावली, २०५० को नियम ८८ ले अङ्गीकार  गरेको टाइपिष्ट वर्गीकरण योजना तथा उक्त नियमकै कार्यान्वयनको रूपमा आएको सामान्य प्रशासन मन्त्रालयको मिति २०५२।११।१५ को परिपत्रले नै प्रशासकीय तालिमलाई बढुवाको उम्मेदवारको लागि पूर्वशर्त अर्थात् आवश्यक योग्यताको रूपमा राखिसकेपछि त्यही तालिमलाई सेवाकालीन तालिमको रूपमा मानी निजामती सेवा ऐन, २०४९ को दफा २४(घ) (५) अनुसार अङ्क पाउने भन्न मिल्ने देखिन नआउने ।

बढुवाको लागि उम्मेदवार हुन आवश्यक आधारभूत योग्यताको रूपमा रहेको प्रशासकीय सहायक तालिमलाई छुट्टै तालिमबापत पनि निजामती सेवा ऐन, २०४९ को दफा २४(घ)(५)अनुसारको अङ्क प्रदान गर्न मिल्ने नदेखिँदा टाइपिष्ट पदमा कार्यरत निवेदकलाई त्यस्तो अङ्क नदिएको विपक्षी बढुवा समितिको निर्णय र सोलाई सदर गरेको अर्थ मन्त्रालयका सचिवको मिति २०५७।२।४ को निर्णयसमेतमा कुनै कानुनी त्रुटि नदेखिने । **(प्रकरण नं. १४ र १५)**

२.७

| **निर्णय नं. ७२७०**<br>**पूर्ण इजलास** | **विषय: लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन गरे अनुसार भए गरेका काम कारबाहीहरूबारे** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४५ साल: २०६० महिना: पुस अङ्क: ९ | फैसला मिति: २०६०/१०/२२ |

पुनरावेदक/प्रतिवादीः जि.धादिङ्ग खरी गा.वि.स.वडा नं. ९ घर भई हाल जिल्ला स्वास्थ्य कार्यालय, सिन्धुलीमा अस्थायी पियन पदमा कार्यरत शोरण गुरुङ्गसमेत विरुद्ध विपक्षी/वादी : स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवामा उपयुक्त कर्मचारीहरूको छनौट गर्ने आफूमा निहित अधिकार आयोगले श्री ५ को सरकारका कुनै कर्मचारीलाई सुम्पिएको आधारमा त्यस्तो कर्मचारीहरूबाट सो सम्बन्धमा भए गरेका काम कारबाहीहरू आयोग स्वयंबाट भए गरेको मानिने ।

आयोगद्वारा सुम्पिएको अधिकार प्रयोग गरी भएको काम कारबाहीका सम्बन्धमा आयोगद्वारा निर्धारित कार्यविधि पूरा भए नभएको निरीक्षण गरी निर्णय गर्ने संयन्त्र (Mechanism) को रूपमा कानुनले आयोगलाई नै स्थापित गरेको देखिन देखिने ।

आयोगद्वारा सुम्पिएको अधिकार प्रयोग गरी भएको पदपूर्तिसँग सम्बन्धित काम कारबाहीमा निर्धारित शर्त एवं कार्यविधि पूरा भए नभएको निरीक्षण गरी निर्णय गर्ने अधिकार अन्यथा व्यवस्था भएकोमा बाहेक लोकसेवा आयोगबाहेकका अन्य निकाय वा पदाधिकारीलाई भएको देखिन नआउने ।

आयोगद्वारा प्रत्यायोजित अधिकार प्रयोग गरी विपक्षी कार्यालयबाट भएगरेका काम कारबाहीका सम्बन्धमा समेत सो ऐनको व्यवस्थाअनुसार छानबिन तथा निरीक्षण गरी उपयुक्त निर्णय गर्न सक्ने अधिकार आयोगलाई मात्र भएकोमा विवाद हुन सक्दैन । त्यसविपरीत उल्लिखित काम कारबाहीका सम्बन्धमा विपक्षी मन्त्रालयबाट विपक्षी जिल्ला स्वास्थ्य कार्यालयलाई आफ्नो प्रशासकीय नीति तथा नियन्त्रण कार्यान्वयन गर्ने निकायको रूपमा निर्देशन दिई सो निर्देशन पालन नगरेको भनी विज्ञापन नै रद्द गरी पुनः विज्ञापन गर्ने गरी भएको निर्णयमा कुनै कानुनी आधारसमेत देखिन नआउने ।

आयोगद्वारा सुम्पिएको अधिकार प्रयोग गरी विपक्षी जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीबाट प्रकाशित विज्ञापन अनुसार अन्तर्वार्ता समेत सम्पन्न भई नतिजा प्रकाशित गरी नियुक्ति पत्र दिने भनी निर्णय भइसकेको अवस्थामा विपक्षी स्वास्थ्य मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट आफूखुसी ३ सदस्यीय छानबिन टोली गठन गरी सो टोलीबाट प्राप्त प्रतिवेदनको आधारमा विवादित विज्ञापन रद्द गरी पुनः विज्ञापन गर्नु भनी गरिएको श्री ५ को सरकार (मन्त्रिस्तर) को मिति २०५४।१०।३ को निर्णयमा कानुनद्वारा निर्धारित अधिकार क्षेत्रको स्पष्टरूपमा उल्लङ्घन हुन गएको देखिने ।

कानुनबमोजिम अर्कै निकायलाई भएको अधिकार आफूखुसी ग्रहण गरी अधिकारै नभएको निकायले गरेको निर्णयको कुनै कानुनी मान्यता नहुने भई शून्य स्थितिमा रहने भएबाट त्यस्तो निर्णय बदर नै नभएको अवस्थामा पनि कानुनीरूपमा शून्य स्थितिमा रही प्रभावहीन हुने भएकोले रिट निवेदनमा श्री ५ को सरकार (मन्त्रीस्तर) को मिति २०५४।१०।३ को विवादित निर्णय बदर गरी पाऊँ भन्ने स्पष्ट मागदाबी नभएको भन्ने आधारमा मात्र अधिकारक्षेत्रविहीन निकायबाट भएको निर्णयलाई यथावत् राखिरहनु मनासिब नदेखिने ।

श्री ५ को सरकार (मन्त्रिस्तर) बाट मिति २०५४।१०।३ मा उक्त विज्ञापन रद्द गरी पुनः विज्ञापन गर्ने गरी भएको निर्णय तथा त्यस सम्बन्धमा भएको कामकारबाही अधिकारक्षेत्रविहिन भई शून्य अवस्थाको देखिन आएको र त्यस्तो अधिकारविहिन शून्य अवस्थाको निर्णय स्वतः प्रभावहीन हुने भएकोले विपक्षी जिल्ला स्वास्थ्य कार्यालय सिन्धुलीद्वारा निवेदकहरूलाई छनौट गरी प्रकाशित नतिजा तथा निजहरूलाई नियुक्तिपत्र दिने गरी भएको उक्त कार्यालयको मिति २०५४।८।३० को निर्णयअनुसार निवेदकहरूलाई नियुक्ति दिई काममा लगाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. ११ देखि १३)**

## २.८

| | |
|---|---|
| **निर्णय नं. ७०९५**<br>**संयुक्त इजलास** | **विषयः बढुवा** |
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०५८/०६/०९ |

निवेदकः उदयनिधि तिवारीको छोरा जि.लम्जुङ् गा.वि.स चीति वडा नं ९ तिवारीडांडा स्थायी घर भई हाल का.जि.का.म.न.पा वडा नं ३ पानी पोखरी बस्ने राष्ट्रिय योजना आयोगको सचिवालय सिंहदरबारमा सहसचिव पदमा कार्यरत वर्ष ५१ को रामकृष्ण तिवारी विरुद्ध विपक्षीः श्री ५ को सरकार मन्त्रिपरिषद्, मुकाम मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाण्डौंसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

बढुवा सिफारिसको निर्णयमा पुग्नु पर्ने बढुवा समितिले निजामती सेवा नियमावली, २०५० को नियम ८५ बमोजिम व्याख्या गरी आवश्यक व्यवस्था गर्न नमिल्ने भन्न नमिल्ने ।

उम्मेदवारको कार्यसम्पादन पनि निजामती सेवा ऐन, ०४९ को दफा २४(२) बमोजिम कार्यक्षमताअन्तर्गत कै क्षमता भएको र स्पष्टरूपमा कार्यसम्पादन भन्ने उल्लेख हुँदा कार्यसम्पादन मूल्याङ्कनलाई कार्यसम्पादन क्षमता भनी विशेषीकृत गरेकोले बढुवा समितिको २०५८।१।५ को बढुवा सिफारिस निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

बढुवा समितिको सिफारिसमा निवेदकको नाम समावेश भएको समेत नपाइँदा बढुवा सिफारिस मै नपरेका निवेदकलाई बढुवा समितिबाट बढुवा सिफारिस भएकाहरूमध्येबाट बढुवा गर्ने गरेको श्री ५ को सरकार मन्त्रिपरिषद्को ०५८।१।६ को निर्णयलाई चुनौती दिने हक नरहने ।

निवेदकले का.स.मू. बापत आफूले यति नम्बर पाउनु पर्ने भन्न र अदालतले यति नम्बर निवेदकलाई दिनु पर्ने भनी आदेश गर्न नमिल्ने ।

रा.प.विशिष्ट श्रेणीको रिक्त १७ पदको बढुवाको लागि कार्यसम्पादन क्षमताको आधारमा रिक्त पदको पचास प्रतिशतसमेत थप गरी बढुवा सिफारिस गरेको बढुवा समितिको ०५८।१।५ को

सिफारिस निर्णय र सो सिफारिस गरिएका उम्मेदवारहरूमध्येबाट रा.प.विशिष्ट श्रेणीको पदमा बढुवा गरी पदस्थापन गर्ने गरेको श्री ५ को सरकार मन्त्रिपरिषद्को ०५८।१।६ को निर्णय समेतका काम कारबाहीबाट निवेदकको हकमा कानुनविपरीत आघात पुगेको भन्न नसकिने । **(प्रकरण नं. ३६ देखि ३९)**

## २.९

| **निर्णय नं. ७०८३**<br>**संयुक्त इजलास** | **विषयः बढुवा समितिबाट भएको गणितीय त्रुटि बारे** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०५८/१२/२० |

पुनरावेदक/प्रतिवादी : पर्सा जिल्ला वीरगन्ज उप महानगरपालिका वडा नं. १५ मा घर भई हाल श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयअन्तर्गत जिल्ला खानेपानी कार्यालय, धनकुटाको सहायक जिल्ला इन्जिनियर पदमा पदाधिकार कायम रही त्रि.वि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसमा अध्ययनरत अरूणकुमार सिंखडा विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग, केन्द्रीय कार्यालय कमलपोखरी काठमाडौंसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

बढुवा समितिबाट गणितीय त्रुटि गरी गरेको औषत गणनासम्मलाई बढुवा उजुरीउपरको पुनरावेदन सुन्ने क्रममा सच्याई निर्णय गरेकोसम्म देखिएको र त्यस्तो गणितीय भुलसुधार गर्न लोकसेवा आयोगले नपाउने भन्न नमिल्ने । **(प्रकरण नं. २२)**

## २.१०

| **निर्णय नं. ७०६८**<br>**विशेष इजलास** | **विषयः बढुवाका लागि आवश्यक योग्यता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०५८/१२/२९ |

पुनरावेदक/प्रतिवादीः जिल्ला काठमाडौं, मूलपानी गा.वि.स.वडा नं.३ घर भई हाल जिल्ला स्वास्थ्य कार्यालय, काभ्रेमा हेल्थ एजुकेशन समूह वरिष्ठ पाँचौ तहमा सेवारत हरिशरण कार्कीसमेत विरुद्ध विपक्षी/वादी : कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

स्वास्थ्य समूहको पदमा सोही विषयको शैक्षिक योग्यता तोकिनुबाट रिट निवेदकहरूप्रति भेदभावयुक्त र असमानताको व्यवहार गरिएको भन्नु उपयुक्त नहुने ।

माथिल्लो स्तरको पदमा पदोन्नतिको लागि आवश्यक योग्यता तोकिएकोमा सो योग्यता नभएका व्यक्तिहरूले निजहरूका विरुद्ध भेदभाव गरियो भन्ने कुरा औचित्यपूर्ण नहुने ।

स्वास्थ्य शिक्षा समूहमा सो समूहको माथिल्लो पदको लागि विशेष शैक्षिक योग्यता तोकिएको कारणबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ सँग बाझिन गएको नदेखिने । **(प्रकरण नं. १२ र १३)**

## २.११

| **निर्णय नं. ६५७८**<br>**विशेष इजलास** | **विषय: बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४० साल: २०५५ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०५५/०१/१८ |

पुनरावेदक/प्रतिवादी: जि.धनुषा हंसपुर कठपुल्ला गा.वि.स. वडा नं. ६ घर भई हाल जनकपुर अञ्चल अस्पतालमा ख. पदमा कार्यरत बिल्टु शाह । विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

ऐन नियमले दिएको अधिकार प्रयोग गरी गरिएको कार्यलाई त्रुटियुक्त भनी भन्न मिल्ने अवस्था पनि देखिन आउँदैन । ऐन कानुनमा रहेको व्यवस्थाको व्याख्या गर्दा सरल र सोझो अर्थ खुल्ने रहेछ भने त्यसलाई आत्मपरकरूपले आफ्नो हित रक्षार्थ प्रयोग हुने किसिमले भई रहेको व्यवस्थामा दुबिधा र क्लिष्टता आउने गरी गर्नु न्यायोचित र विवेकपरक हुन सक्दैन । विधायिकी मनसायलाई कुण्ठित हुने किसिमले अर्थ गर्नुलाई तर्कपूर्ण व्याख्या हो भन्न नसकिने । **(प्रकरण नं.१५)**

जहाँसम्म जिल्ला न्यायाधीशको अध्यक्षतामा बसेको वा बस्ने समितिउपर उजुर सुन्ने अधिकारी पुनरावेदन अदालतको रजिष्ट्रार हुनु हुँदैन, जिल्ला न्यायाधीश बढुवा समितिमा बसी गरेको निर्णयलाई पुनरावेदन अदालतको रजिष्ट्रारले उजुरी सुनी निर्णय गर्न मिल्दैन भन्ने निवेदन कथन छ । त्यसरी उजुरी सुन्न मिल्दैन । तोक्नु हुँदैन भनी संविधान, कानुन र ऐनले निषेध गरेको पाइँदैन । प्रचलित ऐन कानुनले निषेधित नगरेको कुरालाई केवल तर्कका आधारमा मात्र भइरहेको व्यवस्थामा असर पुग्ने गरी खण्डित गर्नु युक्तिसङ्गत नहुने । **(प्रकरण नं. १६)**

बढुवाको लागि उम्मेदवार हुने प्रयोजनको सन्दर्भमा सेवा प्रवेशको अर्थ बढुवा हुने पदलाई आधार मानेर अर्थात् जुन पदको लागि सम्भाव्य उम्मेदवारसम्म भएको छ सोमा पुगिसकेका अर्थ गरी

सो पदको लागि खुल्ला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योगयतालाई न्यूनतम शैक्षिक योग्यता हो भनी अर्थ गर्न मिल्ने देखिँदैन । जुन पदमा कार्यरत छ सोही पदलाई निजामती सेवामा बहाल रही बढुवा प्रक्रियाद्वारा उपल्लो पद हासिल हुने प्रत्येक अवस्थालाई सेवा प्रवेश भनी अर्थ गर्नु न्यायोचित र औचित्यपूर्ण हुन सक्दैन । त्यो केवल पदोन्नति मात्र हो, सेवा प्रवेश होइन । पदोन्नति भन्नु र सेवा प्रवेश भन्नु अलगअलग कुरा हो । आफू कार्यरत उही सेवाको एक तहमाथि हुने पदोन्नतिबाट माथिल्लो पदसम्म प्राप्त हुने हो । संविधानको धारा १२४ ले व्यवस्था गरेबमोजिम श्री ५ को सरकारले गठन गरेको विभिन्न सेवामध्येको पदमा प्रवेश भएको उही सेवामा तोकिएबमोजिम तह-तहबाट प्रत्येक तहको पदोन्नति हुने व्यवस्थालाई सेवा प्रवेश मानी सम्भाव्य उम्मेदवारसम्म हुने पदको लागि खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यता नै बढुवा प्रयोजनको लागि पनि सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता हो भन्ने निवेदन कथनसँग सहमत हुन सकिएन । जुनसुकै सेवामा एकपटक प्रवेश गरी पछि बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना जुन पदबाट बढुवा हुने हो अर्थात् जुन पदमा उम्मेदवार कार्यरत छ सोही पदलाई तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता हो भन्ने अर्थ गर्नु नै न्यायोचित र विवेकपूर्ण देखिने । **(प्रकरण नं. १९)**

## २.१२

| **निर्णय नं. ६३३३**<br>**संयुक्त इजलास** | **विषय : न्यूनतम शैक्षिक योग्यता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३९ साल: २०५४ महिना: असार अङ्क: ३ | फैसला मिति: २०५३/०८/२६ |

पुनरावेदक/प्रतिवादी: निवेदक: जिल्ला गुल्मी ग्वादी गा.वि.स.वडा नं. ६ बस्ने टासुराम ज्ञवाली । विरुद्ध विपक्षी/वादी : विपक्षी: श्री लोकसेवा आयोग केन्द्रीय कार्यालयसमेत २ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदकले लोकसेवा आयोगबाट प्रकाशित विज्ञापन नं. ९६३।०५२ अनुसार मेडिकल अधिकृत पदको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा हुने पदको लागि दरखास्त फाराम पेस गरेकोमा खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने होइन । लोकसेवा आयोगले विज्ञापन नं. ९६३।०५२ को लागि समेत एम.वि.वि.एस., एम.डी. वा सोसरहको शैक्षिक योग्यता तोकेको मिलेन र त्यसरी तोक्ने अधिकार विपक्षी लोकसेवा आयोगलाई छैन भनी लिएको जिकिरतर्फ हेर्दा, लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ७ मा आयोगबाट लिइने परीक्षाको विभिन्न तरिकाहरू तोकिएको छ जसभित्र विज्ञापन नं. ९६३।०५२ बमोजिम पदपूर्ति गरिने प्रक्रियासमेत समावेश भएको तथा उल्लिखित दफा ७ अन्तर्गतको परीक्षासम्बन्धी शैक्षिक योग्यतासमेत तोक्न सक्ने अधिकार सोही ऐनको दफा ८(१) ले आयोगलाई दिएको देखिन्छ । विज्ञापित जनरल हेल्थ सर्भिसेजअन्तर्गतको मेडिकल अधिकृत पद डाक्टरको भई सो पदमा नियुक्ति हुने व्यक्तिको काम कारबाही प्रत्यक्षरूपमा जनस्वास्थ्यसँग

सम्बन्धित भई अति संवेदनशील भएको तथ्यलाई इन्कार गर्न सकिँदैन । मेडिकल अधिकृतले गर्ने काम तथा निजको सीप र दक्षता निजको शैक्षिक योग्यताले समेत निर्देशित गर्ने कुरामा समेत कसैको दुईमत हुँदैन । सर्वसाधारण जनताको स्वास्थ्य र जीवनमा आइपर्ने रोगव्याधिको उपचारमा लाग्नु पर्ने डाक्टर जस्तो पेशा तथा कामको प्रकृतिले अति नै संवेदनशील पदका लागि लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ८(१) ले दिएको अधिकारबमोजिम नेपाल स्वास्थ्य सेवा नियमहरू, २०५१ को नियम ७ सँग सम्बन्धित अनुसूची ३(१) बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा न्यूनतम शैक्षिक योग्यताको रूपमा प्राप्त एम.डी. वा सो सरहको उपाधि प्राप्त हुनु पर्ने भनी तोकी सो शैक्षिक योग्यता नपुगेको निवेदकलाई प्रतियोगिताबाट हटाउने गरी गरेको विपक्षी आयोगको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने । **(प्रकरण नं. १४)**

## २.१३

| **निर्णय नं. ६१५५**<br>**संयूक्त इजलास** | **विषय : सेवा वा समूह वा दुबै परिवर्तन र बढुवा** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३८ साल: २०५३ महिना: असार अङ्क: ३ | फैसला मिति: २०५३/०३/०३ |

पुनरावेदक/प्रतिवादी: निवेदक: काठमाडौं जिल्ला का.न.पा. वडा नं. १० बानेश्वर बस्ने वर्ष ३९ को लोकमान सिंह कार्की विरुद्ध विपक्षी/वादी : विपक्षी-लोकसेवा आयोग कमलपोखरी श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय नुतनराज श्रेष्ठ, श्री ५ को सरकार, अर्थ मन्त्रालय भन्सार विभाग, त्रिपुरेश्वर काठमाडौं ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सेवा परिवर्तन भन्नाले एक सेवाबाट अर्को सेवा परिणत गरेको वा मिलाइएको भन्ने जनाउँछ, सोबाट नयाँ नियुक्ति भन्ने अर्थ गर्न नमिल्ने । **(प्रकरण नं. २७)**

श्री ५ को सरकारको निर्णयमा नै प्रष्ट शब्दमा कायम रहेका पदहरूलाई नै निजामती सेवाको प्रशासनतर्फको पदमा कायम गरी यी पदमा पुरानो सेवासमेत जोडी सेवा परिवर्तन गरिएको भन्ने देखिँदा अन्यथा अर्थ गर्न नमिल्ने प्रष्ट छ । अब सेवा वा समूह परिवर्तन गर्दाको अवस्थामा लागु रहेको निजामती सेवा नियमावली, २०२१ मा तत् सम्बन्धमा गरेको व्यवस्था हेर्दा निजामती सेवा नियमावली (संशोधनसहित), २०२१ को नियम ३.३.(८ क.) को (च) र (छ) प्रासङ्गिक देखिन्छ । (च) मा आफ्नो इच्छाले सेवा परिवर्तन गरेको मितिले दुई वर्षसम्म भन्ने र (छ) मा आफ्नो इच्छाले समूह वा उप समूह परिवर्तन गराएको भए त्यसरी समूह वा उपसमूह परिवर्तन गरेको मितिले एक वर्षसम्म (बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाइने छैन) भनी व्यवस्था गरेको देखिन्छ । हाल बहालमा रहेको निजामती सेवा नियमावली, २०५० को नियम १३८ खारेजी र बचाउ शीर्षकअन्तर्गत (२) मा निजामती सेवा नियमावली, २०२१ बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिन्छ भन्ने

बचाउ गरेको देखिन्छ । यसरी सेवा परिवर्तन गर्दाको अवस्थामा उपरोक्त उल्लिखित तत्कालीन बहालमा रहेको निजामती सेवा नियमावली, २०२१ को नियम ३.३.(८.क) को (च) र (छ) को बन्देज कर्मचारीको स्वइच्छाले सेवा वा समूह परिवर्तन गरिएको  अवस्थामा मात्र लागु भई क्रमश: २ र १ वर्षसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने प्रष्ट छ । तर निवेदकले त्यस्तो सेवा वा समूह परिवर्तन गर्दा गराउन कुनै पहल गरेको वा निजको निवेदनको आधारमा सेवा वा समूह परिवर्तन भएको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफमा भन्न र प्रमाण दिन सकेको छैन । बरु निवेदकको सेवा र समूह परिवर्तन गर्ने सम्बन्धमा श्री ५ को सरकारको निर्णयबाटै श्री ५ को सरकारको स्वइच्छानुसार नै निवेदकको सेवा र समूह परिवर्तन भएको देखिएको र तत्कालीन निजामती सेवा नियमावली, २०२१ को नियम ३.३ (८.क) को सम्बन्धमा उल्लिखित स्पष्टीकरणको (२) मा कुनै कर्मचारीको आफ्नो इच्छाले नभई श्री ५ को सरकार वा अख्तियारवालाले नै निजको योग्यतानुसारको कामको प्रकृति मिल्दो पदमा सेवा समूह वा उपसमूह परिवर्तन गरी दिएको भए त्यस्तो कर्मचारीको सम्बन्धमा खण्ड (च) र (छ) को बन्देज लागु हुने छैन भनी प्रष्ट व्यवस्था रहे भएको देखिँदा तत्कालीन निजामती सेवा नियमावली, २०२१ को नियम ३.३. (८.क) को (च) र (छ) को बन्देज निवेदकको हकमा लागु हुन नसक्ने । **(प्रकरण नं. २७)**

कुनै कर्मचारीको सेवा वा समूह वा दुबै परिवर्तन गर्नुपर्ने आवश्यकता परी श्री ५ को सरकारले लोकसेवा आयोग कार्यविधि नियमहरू, २०२७ को परिच्छेद ५ का विभिन्न नियमहरूमा तोकेको कार्य व्यवस्थाबमोजिम निवेदकको सेवा परिवर्तन सम्बन्धमा लोकसेवा आयोगले परामर्शसमेत प्रदान गरेको परामर्श दिँदाको अवस्था कुनै प्रकारको अन्यथा प्रतिक्रिया नजनाई लोकसेवा आयोगको परामर्शबमोजिम सेवा परिवर्तन गर्ने श्री ५ को सरकारले निर्णय गरेपछि सेवा परिवर्तन हुनुभन्दा अघिको अवधिलाई सेवा अवधिमा जोड्न नमिल्ने भनी गरेको निर्णय उपरोक्त उल्लिखित कानुनको परिप्रेक्ष्यमा कानुनसङ्गत देखिँदैन । यसरी लोकसेवा आयोगको मिति २०४७।४।४ को परामर्श अनुसार श्री ५ को सरकारको मिति २०४७।६।१९ को निर्णयानुसार यी पदमा पुरानो सेवासमेत जोडी परिवर्तन गरिएको  भनी निवेदक प्रशासन सेवाको द्वितीय श्रेणीको पदमा पुरानो सेवासमेत जोडी पदाधिकार कायम भएको पूर्वको सेवा अवधि बढुवाको प्रयोजनको लागि कायम नरहने गरी गरेको लोकसेवा आयोगको मिति २०५१।६।१६ को निर्णय कानुनअनुकूल देखिन नआएकोले सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ र बढुवा समितिको निर्णयानुसार भएको बढुवा कायम गरी निवेदकलाई सो बढुवाको नियुक्ति पत्र दिनु भनी श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालयको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. २८)**

## २.१४

| | |
|---|---|
| **निर्णय नं. ४७३५**<br>**संयुक्त इजलास** | **विषय: सरुवा बढुवा** |
| नेपाल कानुन पत्रिका<br>भाग: ३५ साल: २०५० महिना: साउन अङ्क: ४ | फैसला मिति: २०५०/०४/३२ |

पुनरावेदक/प्रतिवादीः स्याङजा जिल्ला किचनास गा.वि.स. वडानं. ७ घर भई श्री ५ को सरकार उद्योग मन्त्रालय घरेलु तथा ग्रामिण उद्योग विकास समिति गण्डकी अञ्चल कार्यालय पोखराको प्राविधिक सहायक अधिकृत (छैटौं तह) मा कार्यरत तुलसीप्रसाद अर्याल विरुद्ध विपक्षी : घरेलु तथा ग्रामिण उद्योग विकास समिति प्रधान कार्यालय, डिल्लीबजार, काठमाडौंमा कार्यरत प्राविधिक सहायक अधिकृत सुश्री नीलम ताम्राकारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सम्भाव्य उम्मेदवारहरूमध्ये जेठताकै आधारबाट मात्र पदोन्नतिको लागि योग्य उम्मेदवारको चयन नगरिने हुँदा सेवा अवधिको गणनाले सबैभन्दा जेठ भएको कारणले कुनै पनि कर्मचारीहरूले पदोन्नति स्वतः पाउने हुँदैन । जेठता र अरू कुराहरूको अतिरिक्त कर्मचारीहरूको कार्यदक्षताको सम्बन्धमा कार्यसम्पादनको मूल्याङ्कन पदोन्नतिको लागि एउटा महत्त्वपूर्ण आधार भएकोले यस्तो समुचित पदोन्नतिसम्बन्धी कुराहरूको विचार गरेर मात्र कुन कर्मचारी पदोन्नति पाउन योग्य छ भनी निर्धारण गर्नुपर्ने लोकसेवा आयोगको सामान्य सिद्धान्तको व्यवस्था रहेको देखिने । **(प्रकरण नं. ८)**

सामान्य सिद्धान्तद्वारा निर्देशित अवधिभित्र कर्मचारीहरूको कार्यसम्पादन फाराम भर्न लगाई त्यसको मूल्याङ्कनसमेत निर्धारित समयभित्रै गर्न लगाउनुपर्छ भन्ने कुरामा दुई मत हुन सक्दैन । तथापि त्यसरी नियमद्वारा तोकिएको अवधिभित्र कार्यसम्पादन फारामहरू भर्न लगाइएको रहनेछ र त्यसको मूल्याङ्कन निर्धारित समयभित्र भएको रहेनछ भने त्यस्तो ढिलासुस्तीको परिणाम के हुने भन्ने कुरामा सामान्य सिद्धान्तको प्रावधानहरूको अवलोकन गर्दा त्यस किसिमको कार्यसम्पादन मूल्याङ्कन फारामहरू अमान्य हुनेछन् भन्ने कतै उल्लेख भएको पाइँदैन । समयभित्रै कार्यसम्पादन फाराम भर्न लगाई मूल्याङ्कन गरी गराई अद्यावधिक राख्नुपर्ने प्रशासकीय दायित्व रहेका अधिकृत र कर्मचारीउपर समयमै आफ्नो काम नगरे नगराएबाट बेग्लै कारबाही हुनु छुट्टै विषय देखिन्छ । तर त्यतिकै कारणले गर्दा सम्पूर्ण कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फारामहरू अमान्य हुन जाने हो भने पदोन्नति सम्बन्धी सामान्य सिद्धान्तको व्यवस्था नै निरर्थक हुन जाने स्वतः सिद्ध छ । तसर्थ त्यसरी कार्यसम्पादन मूल्याङ्कनको प्रयोजन नरहने किसिमको सामान्य सिद्धान्तको अभिप्राय रहे भएको मान्न मिल्ने नदेखिने । **(प्रकरण नं. ९)**

प्रवृत्त भावना कुनै पनि कार्यालय प्रमुखमा हुन्छ भन्ने सामान्यतया अनुमान गर्न नमिल्ने र त्यसको लागि विश्वसनीय आधार प्रमाणहरू निवेदक पक्षबाटै देखाउनु आवश्यक हुन आउँछ । रिट निवेदकले आफूलाई अरू शाखामा खटाएको, पोखरा सरुवा गरिएको कारणले प्रवृत्त भावना रहेको भन्ने जिकिर लिनु भएकोमा कुनै कार्यालय प्रमुखले आफ्नो मातहतको कर्मचारीलाई कुनै खास शाखामा खटाएको वा सरुवा गरेको कारणले नै प्रवृत्त भावना रहेको भन्ठान्ने हो भने कर्मचारीहरूलाई खटाउने र सरुवा गर्ने काम कारबाही जुनसुकै स्थितिमा पनि चुनौतीपूर्ण र विवादास्पद हुन जाने स्वतः स्पष्ट छ । कुनै पनि हालतमा त्यतिकै कारणबाट दुराशययुक्त भावना कार्यालय प्रमुख वा विभागीय प्रमुखद्वारा गरिएको भन्ने अनुमान गर्न कदापि नमिल्ने । **(प्रकरण नं. १०)**

## २.१५

| निर्णय नं. ४५६८<br>संयुक्त इजलास | विषय: बढुवाको आधार |
| --- | --- |
| नेपाल कानुन पत्रिका<br>भाग: ३४ साल: २०४९ महिना: असोज अङ्क: ६ | फैसला मिति: २०४९/०५/२२ |

पुनरावेदक/प्रतिवादी: का.जि. कपन गा.वि.स. वडा नं. ७ बस्ने कुमारप्रसाद पौडेल विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग कमलपोखरीसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवाको पदमा नियुक्ति निमित्त उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्ने अधिकार लो.से.आ. मा रहेकै देखिने । **(प्रकरण नं. १२)**

लो.से.आ. (कार्यविधि) ऐन, २०२० र नि.से.नि., २०२१ मा समेत प्रतियोगितात्मक परीक्षामा लिखित परीक्षा र अन्तर्वार्ताका अतिरिक्त अनुभवको अङ्कसमेत अलग दिइने जस्तो स्पष्ट व्यवस्था रहेको देखिएन । लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कको आधारमा मात्र बढुवा गरिनेछ भन्ने नि.से.नि., २०२१ को नियम ३.३(११) को वाक्यांशले उल्लिखित विषयको प्राप्ताङ्क मात्र बढुवाको आधारलाई सीमित पारेको छ । **(प्रकरण नं. १२)**

अन्तर्वार्ता समिति नै अन्तर्वार्ताको अङ्क प्रदान गर्ने सक्षम निकाय हो । अन्तर्वार्ता समितिबाट प्रदान गरेको अङ्कभन्दा बेग्लै अनुभव बापतको अङ्क भनी दिन मिल्ने कानुनी प्रावधान नरहेको । (प्रकरण नं. १२)

अनुभवको अङ्क भनी अलग दिई जोड्ने हो भने नि.से.नि., २०२१ को नियम ३.३(११) बमोजिम आन्तरिक प्रतियोगिताको परीक्षामा सम्मिलित हुन पाउने कानुनी व्यवस्थाको उद्देश्यमा प्रतिकूल प्रभाव पर्न जान्छ । अनुभव अवधि जसको बढी हुन आउँछ उसैले नै बढी अङ्क प्राप्त गर्ने बढी सम्भावना रहेको स्पष्ट हुने । **(प्रकरण नं. १२)**

कानुनमा अनुभवको अङ्क बेग्लै जोड्न पाउने स्पष्ट कानुनी व्यवस्थाबेगर ऐनको उद्देश्यमा प्रतिकूल असर पर्ने गरी परिपत्र गर्न नमिल्ने । **(प्रकरण नं. १२)**

अन्तर्वार्ता समितिले लिने अन्तर्वार्ताको विषय व्यक्तित्वको परिधिभित्र अनुभव आउँदैन भन्न नमिल्ने । **(प्रकरण नं. १२)**

संविधान, ऐन, नियमको परिधि नाघी कार्य गर्न नमिल्ने, कानुनी व्यवस्था र उद्देश्यलाई प्रतिकूल असर पर्ने गरी परिपत्र निकाल्ने र कानुनबमोजिम बाहेक निवेदकको बढुवा हुने हकमा प्रतिकूल असर पर्ने गरी काम कारबाही गर्न नमिल्ने । **(प्रकरण नं. १२)**

लिखित परीक्षा र अन्तर्वार्ताको प्राप्त अङ्कमा बेग्लै अनुभवको अङ्कसमेत राखी बढुवा गरेको लो.से.आ. परीक्षा एवं सिफारिस शाखाको निर्णय त्रुटिपूर्ण देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं. १२)**

## २.१६

| | |
|---|---|
| **निर्णय नं. ४५८९**<br>**संयुक्त इजलास** | **विषय: बढुवा** |
| नेपाल कानुन पत्रिका<br>भाग: ३४ साल: २०४९ महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०४९/०७/१२ |

पुनरावेदक/प्रतिवादी: धनुषा जिल्ला हुलाक कार्यालयका खरिदार काशिकान्त मिश्र विरुद्ध विपक्षी/वादी : जि.सर्लाही वयलवास इलाका हुलाक कार्यालयमा कार्यरत रामाशिष शाह ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अर्धन्यायिक निर्णय गर्ने कार्य अन्य अधिकारीको राय विचारलाई समर्थन गर्ने कार्य नभई निर्णयकर्ता स्वयंले न्यायिक विवेक प्रयोग गरी न्याय र कानुनका मान्य तौरतरिका विधि पुऱ्याएर निष्कर्षमा पुग्नु पर्ने । **(प्रकरण नं. १०)**

टिप्पणी प्रकृतिका निर्णय प्रशासनिक कार्यसँग सम्बन्धित विषयमा हुन्छ, यस्तो प्रकृतिको प्रशासकीय निर्णय प्रशासनिक नीति निर्देशनसमेतको आधारमा समेत गर्न सकिने । **(प्रकरण नं. १०)**

विशुद्ध प्रशासकीय निर्णयमा कुनै नागरिकको हकहितमा असर पर्ने हुँदैन, त्यस्तो असर पर्ने भएमा असर पर्ने व्यक्तिसमेतलाई बुझी उसको कुरा सुनेर उसले पेस गरेको प्रमाणसमेतलाई आधार बनाई निर्णय गर्नुपर्ने । **(प्रकरण नं. १०)**

बढुवा समितिले नियम र सम्बद्ध फाइल कागजको आधारमा निवेदकलाई समेत बढुवाको लागि सिफारिस गर्ने गरेको निर्णय यो यति कारणले नियम विपरीत भयो भन्ने कुराको आधारसहित आफूले बढुवा पाउनु पर्ने जिकिर लिई परेको उजुरी पुनरावेदन प्रकृतिको हुने हुँदा त्यस्तो उजुरी सुन्न पाउने अधिकार प्राप्त अधिकारी स्वयंले नै हेरी निर्णय गर्नुपर्ने । **(प्रकरण नं. १०)**

आफैले निर्णय नगरी अर्काले राय व्यक्त गरी उठाएको टिप्पणीमा समर्थनसम्म जनाएको देखिएकोले उक्त निर्णय र सो अनुरूप प्रकाशित गरिएको संशोधित नामावली सूचनासमेत त्रुटिपूर्ण देखिँदा उक्त निर्णय एवं सूचनासमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं. १०)**

# भाग : ३
# अवकाश, निलम्बन र विभागीय कारबाही

| निर्णय नं. ८८७३<br>पूर्ण इजलास | विषय : ठगी |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५४ साल: २०६९ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०६९/०५/२८ |

पुनरावेदक/प्रतिवादी: जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका, वडा नं. ४ बस्ने गोपीकृष्ण पराजुली विरुद्ध विपक्षी/वादी : पुनरावेदक/प्रतिवादी: जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका, वडा नं. ४ बस्ने गोपीकृष्ण पराजुली ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सरकारी कर्मचारी प्रतिवादी हुनेबित्तिकै त्यस्ता मुद्दाको फिराद वा अभियोगपत्र पुनरावेदन अदालतमा दायर गरिनुपर्ने अर्थ गर्न नमिल्ने ।

सरकारी कर्मचारीले कर्तव्यपालनको सन्दर्भमा गरेको कार्यबाट उठेको मुद्दाको शीघ्र निर्णय होस् भन्ने विधिकर्ताको अभिप्राय अ.वं. २९ को देहाय ८ नम्बरको हो । सरकारी कर्मचारीको संरक्षण र सुविधाको प्रबन्ध गर्ने यो कानुन आपराधिक कार्यको रक्षाकबच बन्न नसक्ने ।

एउटा व्यक्तिको सम्पत्ति अर्कै नक्कली व्यक्ति खडा गरी हस्तान्तरण गराउने कार्यलाई अड्डासम्बन्धी काम कुरा मान्न नसकिने । अड्डासम्बन्धी कामको परिधिमा नपर्ने कार्यबाट उत्पन्न हुने परिणामको भागी सम्बन्धित कर्मचारी वैयक्तिकरूपमा नै हुनुपर्ने । ठगीजन्य कार्य कुनै पनि अड्डासम्बन्धी काम हुन सक्दैन, न त कुनै सरकारी कर्मचारीको पदीय कर्तव्यपालनाभित्र ठगी गर्ने कार्य नै पर्दछ । त्यसैले प्रस्तुत मुद्दाका केही प्रतिवादी सरकारी कर्मचारी रहेको भन्ने मात्र आधारमा प्रस्तुत मुद्दालाई अ.वं.को २९ को देहाय ८ नम्बरअन्तर्गतको मुद्दाका रूपमा राख्न नमिल्ने । **(प्रकरण नं. ५)**

कुनै पनि ठगीजन्य कार्य निजामती कर्मचारीको ओहदाको कर्तव्यपालन सम्झी गरेको कार्यअन्तर्गत पर्दैन । त्यस्तो कार्यलाई विद्यमान कानुनले फौजदारी कसुरअन्तर्गत परिभाषित गरेको छ । त्यस्तो कसुरजन्य कार्य गर्ने व्यक्तिलाई निज सार्वजनिक सेवामा रहेको भन्ने मात्र आधारमा उन्मुक्ति प्रदान गर्ने उद्देश्य निजामती सेवा ऐनले ग्रहण गरेको होइन र त्यसलाई त्यति विकृतरूपमा बुझ्न पनि नहुने ।

प्रस्तुत मुद्दामा निजामती सेवा ऐन, २०४९ को दफा ५७ को सन्दर्भ पनि उठेको छ। निजामती सेवा ऐनमा रहेको उल्लिखित व्यवस्थाले कर्मचारीलाई विना डर, धाक र प्रभावमा आफ्नो पदीय जिम्मेवारीभित्र पर्ने कार्य गर्न उत्प्रेरित गर्दछ। आफ्नो जिम्मेवारी इमानदारिपूर्वक निर्वाह गर्दासम्म कर्मचारीको बचाउ गर्न सकिने हुन्छ। तर, यो कानुनी प्रावधानले कर्मचारीलाई बदनियतका साथ कार्य गर्ने अनुमति प्रदान गर्दैन, न त त्यस्तो कर्मचारीको बचाउ नै हुने। **(प्रकरण नं. ७)**

ठगी र भ्रष्टाचार जस्ता आपराधिक कार्य सरकारी कर्मचारीको ओहदाको कर्तव्यपालनको विषय हुन सक्दैन। यस्ता आपराधिक कार्यविरुद्ध मुद्दा चलाउन अख्तियारवालालाई सूचना दिनु र स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था रहेको मान्न सकिँदैन। पदको दुरुपयोग गरी ठगी र भ्रष्टाचार जस्ता कसुरजन्य कार्यमा संलग्न हुनका लागि त्यस्तो बचाउको प्रावधान सहयोगी बन्न नसक्ने। **(प्रकरण नं. ८)**

घटनामा जानाजानी संलग्न हुनु र अनजानबस घटनाको कुनै चरणमा सहभागी भएको देखिनु फरक-फरक कुरा हुन्। मालपोत कार्यालयको अधिकृतका रूपमा बहाल रहेका व्यक्तिले आफ्नो कार्यालयसँग सम्बन्धित कुनै कार्यमा संलग्न रहनु उसको पदीय जिम्मेवारी नै हो। त्यस्तो कार्यमा संलग्न हुनु उसको कर्तव्य पनि हो। त्यसरी कर्तव्यपालना गर्ने सिलसिलामा बदनियत राखी आफूले लाभ लिने वा अन्य कसैलाई हानि पुऱ्याउने कार्य गरेमा त्यस्तो क्रिया निश्चय नै गैरकानुनी हुन्छ। तर, यी प्रतिवादीले त्यस्तो बदनियत राखी कार्य गरेको वा आफूलाई लाभ हुने गरी कुनै कार्य गरेको भन्ने कुरा पुष्टि हुन नआएको हुँदा केवल अनुमान र आशङ्काका आधारमा निजलाई कसुरदार मान्न नमिल्ने। **(प्रकरण नं. १२)**

अपराध स्वीकार गरिरहेका प्रतिवादीहरूले त्यसको परिणामस्वरूप हुने बिगो र जरिमानाको सामान्य हेरफेरलाई निर्णयमा तात्त्विक अन्तर मान्न नमिल्ने। **(प्रकरण नं. १८)**

## ३.२

| **निर्णय नं. ८०३३**<br>**संयुक्त इजलास** | **विषयः निलम्बनमा परेको कुनै कर्मचारी अवस्था बारे** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५० सालः २०६२ महिनाः फागुन अङ्कः ११ | फैसला मितिः २०६५/०१/१७ |

निवेदकः काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ४ बस्ने केशवप्रसाद भण्डारी विरुद्ध विपक्षीः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कुनै कर्मचारी निलम्बनमा परेको अवस्थामा त्यसको जानकारी सम्बन्धित कर्मचारीलाई गराई निजलाई काम गर्नबाट वञ्चित गराउने जिम्मेवारी सम्बन्धित कार्यालयले वहन गर्नुपर्ने।

आफू मातहतका कर्मचारीको कामको मूल्याङ्कनका साथै निजउपर भए गरेका कारबाहीहरूसमेतको

अद्यावधिक विवरण राख्ने र सोका आधारमा कर्मचारीको भूमिका निर्धारण गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय र सो कार्यालयका जिम्मेवार अधिकारीले वहन गर्नुपर्ने । **(प्रकरण नं.३)**

सेवामा बहाल रहेको कुनै पनि कर्मचारीका लागि तोकिएको पारिश्रमिक प्राप्त गर्ने अधिकार उसको हो भने पारिश्रमिक प्रदान गर्नु काम लगाउनेको प्राथमिक कर्तव्य नै हुँदा सामान्य हिसावले पनि कसैलाई काम गरेको अवधिको पारिश्रमिक प्रदान गर्दिन भनी भन्न नमिल्ने ।

काम लगाइएको अवधिको पारिश्रमिकबाट वञ्चित गर्ने गरी निर्णय गरिनु कुनै पनि दृष्टिले उपयुक्त मान्न नसकिने । **(प्रकरण नं.४)**

काममा लगाइएको निजामती कर्मचारीलाई पारिश्रमिकबाट वञ्चित गर्न नमिल्ने स्थितिमा राजीनामा स्वीकृत गराई सेवानिवृत्त भएपछि पहिले गरेको अवधिको आर्थिक सुविधा असुलउपर गर्ने गरी गरिएको निर्णयलाई कानुन र न्यायका दृष्टिले उपयुक्त मान्न नसकिने ।

काम गरेको अवधिको तलब नदिँदा श्रमको शोषण हुन जानुका साथै  कर्मचारी सञ्चयकोष र नागरिक लगानीकोष जस्ता कर्मचारीको पक्षमा सुरक्षा प्रदान गरिएका कोषहरूबाट असुलउपर गरिने भन्ने निर्णय कानुनी व्यवस्थाको समेत प्रतिकूल हुन जाने । **(प्रकरण नं.५)**

## ३.३

| | |
|---|---|
| **निर्णय नं. ७७१५**<br>**संयुक्त इजलास** | **विषयः सजाय दिन पाउने अधिकारीबाट नसोधिएको अवस्थामा अन्य व्यक्तिहरूले लिएको स्पष्टीकरण** |
| नेपाल कानुन पत्रिका<br>भागः ४८ सालः २०६३ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०६३/०४/२३ |

पुनरावेदक/प्रतिवादी : निवेदकः सप्तरी जिल्ला त्रिकौल गा.वि.स. वडा नंः ६ बस्ने प्रकाश यादव विरुद्ध
विपक्षी/वादी : विपक्षीः प्रशासकीय अदालत काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐनको दफा ६६ र ६७ बमोजिम माग गरिएका स्पष्टीकरणहरू सजाय दिन पाउने अधिकारीबाट नसोधिएको अवस्थामा अन्य व्यक्तिहरूले लिएको स्पष्टीकरणको आधार लिएर गरिएको विभागीय कारबाहीले कानुनी मान्यता पाउन नसक्ने ।

विभागीय कारबाही गर्न पाउने अधिकारीबाट स्पष्टीकरण माग नगरिएको अवस्थामा अधिकार प्राप्त अधिकारीबाट निर्णय भए पनि त्यस्तो कारबाहीले कानुनी मान्यता प्राप्त गर्ने स्थिति नहुने ।

सजाय दिन पाउने अधिकारीले स्पष्टीकरण नसोधी अन्य व्यक्तिले सोधेको स्पष्टीकरणको आधारमा नोकरीबाट हटाउने गरी गरिएको  विभागीय कारबाही कानुनसम्मत हो भन्न नमिल्ने हुँदा सेवाबाट

अवकाश दिने गरी वन विभागका महानिर्देशकबाट भएको निर्णय र सोलाई सदर गर्ने गरी प्रशासकीय अदालतबाट भएको फैसला कानुनविपरीतको देखिँदा उत्प्रेषणको आदेशबाट बदर हुने । **(प्रकरण नं.११)**

## ३.४

| **निर्णय नं. ७७८७**<br>**संयुक्त इजलास** | **विषय: नियुक्ति बदर** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: फागुन अङ्क: ११ | फैसला मिति: २०६३/११/०८ |

पुनरावेदक/प्रतिवादी: निवेदक: मकवानपुर जिल्ला, पालुङ्ग गा.वि.स.वडा नं. ६ घर भई कृषि विभागअन्तर्गत शितोष्ण वागवानी नर्सरी केन्द्र दामनको रा.प.अनं.चतुर्थ श्रेणी क्षेत्रचर पदमा कार्यरत राजकुमार श्रेष्ठ विरुद्ध विपक्षी/वादी : विपक्षी: कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा नियमावली, २०५० को नियम २५(२) बमोजिम लोकसेवा आयोगबाट प्रत्यायोजित अधिकारबमोजिम नियुक्ति हुने पदमा निर्धारित प्रक्रिया र शर्तको पालना नगरी नियुक्ति गरेको अवस्थामा सो नियुक्ति अनियमित भएको छ भनी लोकसेवा आयोगबाट त्यसरी नियुक्ति भएको कर्मचारीको परीक्षणकालभित्र लेखी आएमा निजलाई सो अवधिभित्र हटाउनु पर्ने छ भन्ने कानुनी व्यवस्था रहेकोमा नियुक्ति पाएको ६ वर्षपछि निवेदकको नियुक्ति बदर गर्ने निर्णय गरेबाट विपक्षीहरूबाट उक्त कानुनी व्यवस्थाको पालना गरेको नदेखिने ।

यस अदालतबाट निवेदक हरिचन्द्र शाह विरूद्ध लोकसेवा आयोग, जनकपुरसमेत भएको उत्प्रेषण (ने.का.प. २०५९, नि.नं. ७१४८, अङ्क ११।१२, पृ. ७१५) मुद्दामा प्रत्यायोजित अधिकार प्रयोग गरी पदपूर्ति गरिएको प्रक्रिया अनियमित भएको अवस्था देखिन आएमा त्यस्तो पदमा नियुक्त व्यक्तिलाई परीक्षणकालभित्र नै हटाउनु पर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेभएकोमा परीक्षणकाल पूराभएपछि सेवाबाट अवकाश दिने गरी भएको निर्णय र काम कारबाही कानुनअनुरूप भएको नदेखिंदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं. १४)**

निवेदकले २०५६।३।२० मा नियुक्ति पाई १ वर्षको परीक्षणकालसमेत समाप्त भई छैटौं वर्षमा कार्य गरी रहेका कर्मचारीको नियुक्ति बदर गर्ने गरी विपक्षीहरूबाट भएको निर्णय यस अदालतबाट नि.नं. ७१४८ मा प्रतिपादित सिद्धान्त, कानुनी व्यवस्था एवं न्यायको सामान्य मान्यताविपरीत देखिँदा निवेदकको नियुक्ति बदर गर्ने गरी विपक्षी कृषि तथा सहकारी मन्त्रालय (सचिवस्तर) बाट भएको निर्णय र कृषि विभागका महानिर्देशकबाट भएको निर्णय एवं कृषि विभागको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं. १५)**

३.५

| **निर्णय नं. ७८०२**<br>**पूर्ण इजलास** | **विषयः स्पष्टीकरण** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४९ सालः २०६४ महिनाः वैशाख अङ्कः १ | फैसला मितिः २०६४/०१/०६ |

पुनरावेदक/प्रतिवादीः प्युठान जिल्ला, विजुवार गा.वि.स.वडा नं ६ घर भई भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सहसचिव (रा.प.प्रथम श्रेणी) पदमा कार्यरत रूद्रकुमार श्रेष्ठ विरुद्ध विपक्षी/वादी : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सजाय नै किटान गरी लेखी पठाएको र अख्तियारवालाले समेत आयोगबाट लेखी आएबमोजिम नै कारबाही अघि बढेको स्पष्टरूपमा देखिएको अवस्थामा अख्तियारवालाले विभागीय कारबाही गरी नसकेको भन्ने आधारमा प्रस्तुत रिट निवेदनलाई Premature भन्न नमिल्ने ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (२) र (३) मा निश्चित अवधिभित्र कारबाही गरिसक्नुपर्ने गरी गरिएको किटानी व्यवस्था र आयोगबाट लेखी आएबमोजिम आयोगले किटानी गरेको सजायलाई नै आधार बनाई स्पष्टीकरण सोधिएको स्थितिमा यदि कारबाहीले पूर्णता पाउन बाँकी नै रहेको मानी रिट निवेदनलाई Premature को संज्ञा दिई पञ्छाइदिने हो भने प्रस्तुत विषयले निकास नपाउने अवस्थाको सिर्जना हुन जाने । **(प्रकरण नं.२०)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६३।२।३० मा यी निवेदकको ३ तलब वृद्धि रोक्का गर्ने गरेको निर्णय, सो निर्णयका आधारमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवलाई सम्बोधन गरी लेखिएको मिति २०६३।३।४ को पत्र र उक्त निर्णय एवम् पत्रसमेतलाई आधार बनाई विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयका मन्त्रीद्वारा यी निवेदकलाई ३ (तीन) तलब वृद्धि किन रोक्का नगर्ने भनी सोधिएको स्पष्टीकरण उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं.२२)**

३.६

| **निर्णय नं. ७६७५**<br>**पूर्ण इजलास** | **विषयः कानुनको संवैधानिकताको परीक्षण हुँदा उक्त कानुन बहाल रहेको हुनुपर्ने** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४८ सालः २०६३ महिनाः साउन अङ्कः ४ | फैसला मितिः २०६३/०४/०८ |

रिट निवेदकः नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्य समितिको तर्फबाट मुद्दा गर्न अख्तियार प्राप्त गरी आफ्नो हकमासमेत ऐ.को अध्यक्ष एवं निजामती सेवा सामान्य समूहको लेखापाल पदमा कार्यरत मुरारी भट्टराई विरुद्ध विपक्षीः मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय सिंहदरबार काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले यो कानुन यो संविधानसँग बाझिएको हुँदा सो कानुन वा त्यसको कुनै माग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नगारिकले निवेदन दिएमा त्यस्तो कानुनको संवैधानिकताको परीक्षण अदालतले गर्न सक्दछ । तर त्यस्तो कानुनको संवैधानिकताको परीक्षण हुँदा उक्त कानुन बहाल रहेको हुनुपर्ने । **(प्रकरण नं.१७)**

निवेदकले संविधानसँग बाझिएको भनी जिकिर लिएको निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश, २०६२ नै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२(२) को खण्ड (ग) बमोजिम स्वतः निष्क्रिय भइसकेकोले त्यस्तो निष्क्रिय रहेको व्यवस्थाको संवैधानिकताको परीक्षण आवश्यक नभई प्रयोजनहीन अवस्थामा पुगेको देखिने । **(प्रकरण नं.१८)**

## ३.७

| **निर्णय नं. ७६०४**<br>**विशेष इजलास** | **विषयः कारवाही गर्दा प्राकृतिक न्यायको सिद्धान्त** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०६२/१०/१३ |

निवेदकः जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. ४ घर भई महेन्द्र संस्कृत विश्वविद्यालयको उपकुलपतिमा कार्यरत आचार्य पूर्णचन्द्र ढुङ्गेल विरुद्ध विपक्षीः श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग ववरमहल काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सार्वजनिक पदधारण गरेका व्यक्तिले अनुचित कार्य गरी पुऱ्याएको हानिनोक्सानी सम्बन्धित व्यक्तिहरूबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन तथा त्यस्तो अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनको लागि लेखी पठाउन सक्ने अधिकार विपक्षी आयोगलाई नभएको मान्न नमिल्ने । **(प्रकरण नं.२६)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १२ क अनुसारको आदेश दिने कारबाही विशेष प्रकारको कारबाही हुनाले त्यस्तो कारबाहीलाई विभागीय कारबाही भन्न नमिल्ने ।

दफा १२ क अनुसारको कारबाही गर्दा पनि दफा ११ अनुसारको स्पष्टीकरण सोधिने कार्यविधि अवलम्बन गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको नदेखिएकोले यससम्बन्धी निवेदन स्वीकार्य नदेखिने। **(प्रकरण नं.२७)**

आर्थिक दण्ड जरिवानाको रूपमा कसैसँग रकम असुलउपर गर्ने गरी निर्णय गर्दा त्यस्तो निर्णयको आधार र कारण खोली उपलब्ध भएसम्मका विवरणहरू निजलाई उपलब्ध गराई त्यस सम्बन्धमा निजको भनाइ र त्यसलाई पुष्टि गर्ने कागज प्रमाणसमेत पेस गर्ने मनासिब मौका प्रदान गरिनु प्राकृतिक न्यायको सिद्धान्तसँग सम्बन्धित स्वच्छ सुनुवाइसम्बन्धी सिद्धान्तअनुसार अपरिहार्य हुने । **(प्रकरण नं.२८)**

निवेदकबाट रकम असुलउपर गर्ने र रकम असुलउपर नभएसम्म निजसमेतको नाममा रहेको घरजग्गा तथा बैंक खाता र लकरसमेत रोक्का गर्ने गरी सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गर्दा निजलाई त्यसरी असुलउपर गर्नुपर्ने रकमको अङ्क किटान गरी त्यस सम्बन्धमा निजलाई आफ्नो भनाइ राख्ने अवसर प्रदानसमेत नगरी गरिएको विपक्षी आयोगको निर्णय स्वच्छ सुनुवाइसम्बन्धी प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल देखिने । **(प्रकरण नं.२९)**

## ३.८

| **निर्णय नं. ७४२९**<br>**संयुक्त इजलास** | **विषयः विभागीय कारवाही** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४६ सालः २०६१ महिनाः मङ्सिर अङ्कः ८ | फैसला मितिः २०६१/०५/२२ |

पुनरावेदक/प्रतिवादीः पूर्व सहन्यायाधिवक्ता लेखनाथ पौडेल विरुद्ध विपक्षी/वादी : प्रशासकीय अदालत, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

संविधानतः न्यायसेवा आयोगलाई विभागीय कारबाही गर्ने सिफारिस गर्न र श्री ५ को सरकारलाई त्यस्तो सिफारिसको आधारमा विभागीय कारबाही गर्न क्षेत्राधिकार प्रदान गरेको देखिएको अवस्थामा सक्षम अदालतको फैसलाबेगर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार रहने विषयमा कारबाही गर्न नमिल्ने भन्न नसकिने ।

निजामती कर्मचारीले आफ्नो पदीय दायित्व एवं कर्तव्यको पालना गरेनगरेको विषयमा त्यस्ता कर्मचारीउपर गरिने आवश्यक कारबाही निजामती सेवा ऐन एवं नियमावलीद्वारा निर्देशित हुने हुँदा स्वभावतः उक्त ऐन तथा नियमावलीअन्तर्गत हुने त्यस्तो कारबाही अदालती कारबाहीबाट भिन्न हुने ।

सक्षम अदालतबाट भ्रष्टाचारको विषयमा कसुर स्थापित नभएको अवस्थामा कारबाही गर्न नमिल्ने भन्ने निवेदकको जिकिरका सम्बन्धमा निवेदकलाई गरिएको कारबाही भ्रष्टाचार निवारण

ऐनअन्तर्गत नभई निजामती सेवा ऐन र नियमावलीबमोजिमको विभागीय कारबाही सम्बन्धमा भएको हुँदा त्यस्तो कारबाही र अदालती कारबाहीको प्रकृति भिन्नभिन्न नै रहने हुँदा आरोप, प्रमाणको प्रस्तुतीकरण तथा सजाय गर्ने शैलीमा भिन्नता रहने ।

निजामती सेवा ऐनको दफा ६१(२) ख मा व्यवस्था गरिएको "भ्रष्टाचार गरेमा" भन्ने कुरा अदालतको निर्णयबाट स्थापित हुनुपर्छ भन्ने हो भने निजामती सेवा ऐन नियममा भएको विभागीय कारबाहीको व्यवस्था निष्क्रिय बन्न गई विभागीय कारबाहीको औचित्य नै समाप्त हुन्छ। त्यसैले निवेदकउपर गरिएको विभागीय कारबाहीमा सक्षम अदालतको फैसला नभएको भनी मन्त्रिपरिषद्बाट भएको विभागीय कारबाही त्रुटिपूर्ण छ भन्न नमिल्ने ।

कानुनबमोजिम गठित अदालतको सदस्यको हैसियतले पुनरावेदन सुनी गरेको निर्णयमा अ.बं.३० नं.को त्रुटि भएको भन्न नमिल्ने ।

## ३.९

| **निर्णय नं. ७४२३**<br>**संयुक्त इजलास** | **विषय: अवकाशको निर्णय** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४६ साल: २०६१ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०६१/०३/०८ |

पुनरावेदक/प्रतिवादी: कर्मचारी सञ्चयकोषको प्रशासक पदबाट अवकाश दिइएको का.जि. सितापाइला गा.वि.स.वडा नं. १ बस्ने वर्ष ३८ को राजेश राजकर्णिकार विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

आफूखुसीको सिद्धान्त (Doctrine of pleasure) आफूखुसी जे मन लाग्यो सो गर्न सकिन्छ भन्ने पक्कै पनि होइन । तर आफूखुसी कसरी र कुनरूपमा प्रयोग भएको छ र गरिएको छ, त्यो ठोस र वस्तुनिष्टरूपमा पुष्टि हुनु पनि पर्दछ । यदि स्वेच्छाचारी, निरङ्कुश एवं आत्मनिष्टरूपमा खुसीको प्रयोग गरी कसैलाई गम्भीररूपमा सिकार वा पीडित बनाइएको छ भन्ने त्यस स्थितिमा आफूखुसीको सिद्धान्त लागु हुन नसक्ने ।

वस्तुनिष्ट र विशिष्ट अवस्थाको बारेमा अदालत सन्तुष्ट भएमा आफूखुसीको सिद्धान्तको प्रयोगलाई अदालतले वैधता दिन सक्ने ।

एउटा नीति र मापदण्ड बनाई त्यसको आधारमा भएको नियुक्ति र अवकाशको निर्णयलाई निवेदकले भने जस्तो गैरकानुनी, भेदभावपूर्ण वा स्वेच्छाचारी भन्न नमिल्ने ।

निवेदक आफूसमेत कार्यकारी प्रमुखको छनौट प्रक्रियामा सामेल भई आफू कार्यरत कर्मचारी सञ्चयकोषलाई नै पहिलो प्राथमिकतामा राखेको र आफू सो पक्रियाको स्वाभाविक अन्त्यबाट

निस्कने निष्कर्षबाट बाहिरिएको कुरालाई रिट निवेदनमा उल्लेख नगरी आफू प्रतिस्पर्धामा छनौट नभएपछि २०५८।१।२० को श्री ५ को सरकारको निर्णयानुसार ५ वर्ष प्रशासक पदमा कायम रहन पाउनु पर्ने भनी दाबी लिएकोबाट सफा हात एवं शुद्ध हृदय लिई रिट क्षेत्रमा प्रवेश गरेको नपाइने ।

आफू कार्यरत रहेको प्रशासक पदमा समेत नयाँ नियुक्ति हुँदैछ भन्ने कुरा २०५९।९।२३ को गोरखापत्रबाटै स्पष्ट देखिएको एवं श्री ५ को सरकारको तत्सम्बन्धी निर्णयलाई निवेदकले मौकैमा आपत्ति जनाएको अवस्था नभएको र श्री ५ को सरकारको नीतिगत निर्णयलाई हाल पनि अस्वीकार गरेको स्थिति नदेखिँदा निवेदकले व्यवहारतः नयाँ नियुक्तिपूर्वका सम्पूर्ण कुराहरूलाई स्वीकार गरेको हुँदा सो आधारसमेतबाट निवेदकलाई अदालतले मद्दत गर्न नसक्ने ।

## ३.१०

| **निर्णय नं. ७१०५**<br>**एकल इजलास** | **विषयः निलम्बन** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०५८/०६/१५ |

रिट निवेदकः महान्यायाधिवक्ता कार्यालयबाट सह न्यायाधिवक्ता पदबाट निलम्वित गरिएका लेखनाथ पौडेल विरुद्ध विपक्षीः श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐन, २०४९ को दफा ६२(१) बमोजिम विभागीय सजाँयको आदेश दिन पाउने अधिकारसमेत अख्तियारवालालाई नै प्रदान गरी रहेको अवस्थामा दफा ६४(३) बमोजिम निलम्बनको अवधि बढाउने वा नबढाउने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार अख्तियारवालालाई स्वविवेकी र तजबिजी अधिकारको रूपमा प्रदान गरेको देखिने ।

श्री ५ को सरकारको मिति २०५८।५।१४ को निर्णयअनुसार पहिलाको निलम्बन अवधिमा कारबाही किनारा लगाउन नसकिने परिस्थिति पर्न आएको भनी उल्लेख भई बढाएको देखिन आएबाट श्री ५ को सरकारले स्वेच्छाचारीरूपमा तजबिजी र स्वविवेकीय अधिकारको प्रयोग गरी निलम्बन अवधि बढाएको भन्ने जिकिर कानुनसम्मत नदेखिँने । **(प्रकरण नं. ३)**

## ३.११

| **निर्णय नं. ७०५२**<br>**पूर्ण इजलास** | **विषयः तजबिजी अधिकारको प्रयोग गरी अवकाश** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४४ सालः २०५९ महिनाः वैशाख अङ्कः १ | फैसला मितिः २०५८/११/०२ |

पुनरावेदक/प्रतिवादी: काठमाडौं जिल्ला, चपली भद्रकाली गा.वि.स.वडा नं. ३ बस्ने लाक्पा लामा विरुद्ध
विपक्षी/वादी : श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय, श्रीमहल ललितपुरसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

तजबिजी अधिकार कानुनसम्मत, न्यायोचित र सद्विवेकमा आधारित हुनु पर्ने ।

कानुनले नै निश्चित पदावधि तोकिएको पदमा नियुक्त वा मनोनयन भएका व्यक्तिलाई सो पदावधि पूरा नहुँदै हटाउन ठोस र निश्चित आधार देखाउन सक्नु पर्ने । तजबिजी अधिकार हलुका किसिमले प्रयोग गर्न नपाइने ।

विवाद निरूपणको सन्दर्भमा निश्चित गति प्राप्त गरिसकेको अवस्थामा प्रतिपादित सिद्धान्तहरूको पालना गर्नु सबैको संवैधानिक कर्तव्य र दायित्व हुने । **(प्रकरण नं.११)**

## ३.१२

| **निर्णय नं. ७०९१**<br>**संयुक्त इजलास** | **विषय: अस्थायी प्रकृतिको पदबाट अवकाश** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४४ साल: २०५९ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०५९/०४/२८ |

पुनरावेदक/प्रतिवादी: जिल्ला वाग्लुङ, वाग्लुङ नगरपालिका वडा नं. १ बस्ने देवेन्द्रबहादुर हमाल विरुद्ध
विपक्षी/वादी : सचिव, जलश्रोत मन्त्रालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदकले नियुक्ति पाएको पद नै कटौतीमा परेपछि श्री ५ को सरकारले अन्यत्र काम गर्न लगाएको कारणबाट पदमा बहालमा रही रहन पाउने  कानुनी हक सिर्जना हुने भन्न नमिल्ने ।

अस्थायी प्रकृतिको पद भएको र आयोजनाको आवश्यक पद सङ्ख्या पूरा भएको भन्नेसमेत देखिन आएकोबाट सफाइको मौका दिनुपर्ने तथा निजले पदमा बहाल रही रहन पाउने भन्न नमिल्ने हुँदा रिट निवेदकलाई अवकाश दिएको विपक्षीको कार्यबाट रिट निवेदकको कुनै संवैधानिक एवं कानुनी हकमा आघात परेको नदेखिइँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नपरी प्रस्तुत रिट निवेदन खारेज हुने । **(प्रकरण नं. ८ र ९)**

## ३.१३

| **निर्णय नं. ६९०३**<br>**संयुक्त इजलास** | **विषय: नियुक्ति बदर** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४२ साल: २०५७ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०५७/०१/२७ |

पुनरावेदक/प्रतिवादी: नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ४ बस्ने सिता सिंह पौडेल विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग केन्द्रीय कार्यालय काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐन, २०४९ को दफा १६ मा २०५५ सालमा भएको पहिलो संशोधनद्वारा महिला निजामती कर्मचारीको हकमा ६ महिनाको परीक्षणकाल तोकिएकोमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा तदअनुकूल नमिलाइएको भए पनि त्यस्तो प्रतिकूल व्यवस्था स्वतः भेदभावयुक्त हुने र निजामती सेवाभित्र पर्ने जुनसुकै सेवाका महिला कर्मचारीका हकमा समानताका आधारमा परीक्षणकालको अवधि गणना गरिनु न्यायोचितसमेत देखिन आउँछ । तदनुकूल विचार गर्दा रिट निवेदिकाले २०५५।४।३१ मा सोही ६ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति पत्रमा किटिएर स्थायी नियुक्ति पाएकोले सोही २०५५ सालकै फाल्गुण मसान्तमा निजको परीक्षणकाल समाप्त भएको देखिन्छ । यसरी परीक्षणकाल समाप्त भएको निजामती कर्मचारीलाई मिति २०५६।३।२५ को निर्णयद्वारा २०५६।४।१ देखि लागु हुने गरी नियुक्ति बदर गरेको देखियो । निजामती सेवा ऐन, २०४९ लागु हुने व्यक्तिका हकमा सो ऐनको दफा १६ को व्यवस्थाले अपनाएको सिद्धान्तअनुकूल परीक्षणकालको अवधिभित्र कुनै कर्मचारीको नियुक्ति बदर नभएकोमा परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मान्नुपर्ने कानुनको बाध्यता छ । निजामती सेवा नियमावली, २०५० को नियम २५(२) मा लोकसेवा आयोगबाट प्रत्यायोजित अधिकारबमोजिम प्रस्तुत रिट निवेदनमा यस्तो स्थितिको नियुक्त हुने पदमा लोकसेवा आयोगबाट निर्धारित प्रक्रिया र शर्तको पालना नगरेको अवस्थामा सो नियुक्त अनियमित भएको भनी लोकसेवा आयोगबाट परीक्षणकालभित्र लेखी आएको अवस्थामा पनि सोही अवधिभित्र हटाउन सकिने प्रावधान रहेको देखिन आउँछ । स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावलीद्वारा योभन्दा बेग्लै व्यवस्था नगरेकोले निवेदिकाको हकमा समेत निजामती सेवाको लागि सामान्यतया अपनाइने सिद्धान्त र नियुक्ति विषयको प्रक्रिया लागु नहुने कुनै कारण देखिँदैन । तसर्थ रिट निवेदिकाको नियुति स्वतः सदर भइसकेकोमा मिति २०५६।४।१ देखि लागु हुने गरी विपक्षी जनस्वास्थ्य कार्यालय नवलपरासीले गरेको निर्णय कानुनअनुरूपको देखिन आएन । परीक्षणकालको अवधि भुक्तान भई निजामती पदमा स्थायी बहाल रहेको व्यक्तिलाई निज बहाल रहेको पत्रबाट हटाउन पर्दा वा परिणामतः सेवाबाट हटाउने काम गर्दा कानुनबमोजिम बाहेक अरू किसिमले सेवाबाट हटाउन नमिल्ने हुँदा निज निवेदिकालाई कानुनको आधार र व्यवस्थाबाहिर गई लोकसेवा आयोगको पत्रकै आधारमा पदबाट हटाउने गरेको सम्पूर्ण काम कारबाहीमा कानुनको प्रत्यक्ष त्रुटि विद्यमान हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । रिट निवेदिका पहिले बहाल रहेको पदमा बहाल गराई कानुनबमोजिम गर्नु गराउनु भनी प्रत्यर्थी जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. ९)**

## ३.१४

| निर्णय नं. ६६९७<br>विशेष इजलास | विषयः उमेरको कारणले दिइने अनिवार्य अवकाश |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४१ सालः २०५६ महिनाः साउन अङ्कः ४ | फैसला मितिः २०५५/०८/१० |

पुनरावेदक/प्रतिवादीः दोलखा जिल्ला चरीकोट बोचं गा.वि.स. वाड नं. ४ बस्ने चन्द्र वहादुर कार्की विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत ७ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुनुपूर्व नै कायम रही रहेको भन्सार गस्तीसम्बन्धी नयाँ व्यवस्थालाई निवेदकले आफू उक्त सेवामा नियुक्त हुँदाको अवस्थामा स्वीकारसमेत गरिसकेको र निजले आफूलाई सेवाबाट अवकाश दिनुभन्दा अघिसम्म स्वीकार गरिरहेकोमा अवकाश दिएपछि मात्र २०३४ सालदेखि निरन्तर लागु भइरहेको उक्त व्यवस्थालाई असंवैधानिक भयो भनी दाबी लिन नमिल्ने । **(प्रकरण नं. १२)**

उमरेको कारणले दिइने अनिवार्य अवकाशको हकमा सुनुवाइको मौका दिनु पर्ने जस्ता कार्यविधि अवलम्बन गर्नुपर्ने हुँदैन त्यस सम्बन्धमा कानुनले नै स्पष्ट व्यवस्था गरी दिने हुँदा सो हद पुरा भएपछि स्वतः अवकाशको स्थिति हुन्छ । निजामती सेवा ऐन नियमले पनि अनिवार्य अवकाश दिँदा त्यसरी अवकाश हुने कर्मचारीलाई सफाइको मौका दिनु पर्ने गरी व्यवस्था भएको देखिँदैन । निजामती सेवा ऐन, २०४९ को दफा १० को स्पष्टीकरण खण्ड (१) मा भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको निजामती सेवाको पदमा नियुक्ति गर्दा चालीस वर्ष ननाघेका व्यक्तिलाई नियुक्ति गर्न सकिनेछ भन्ने व्यवस्था गरिएको छ भने ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले सबै निजामती सेवाहरूका सामान्य रूपले लागु हुने वा बेग्लाबेग्लै सेवा समूहको लागि पृथकरूपले लागु हुने नियमहरू बनाउन सक्नेछ भनी ऐनको दफा ७५ ले श्री ५ को सरकारलाई अधिकार प्रत्यायोजन गरेको पाइन्छ । यसरी निजामती सेवा समूहभित्रै पनि ती सेवा समूहको कार्य प्रकृतिलाई दृष्टिगत गरी श्री ५ को सरकारले पृथकरूपले लागु हुने नियमहरू बनाउन सक्ने हुँदा यसरी बनाइएको नियमलाई अन्यथा भन्न मिल्दैन । भन्सारगस्तीमा क्रियाशील हुने कर्मचारीहरूको कार्यप्रकृति नै विशेष प्रकारको भएको र उनीहरूमा शारीरिक तन्दुरुस्ती हुनु जरुरी देखिन्छ । हातहतियार चलाउन जान्ने किसिमको विशेष दक्षताका अतिरिक्त शारीरिकरूपमा समेत तन्दुरुस्त हुन पर्ने उनीहरूको कार्य प्रकृतिले गर्दा उनीहरूको हकमा उमेरको विशेष हद तोकिएको व्यवस्थालाई असमान व्यवहार भयो भनी भन्न नमिल्ने । **(प्रकरण नं. १४)**

## ३.१५

| निर्णय नं. ६४०७<br>संयुक्त इजलास | विषयः भ्रष्टाचारको कसुरमा सफाइ पाएको अवस्थामा पुनर्बहाली |
| --- | --- |
| नेपाल कानुन पत्रिका<br>भागः ३९ सालः २०५४ महिनाः कात्तिक अङ्कः ७ | फैसला मितिः २०५४/०२/२७ |

पुनरावेदक/प्रतिवादीः जिल्ला सहकारी कार्यालय महोत्तरीका तर्फबाट ऐ. कार्यालय प्रमुख । विरुद्ध प्रत्यर्थी/निवेदकः जिल्ला महोत्तरी सहोदवा गाउँ विकास समिति वडा नं. ३ बस्ने दिगम्वर झा ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अदालतको फैसलाबाट आरोपित भ्रष्टाचारको कसुरमा सफाइ पाएको अवस्थामा निवेदक दिगम्बर झालाई पुनर्बहाली गर्नुपर्नेमा सो गरेको नदेखिँदा निजको पदस्थापनको सम्बन्धमा जे जस्तो कार्यवाही गर्नु पर्छ गर्न गराउनु भनी जिल्ला सहकारी कार्यालय, महोत्तरीका नाममा परमादेशको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने । **(प्रकरण नं. १०)**

## ३.१६

| निर्णय नं. ६२०६<br>विशेष इजलास | विषयः परीक्षणकालमा नोकरी अन्त |
| --- | --- |
| नेपाल कानुन पत्रिका<br>भागः ३८ सालः २०५३ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०५३/०२/०३ |

पुनरावेदक/प्रतिवादीः निवेदक- जिल्ला गुल्मी अमरपुर गा.वि.स. वडा नं. ४ बस्ने कमल प्रसाद पाण्डे विरुद्ध विपक्षी/वादी : विपक्षी- श्री प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय गुल्मी ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नोकरीबाट अन्त गर्ने निर्णय अधिकार प्राप्त अधिकारीले आफ्नो न्यायिक मनको प्रयोग गरी अन्त गरेको नदेखिई छानबिन समितिको सिफारिस निर्णयको आधार नोकरीको अन्त गरेको पाइन्छ। त्यस्तो नोकरीको अन्त गर्दा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी अवकाश दिने उल्लेख भएको छ। सजाय सरहको सो निर्णय कानुनबमोजिमको निर्णय भन्न मिल्ने नदेखिने। **(प्रकरण नं. १८)**

नेपाल निजामती सेवा ऐन, २०१३ एवं निजामती सेवा नियमावली, २०२१ मा छानबिन समितिको व्यवस्था भएको पाइन्न । उक्त छानबिन समिति कुनै कानुनको आधारमा खडा भएको पनि देखिन्न । कानुनले अधिकारै नदिएको छानबिन समितिको सिफारिस निर्णयको आधारमा अधिकार प्राप्त अधिकारीले नोकरी अन्त गर्न मिल्ने कुरा होइन। **(प्रकरण नं. १८)**

मिति २०४८।६।४ को निजामती सेवा नियमावलीले कारबाही र सजाय गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिए पनि निवेदकको नोकरीको अन्त गर्दा छानबिन समितिको निर्णय सिफारिसमा भएको देखिँदा अधिकार प्राप्त अधिकारी स्वयंले ठहऱ्याई निर्णय गरेको भन्न मिल्ने नदेखिने । **(प्रकरणनं.१९)**

छानबिन समितिको सिफारिस निर्णयलाई आधार मानी परीक्षणकालमा रहेको निवेदकको नोकरी अन्त गरेको निर्णय कानुनसम्मत नभई त्रुटिपूर्ण देखिँदा उक्त मिति २०४८।११।४ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदकलाई परीक्षणकालमा रहेको पूर्ववत् सेवामा बहाल गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. २०)**

## ३.१७

| **निर्णय नं. ६१९६**<br>**संयुक्त इजलास** | **विषय : बढुवाको कारबाही हुँदा अवकाशमा परेको अवस्था** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३८ सालः २०५३ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०५३/०२/०७ |

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २३ बस्ने आनन्दबहादुर मानन्धर । विरुद्ध विपक्षीः- श्री ५ को सरकार, कृषि मन्त्रालय, सिंहदरबार । श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय हरिहरभवन । श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौं । श्री बढुवा समिति, बढुवा समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालय, हरिहरभवन ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

श्री ५ को सरकारको २०४९।७।२१ को निर्णय र २०४९।७।२८ को पत्रले निवेदक सेवाबाट अवकाशमा परेको, सर्वोच्च अदालतको २०५१।९।२१ को फैसलाद्वारा सो अवकाश बदर भई निवेदकको सेवा पुनः कायम भएको र बढुवासम्बन्धी कारबाही मिति २०५१।२।२८ बाट प्रारम्भ भएकोमा बढुवासम्बन्धी सूचना प्रकाशित भई कारबाही हुँदाको अवस्थामा निवेदक अवकाशमा परी सेवामा नरहेको भन्ने कुरा निजको निवेदन लेखाइबाटै देखिन आउँछ । सम्बन्धित उम्मेदवारले बढुवाको सूचनामा तोकिएको म्यादभित्र लोकसेवा आयोगद्वारा निर्धारित ढाँचामा निवेदन पेस गर्नुपर्ने भन्ने निजामती सेवा नियमावली, २०५० को निमय ७४ को उपनियम (३) ले सूचनाको म्याद निवेदन ढाँचासमेतको व्यवस्था गरेको पाइन्छ । उक्त नियमले निर्देशित गरेबमोजिम बढुवाको लागि दाबी नगर्ने उम्मेदवारको हकमा निजको बढुवासम्बन्धी हक निरपेक्षरूपमा सधैंभरि सुरक्षित रही रहने भनी अर्थ गर्न मिल्ने नदेखिने । **(प्रकरण नं. २२)**

बढुवा सूचना प्रकाशित हुँदाको समयपूर्वदेखि बढुवा निर्णय सिफारिस हुँदाको समयपछिसम्म पनि निवेदक सेवामै बहाल नरहेको अवस्थामा सर्वोच्च अदालतको निर्णयले पछि सेवा कायम भएको निवेदकले सेवा कायम भएको कारणले मात्र सोभन्दा अगावै भएको बढुवा कारबाहीमा भाग लिन पाउने भनी मान्न बढुवासम्बन्धी निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को

नियम ७४ को उपनियम (३) को समेत प्रतिकूल हुन जाने मात्र नभई सो ऐन र नियमको व्यवस्था निष्क्रियसमेत हुने । **(प्रकरण नं. २२)**

बढुवाको कारबाही हुँदाको अवस्थामा अवकाशमा परेका निवेदकले निर्देशित सूचनाको म्यादभित्र बढुवा फाराम नभर्नु स्वाभाविकै हुँदा र यसरी निर्दिष्ट म्यादभित्र निर्धारित ढाँचामा फाराम नभरेको भएपछि पछि सेवा कायम भएका निवेदकले सो बढुवामा आफू समावेश हुन पाउनु पर्ने भन्ने निजको भनाइ कानुनसम्मत नदेखिने । **(प्रकरण नं. २२)**

जहाँसम्म निजामती सेवा ऐन २०४९ को दफा ७३ को प्रश्न निवेदनमा उठाइएको छ उक्त दफामा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारीको हकमा सो हटाउने वा बर्खास्त गर्ने आदेश अदालतबाट रद्द भई निजामती कर्मचारी पुनः सेवामा कायम भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउने व्यवस्था उल्लेख छ तर अवकाशमा परेको बखतमा भएको बढुवामा त्यस्ता निजामती कर्मचारीहरूलाई सामेल गर्नु गराउनु पर्ने भन्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मासमेत कहीँ कतै उल्लेख भएको नदेखिने । **(प्रकरण नं. २२)**

निजामती सेवा ऐनको दफा ७३ को व्यवस्था केवल तलब वृद्धि सहितको तलबसम्मको सुविधा दिलाउने व्यवस्था हो त्यसलाई अवकाशमा परेको बखत भएको बढुवापछि सेवा कायम भएको अवस्थामा पुनः बढुवामा भाग लिन पाउनेसम्मको व्यवस्था हो भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं. २२)**

निवेदक यस अदालतका आदेशले पुनर्बहाली हुनु अगावै २०५१।२।२८ को बढुवाको सूचना लगायतको बढुवाको सम्पूर्ण कारबाही पूरा भएको अवस्था देखिँदा सो बढुवाको काम कारबाहीबाट निवेदकको संविधान एवं कानुनप्रदत्त हकाधिकारमा आघात पुगेको भनी मान्न नमिल्ने ।

## ३.१८

| **निर्णय नं. ६१४७**<br>**संयुक्त इजलास** | **विषय : बढुवाको कारबाही हुँदा अवकाशमा परेको अवस्था** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३८ साल: २०५३ महिना: जेठ अङ्क: २ | फैसला मिति: २०५३/०७/०२ |

निवेदक : काठमाडौं जिल्ला का.न.पा. वडा नं. २३ बस्ने आनन्दबहादुर मानन्धर विरुद्ध विपक्षी- श्री ५ को सरकार, कृषि मन्त्रालय, सिंहदरबार श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय, हरिहरभवन श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी श्री बढुवा समिति, बढुवा समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालय हरिहरभवन पुल्चोक ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

श्री ५ को सरकारको २०४९।७।२१ को निर्णय र २०४९।७।२८ को पत्रले निवेदक सेवाबाट अवकाशमा परेको, सर्वोच्च अदालतको २०५१।९।२१ को फैसलाद्वारा सो अवकाश बदर भई निवेदकको सेवा पुनः कायम भएको र बढुवासम्बन्धी सूचना प्रकाशित भई कारबाही हुँदाको अवस्थामा निवेदक अवकाशमा परी सेवामा नरहेको भन्ने कुरा निजको निवेदन लेखाइबाटै देखिन आउँछ । सम्बन्धित उम्मेदवारले बढुवाको सूचनामा तोकिएको म्यादभित्र लोकसेवा आयोगद्वारा निर्धारित ढाँचामा निवेदन पेस गर्नुपर्ने भन्ने निजामती सेवा नियमावली, २०५० को नियम ७४ को उपनियम (३) ले सूचनाको म्याद, निवेदन ढाँचासमेतको व्यवस्था गरेको पाइन्छ । उक्त नियमले निर्देशित गरेबमोजिम बढुवाको लागि दाबी नगर्ने उम्मेदवारको हकमा निजको बढुवासम्बन्धी हक निरपेक्षरूपमा सधैंभरि सुरक्षित रही रहने भनी अर्थ गर्न मिल्ने नदेखिने । **(प्रकरण नं. २१)**

बढुवा सूचना प्रकाशित हुँदाको समयपूर्वदेखि बढुवा निर्णय सिफारिस हुँदाको समयपछिसम्म पनि निवेदक सेवामै बहाल नरहेको अवस्थामा सर्वोच्च अदालतको निर्णयले पछि सेवा कायम भएको कारणले मात्र सोभन्दा अगावै भएको बढुवा कारबाहीमा भाग लिन पाउने भनी मात्र बढुवासम्बन्धी निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को नियम ७४ को उपनियम (३) कोसमेत प्रतिकूल हुन जाने मात्र नभई सो ऐन र नियमको व्यवस्था निष्क्रियसमेत हुन जाने । **(प्रकरण नं. २१)**

बढुवाको कारबाही हुँदाको अवस्थामा अवकाशमा परेका निवेदकले निर्देशित सूचनाको म्यादभित्र बढुवा फाराम नभर्नु स्वाभाविकै हुँदा र यसरी निर्दिष्ट म्यादभित्र निर्धारित ढाँचामा फाराम नभरेको भएपछि पछि सेवा कायम भएका निवेदकले सो बढुवामा आफू समावेश हुन पाउनु पर्ने भन्ने निजको भनाइ कानुनसम्मत देखिन नआउने । **(प्रकरण नं. २१)**

निजामती सेवा ऐनको दफा ७३ को व्यवस्था केवल तलब वृद्धि सहितको तलबसम्मको सुविधा दिलाउने व्यवस्था हो । त्यसलाई अवकाशमा परेका बखत भएको बढुवापछि सेवा कायम भएको अवस्थामा पुनः बढुवामा भाग लिन पाउनेसम्मको व्यवस्था हो भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं. २१)**

## ३.१९

| **निर्णय नं. ५०४८**<br>**विशेष इजलास** | **विषय : विभागीय कारबाही** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३७ सालः २०५२ महिनाः जेठ अङ्कः २ | फैसला मितिः २०५१/०३/३० |

निवेदकः जिल्ला स्याङ्जा पवै गौडे गा.वि.स. वडा नं. ५ घर भई हाल महालेखा परीक्षकको विभागको लेखा परीक्षण अधिकारी पदमा कार्यरत मोहनबहादुर के.सी । विरुद्ध विपक्षी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार । महालेखा परीक्षकको विभाग, बबरमहल । लोकसेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी । सामान्य प्रशासन मन्त्रालय, हरिहरभवन काठमाडौं ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

जुन बखत जुन कानुन जे जस्तो अवस्थामा छ, सोही कानुनबमोजिम कारबाही गर्नुपर्ने सर्वमान्य कानुनी सिद्धान्त हो । मिति २०४८।७।२२ पछि लेखापरीक्षण अधिकारीहरूलाई विभागीय कारबाही गर्ने सम्बन्धमा अन्य कुनै कानुन निर्माण नभइसकेको अवस्था निष्क्रिय भनी निवेदकले चुनौती दिएकै नियमावली नै प्रयोगमा ल्याउनु यस कानुनी सिद्धान्तको सकारात्मक पक्ष हो । **(प्रकरण नं. ९)**

महालेखा परीक्षकको विभागको पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ को परिच्छेद १० मा निर्धारित कार्यविधि तथा प्रक्रिया अपनाई निवेदकलाई ३ ग्रेड घटुवा गरेको महालेखा परीक्षकको विभागबाट यस अदालतमा निर्णय सुनाउन तोकिएको दिन प्रस्तुत गरेको सम्बन्धित निवेदकको कारबाही फाइलबाट देखिएकोले प्रक्रिया पूरा नगरी निर्णय गरेको भन्ने जिकिर युक्तिसङ्गत नदेखिनुको साथै सो नियमावलीको नियम ५.९ मा गैरहाजिर हुने कर्मचारीको बिदा स्वीकृत नभएमा गैर हुने कर्मचारीलाई गैर गरी तलब कट्टा गर्न सकिने व्यवस्थाअनुरूप तलब कट्टा गरिएको देखिएको सो व्यवस्था र सो नियमावलीको परिच्छेद १० बमोजिम विभागीय कारबाही भई सजाय दिने व्यवस्था अलग अलगै हो । अतः एउटा अपराधमा दोहोरो सजाय गरेको भन्न नमिल्ने । **(प्रकरण नं. ११)**

## ३.२०

| **निर्णय नं. ४९७७**<br>**संयुक्त इजलास** | **विषयः अधिकार नभएको अधिकारीबाट स्पष्टीकरण** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३६ सालः २०५१ महिनाः पुस अङ्कः ९ | फैसला मितिः २०५१/०३/२७ |

पुनरावेदक/प्रतिवादीः उदयपुर जिल्ला रिस्कु गा.वि.स. वडा नं. ८ घर भई हाल भवन र आवास तथा शहरी विकास शाखा भोजपुरमा कार्यरत वर्ष ३१ को ओभरसियर रामहरि दहाल विरुद्ध विपक्षी/वादीः श्री आवास तथा भौतिक योजना मन्त्रालय, सिंहदरबार काठमाडौं श्री आवास तथा भौतिक योजना मन्त्रालय सचिव ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

जुन व्यक्तिले सजाय गर्न पाउने अधिकार पाएको छ उसले मात्र निजामती सेवा नियमावली, २०२१ को नियम १०.९ बमोजिम स्पष्टीकरण माग गरेको हुनुपर्दछ । तर निवेदकको हकमा अधिकार प्राप्त अधिकारी प्रमुख जिल्ला अधिकारीबाट माथि उल्लेख गरिएबमोजिमको स्पष्टीकरण माग नगरी का.मु.सि.डि. इन्जिनियरबाट स्पष्टीकरण माग गरिएको ले त्यस्तो स्पष्टीकरणलाई कानुनी मान्यतायुक्त भन्न नमिल्ने । (प्रकरण नं. १२)

अघिल्लो मिति २०४८।४।९ र मिति २०४८।६।१५ को दुई स्पष्टीकरणहरू प्र.जि.अ.बाट नसोधी का.मु.सि.डि.इन्जिनियरबाट सोधिएकोले का.मु.सि.डि.ई.बाट अघिल्लो सोधिएको स्पष्टीकरणलाई

हवाला दिँदै तेस्रो पटक प्र.जि.अ.बाट सोधिएको स्पष्टीकरणले अघिल्लो अधिकारविहीन गैरकानुनी स्पष्टीकरणलाई कानुनी रूप प्रदान गर्न नसक्ने । **(प्रकरण नं. १२)**

अधिकार नभएको अधिकारीबाट भएको कारबाहीको सिलसिलामा अधिकार प्राप्त अधिकारीबाट त्यस्तो सजाय भए पनि त्यस्तो अघिल्लो स्पष्टीकरण कारबाही निजामती सेवा नियमावली, २०२१ को नियम १०.९(१) बमोजिम जुन अधिकारीबाट मानिनु पर्ने हो त्यस्तो अधिकारीबाट स्पष्टीकरण माग गरिएको छैन भने त्यस्तो कारबाहीले कानुनी मान्यता पाउने स्थिति देखिन्न । उपरोक्त कारबाही नि.से.नि. २०२१ को नियम १०.९ को प्रतिकूल देखिँदा कानुनले मान्यता दिने स्थितिको भएन । कानुनले मान्यता नहुने त्यस्ता कारबाहीको सिलसिलामा भएको सजायसमेतले कानुनी मान्यता नपाउने हुँदा निवेदकको हकमा तल्लो टाइम स्केलमा घटुवा गर्ने गरी ओ.सि. पदको सुरु स्केल मात्र खान पाउने गरी तल्लो टाइम स्केलमा घटुवा गर्ने प्र.जि.अ. को मिति २०४८।१२।२४ को निर्णय र सो निर्णयलाई सदर गरेको आवास तथा भौतिक योजना मन्त्रालयका सचिवको मिति २०४९।५।३० को पुनरावेदन निर्णयसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने । **(प्रकरण नं. १३)**

## ३.२१

| **निर्णय नं. ४७६३**<br>**संयुक्त इजलास** | **विषय : विभागीय सजायको आदेशउपर प्रशासकीय अदालतमा पुनरावेदनर विलम्बको सिद्धान्त** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३५ साल: २०५० महिना: असोज अङ्क: ६ | फैसला मिति: २०५०/०६/०५ |

निवेदक: ललितपुर जिल्ला ठैव गा.वि.स. वडा नं. १ घर भएका रामकृष्ण महर्जन । विरुद्ध विपक्षी : प्रशासकीय अदालत, सिंहदरबार, काठमाडौं ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

भ्र.नि.ऐन, २०१७ को दफा २१ मा दफा २०(१) र (२) अन्तर्गत विभागीय सजाय पाएको राष्ट्रसेवकले निजउपर दफा २४ अनुसार मुद्दा चलाइएकोमा सो मुद्दा हेर्ने अदालतबाट मुद्दाको किनारा भएको मितिले र मुद्दा नचलाइएको विभागीय सजायको आदेश पाएको मितिले ३५ दिनभित्र विभागीय सजायको आदेशउपर प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ भन्ने व्यवस्था हुँदा र ने.का.प. २०४७ अङ्क ३ नि.नं. ४०७८ को मुद्दा प्रतिपादित सिद्धान्तबमोजिम समेत वि.प्र.वि. को निर्णय पर्चामा अदालतमा मुद्दा चलाइनेछ भन्ने उल्लेखसम्म भएको तर मुद्दा धेरै समयसम्म नचलाइएको प्रस्तुत निवेदनमा वि.प्र.वि. को मिति २०४६।१।२२ को निर्णयउपर प्रशासकीय अदालतमा ऐनका म्यादभित्र पुनरावेदन लाग्ने नै देखिन्छ । तर प्रस्तुत निवेदनमा निवेदकले पुनरावेदनको लागि प्रशासकीय अदालतमा निवेदन दर्ता गराएपछि निवेदन आफैले दिएको नियमबमोजिम तारेखमा बस्न नपर्ने भए तापनि आफूलाई सरोकार भएको विषयमा समयसमयमा के कसो भएको छ, बुझ्दै रहने कर्तव्य हुन्छ। तसर्थ मिति २०४६।३।५ मा निवेदकले प्रशासकीय अदालतसमक्ष पुनरावेदन दर्ता गराएको र सोउपर प्रशासकीय अदालतबाट ०४६।३।९

मा आदेश भएकोमा सो आदेश समयमै थाहा पाइन तथा रिट निवेदन दायर गर्न ढिलाइ नै भए पनि यसबाट तेस्रो पक्षको हक सिर्जित नभएको भनी विलम्बको सिद्धान्त आकर्षित हुँदैन भन्न सकिएन। अतः निवेदकले आफ्नो हक अधिकारको सम्बन्धमा व्यवास्ता गरी लगभग ३ वर्षसम्म चुप लागी बसी मौकामा भएको आदेश थाहा पाउने मनासिब तबरले प्रयास गरेको तथा सजग रहेको नदेखिँदा र किन विलम्ब भएको हो त्यसको मनासिब कारण देखाउन नसकेको देखिँदा रिट निवेदन खारेज हुने। **(प्रकरण नं. ७)**

## ३.२२

| **निर्णय नं. ४७०३**<br>**संयुक्त इजलास** | **विषय : सफाइको मनासिब मौका नदिइ सेवाबाट हटाएको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ३५ सालः २०५० महिनाः जेठ अङ्कः २ | फैसला मितिः २०४९/११/२० |

पुनरावेदक/ प्रतिवादी : कास्की पोखरा न.पं. वार्ड नं. ३ बस्ने ललित रत्न शाक्य विरुद्ध विपक्षी/वादीः श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, बबरमहल समेत।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कुनै पनि निजामती कर्मचारीलाई सेवाबाट हटाउनु भनेको ठूलो सजाय हो। त्यसरी सजाय गर्दा मनोमानी तबरबाट गर्न नसकियोस् भन्ने निजामती कर्मचारीको सेवाको सुरक्षा निजामती सेवा ऐन र नियमले गरेको पाइन्छ। ऐन नियमले निजामती कर्मचारीलाई प्रदान गरेको सुरक्षा ऐन, नियमकै अख्तियारबाट मात्र समाप्त हुन सक्छ। **(प्रकरण नं.९)**

कानुनी राज भनेको नै प्रष्टसँग कानुनद्वारा कोरिएको निर्दिष्ट घेराको मर्यादा कायम राख्नु हो। **(प्रकरण नं.९)**

कुनै पनि व्यक्तिलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिल्यै निजको सुनुवाइ हुनु पर्ने भन्ने कुरा प्राकृतिक न्यायको मूलभूत सिद्धान्त हो। यो सिद्धान्त Audi Alteram Partem को सिद्धान्तको रूपमा स्थापित भइसकेको छ। **(प्रकरण नं. ९)**

लगाइएको आरोप प्रष्टसँग वस्तुनिष्ठ प्रमाणको आधारमा समर्थित हुने कुरा उल्लेख गरी सफाइको मौका दिएमा मात्र मनासिब मौका दिएको मानिन्छ। मनासिब मौकाभित्र आफ्नो प्रतिकार गर्न सक्ने यथेष्ट समय, आफूले प्रतिकार गर्नुपर्ने विषयको स्पष्टता, आफ्नो कुरा भन्न वा देखाउन सक्ने अनुकूल परिस्थितिसमेत पर्न आउँछ। यसमा आफ्नो प्रतिनिधित्व गर्न सक्ने मनासिब माफिकको अवसर प्राप्त भएको हुनु पर्दछ। **(प्रकरण नं. ९)**

निवेदक माथि लगाइएका आरोप वस्तुनिष्ठभन्दा बढी आत्मनिष्ठ देखिएकोले सो अरोपलाई युक्तिसङ्गत भन्न सकिने अवस्था रहेन। केवल स्पष्टीकरण सोधेको भरमा मात्र सफाइको सबुद दिने मनासिब मौका दिएको भन्न नसकिने। **(प्रकरण नं.११)**

## ३.२३

| निर्णय नं. ४६९१<br>संयुक्त इजलास | विषय : ग्रेड रोक्का |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३५ साल: २०५० महिना: वैशाख अङ्क: १ | फैसला मिति: २०५०/०८/०१ |

निवेदक: तेह्रथुम ईलाका वन कार्यालय म्याङलुङमा कार्यरत ईलाका वन सहायक सुशिल यादव। विरुद्ध विपक्षी : वन विभाग प्रशासन महाशाखा बबरमहलसमेत।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदकलाई ५ ग्रेड रोक्का गर्ने निर्णय आदेश गर्दा निवेदकलाई लागेको आरोपको उल्लेख गरी कुनै स्पष्टीकरण वा कुनै सोधनीसम्म पनि भएको पाइँदैन र सोधनी गर्नु नपर्ने कारणको पनि उल्लेख भएको देखिँदैन। कुनै कर्मचारीलाई सजाय गर्नु पर्दा निजलाई लागेको आरोपको सम्बन्धमा आफ्नो भनाइ पेस गरी सफाइ दिने मौका दिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्थाको अलावा प्राकृतिक न्यायको सिद्धान्तको समेत विपरीत निवेदकलाई कुनै सफाइ पेस गर्ने मौकासमेत प्रदान गरेको देखिँदैन। एकै पटक निजलाई ५ ग्रेड रोक्का गरिएको जानकारीपत्र मात्र प्रदान गरको देखिँदा यसरी नि.से.नि., २०२१ को नियम १०.९ र १०.१० विपरीत निवेदकलाई ग्रेड रोक्का गरिएको भनी दिएको वन विभाग प्रशासन महाशाखाको पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने। **(प्रकरण नं. २७)**

## ३.२४

| निर्णय नं. ४६६९<br>पूर्ण इजलास | विषय : भ्रष्टाचारको कसुरमा सेवाबाट अवकाश |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३४ साल: २०४९ महिना: चैत अङ्क: १२ | फैसला मिति: २०४९/१२/०५ |

निवेदक: सिद्धार्थनगर न.पं.वार्ड नं.६ पिपरहिया बस्ने ४ नं.नापी गोश्वारा दार्चुलाअन्तर्गत ६ नं.नापी टोलीका प्रमुख रा.प.अं.प्र. (प्रा.) पदबाट गैरकानुनीरूपमा हटाइएको राम सेवकप्रसाद गुप्ता विरुद्ध विपक्षी : श्री अञ्चलाधीश, अञ्चलाधीशको कार्यालय महाकाली अञ्चल महेन्द्रनगर न्यायिक समिति।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अञ्चलाधीशले विशेष प्रहरीको अधिकार प्रयोग गरी भ्रष्टाचार निवारण ऐनअन्तर्गतको कसुरमा अनुसन्धान गरी प्रमुख जिल्ला अधिकारीले पठाएको फाइलबाट कारबाही गर्ने सिलसिलामा नि.से.नि., २०२१ को परिच्छेद १० को नियम १०.६(७) बमोजिम भ्रष्टाचारकै कसुरमा स्पष्टीकरण माग गरेको र निर्णयको तर्क आधार अनि प्रमाणको मूल्याङ्कन गर्दा पनि भ्रष्टाचार निवारण ऐनअन्तर्गतको

कसुर गरेको देखिने प्रमाण उल्लेख गर्दै अन्त्यमा नि.से.नि.को परिच्छेद १० को नियम १०.६(५) बमोजिम पदअनुसारको आचरण नगरेको भन्ने आधारमा सेवाबाट हटाउने निर्णय गरेको देखिन्छ। यसरी भ्रष्टाचार निवारण ऐनअन्तर्गत कसुरमा भएको अनुसन्धानमासम्म विभागीय कारबाही गर्न पाउने कुरा भ्र.नि.ऐन, २०१९ को दफा २०(१) मा व्यवस्था गरिएको छ। उक्त दफामा "सरकारी सेवामा रहेको राजपत्रअनङ्कित राष्ट्रसेवकले परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर गरेको अभियोगको सिलसिलामा विशेष प्रहरी अधिकृतले मौका तहकिकात र अनुसन्धान गरेको मुद्दामा विशेष प्रहरी विभागले निजामती सेवा ऐन र निजामती सेवा नियमावली तथा प्रहरी ऐन र प्रहरी नियमावलीअन्तर्गतको विभागीय कारबाही र सजाय त्यस्तो राष्ट्र सेवकलाई दिन सक्नेछ र यस प्रसङ्गमा बेग्लै विभागीय कारबाही गरिरहनु पर्ने छैन" भन्ने उल्लेख भएको र भ्रष्टाचार निवारण ऐनअन्तर्गतको कसुरको अनुसन्धानकर्ताको हैसियतले अधिकृत तह र सङ्गठित संस्थानको कर्मचारीको सम्बन्धमा राय दिने व्यवस्थासमेतबाट भ्रष्टाचार निवारण ऐनअन्तर्गतको कसुरको अनुसन्धानसँग सम्बन्ध राख्ने अधिकारीले कर्मचारीको दैनिक कार्य व्यवहार आचरणसमेतलाई मध्येनजर राखी विभागीय कारबाही गर्ने सामान्य अधिकार सम्बन्धित विभागमा तोकिएको अधिकारीले मात्र प्रयोग गर्न पाउने कुरा विभागीय कारबाहीको प्रकृति र लक्षणद्वारा समेत परिलक्षित हुने हुँदा यस्तो विभागीय कारबाही गर्ने अधिकार पाएको अधिकारीको सामान्य क्षेत्राधिकारभित्रको नि.से.नि., २०२१ को परिच्छेद १० को नियम १०.६(५) अनुसार "पदअनुसारको आचरण नगरेको" भन्ने विषयमा भ्रष्टाचारको तहकिकात अनुसन्धानको सिलसिलामा भ्रष्टाचारसँग सम्बन्धित विषयमा विभागीय कारबाही गर्न पाउने सीमित अधिकारसम्म पाएको अञ्चलाधीशले गरेको निर्णय अधिकार क्षेत्रात्मक त्रुटियुक्त देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने। **(प्रकरण नं. ११)**

## ३.२५

| **निर्णय नं. ४३६८**<br>**संयुक्त इजलास** | **विषय : सेवाबाट अवकाश** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३३ साल: २०४८ महिना: पुस अङ्क: ०९ | फैसला मिति: २०४८/०९/२६ |

रिट निवेदक: मोरङ वि.नं.पा. वडा नं. ६ बस्ने शिवप्रसाद पराजुली विरुद्ध प्रत्यर्थी : श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

प्रशासकीय अदालतको निर्णयमा कुनै गम्भीर कानुनी त्रुटि देखिएमा यस अदालतले पुनरावेदनको अनुमति नदिने प्रश्नै उठ्दैन, कानुनबमोजिम पुनरावेदन गर्ने अनुमति दिनु पर्ने व्यवस्था हुँदाहुँदै पनि यस अदालतबाट अनुमति नदिइएला भन्ने अनुमान गर्नु र त्यस्तो अनुमानलाई आधार बनाएर पुनरावेदनको अनुमतीसम्बन्धी उक्त व्यवस्थालाई अन्य उपचाररहित अवस्थाको संज्ञा दिनु उचित एवं तर्कसङ्गत नदेखिने। **(प्रकरण नं. १४)**

निजामती सेवा ऐनको प्रावधानअनुसार सफाइको मौका दिँदा अव्यावहारिक हुने कुरा त्यस्तो अधिकारीको चित्तमा लाग्नु नै पर्याप्त हुँदैन सोको कारण खुलाउनु पनि अनिवार्य देखिँदा अव्यावहारिक हुन्छ भन्ने त्यस्तो अधिकारीको चित्तमा लागेको कुरा वस्तुगत तथ्यमा आधारित हुनुपर्दछ र ती तथ्यहरूको विवेचना वा मूल्याङ्कनबाट निजले सफाइको मौका दिनु अव्यावहारिक भएको भनी निष्कर्ष निकालेको कुरा पर्चाबाट देखिनु पर्ने । **(प्रकरण नं. १६)**

निवेदकको के कस्ता कार्यले गर्दा न्यायसेवाको पवित्र मर्यादालाई आँच पुग्न जाने हो सोको तथ्यपूर्ण विवरणको अभावमा न्यायसेवाको पवित्र मर्यादालाई आँच पुऱ्याउने जस्ता राष्ट्रसेवकले गर्नमा प्रतिबन्धित भन्ने पर्चाको अभिव्यक्तिलाई पर्चामा (साबिक पेज नं. ५३६) निवेदनउपर लगाइएको आत्मनिष्ठ आरोप मात्र सम्झनु पर्ने हुन्छ त्यसलाई आरोप प्रमाणित गर्ने आधार र कारण सम्झन नमिल्ने । **(प्रकरण नं. १६)**

निजामती सेवा नियमावली, २०२१ को नियम १०.१, १०.१(५), १०.६(५) को समेत समष्टिगतरूपबाट अध्ययन गर्दा निजामती कर्मचारीलाई सफाइको सबुद दिने मौका दिएर होस् वा अव्यावहारिकताको आधारमा पर्चा खडा गरेर नै होस् जुनसुकै प्रक्रियाबाट सेवाबाट हटाउँदा निजलाई सेवाबाट हटाइनु पर्ने उचित तथा पर्याप्त कारण अनिवार्यरूपमा उल्लेख गर्नुपर्छ । उचित र पर्याप्त कारणको अभावमा आरोप मात्र उल्लेख गरेर सेवाबाट हटाउन नमिल्ने । **(प्रकरण नं. १६)**

## ३.२६

| **निर्णय नं. ४२२५**<br>**संयुक्त इजलास** | **विषय : सजायको उचित र पर्याप्त कारण** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३२ साल: २०४७ महिना: फागुन अङ्क: ११ | फैसला मिति: २०४७/०३/११ |

निवेदक: दाङ जिल्ला हापुर गा.पं. वा.नं. ९ बस्ने गोविन्द प्रसाद शर्मा विरुद्ध विपक्षी : श्री ५ को सरकार जलस्रोत मन्त्रालय सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) मा पर्चा खडा गर्ने व्यवस्था भए पनि आरोप के कस्ता हुन् सो खुलाउनु पर्दैन भन्ने छैन । आरोप स्पष्ट एवं किटानी हुनुपर्छ र प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सोसमेत खुलाउनु पर्ने । **(प्रकरण नं. २३)**

न त निवेदकलाई सजायको आदेशको प्रतिलिपि उपलब्ध गराइयो, न त लाइएको आरोपको आधारहरू निवेदकलाई दिएको सजायको सूचनामा नै खोलेको पाइन्छ यदि निवेदकलाई आरोपको स्पष्ट जानकारी हुँदैन भने निजले कसरी पुनरावेदन तहमा उक्त आरोपको खण्डन गर्न सक्दछ ? यस्तो कार्यलाई प्राकृतिक न्यायको सिद्धान्तअनुकूल भन्न नमिल्ने । **(प्रकरण नं. २४)**

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ६(१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम खडा हुने पर्चाको प्रयोजन सफाइको सबुद पेस गर्ने मौकाबाट वञ्चित गर्नुपर्ने भन्ने हो, तर सोबमोजिम पर्चा खडा गरी सजाय गर्दा निजामती सेवा नियमावली, २०२१ को नियम १०.१ बमोजिम उचित र पर्याप्त कारण हुनुपर्ने । **(प्रकरण नं. २६)**

निजामती सेवा ऐन, २०२१ को नियम १०.१ बमोजिम सजाय गर्दा उचित र पर्याप्त कारण छ भन्ने कुरा वस्तुगतरूपमा निर्णय पर्चाबाट देखिन पर्ने । **(प्रकरण नं. २७)**

## ३.२७

| **निर्णय नं. ४१७७**<br>**संयुक्त इजलास** | **विषय : नोकरीबाट हटाएको** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३२ साल: २०४७ महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०४७/०७/१४ |

पुनरावेदक : तेह्रथुम जि., म्याङलुङ गा.पं. वा.नं. २ बस्ने कुलबहादुर तुम्वाहाम्फे विरुद्ध विपक्षी : श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

एक पटक सामान्य प्रक्रिया अपनाई कारबाही सुरु गरी सकेपछि सोही सामान्य प्रक्रिया पूरा गरी कारबाहीको टुङ्गो लगाउनु पर्नेमा सो नगरी नि.से.ऐन, २०१३ को दफा ६(१) को विशेष प्रक्रिया अपनाई नोकरीबाट हटाउने भनी गरेको श्री ५ को सरकारको निर्णय कानुनसङ्गत नदेखिने । (प्रकरण नं. १२)

निजामती सेवा ऐन, २०१३ को दफा ६(१) को प्रतिबन्धात्मक वाक्यांश (ख) बमोजिम पर्चा खडा गर्न सकिने भए पनि कुनै निजामती कर्मचारीलाई नि.से.नि., २०२१ को नियम १०(१) बमोजिम सजाय गर्दा उचित र पर्याप्त कारण हुनुपर्ने । **(प्रकरण नं. १३)**

कुनै पनि निजामती कर्मचारीलाई पर्चा खडा गरी हटाउँदा स्पष्ट आधार र उचित पर्याप्त कारण विद्यमान हुनु पर्ने । **(प्रकरण नं. १५)**

पर्चा खडा गरी नोकरीबाट हटाउँदा आरोप स्पष्टरूपले किटिएको हुनुपर्ने र प्रत्येक आरोप कुनकुन कुरा र कारणमा आधारित छ सो खोल्नु पर्ने । **(प्रकरण नं. १५)**

सफाइको मौका दिन अव्यावहारिक भनी पर्चामा लेखिएको अव्यावहारिकको कारण स्पष्ट एवं किटानी हुनुपर्छ केवल अनुमानलाई लिएर अव्यावहारिकको कारण दर्साई पर्चा खडा गरेकोलाई अव्यावहारिकको कारण भन्न नमिल्ने । **(प्रकरण नं. १५)**

## ३.२८

| निर्णय नं. ४१३९<br>संयुक्त इजलास | विषय : नोकरीबाट हटाएको |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३२ साल: २०४७ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०४७/०५/११ |

निवेदक/पुनरावेदक : जि.सप्तरी गा.पं. वनैनिया वा.नं. ४ बस्ने अर्जुनप्रसाद सिंह विरुद्ध विपक्षी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

उचित र पर्याप्त कारणविना नि.से.नि., २०२१ को नियम १०.१ बमोजिम सजाय गर्न नमिल्ने । **(प्रकरण नं. १२)**

सफाइको मौका दिन अव्यावहारिकको कारण स्पष्ट एवं किटानी हुनुपर्ने । **(प्रकरण नं. १२)**

अनुमानलाई लिएर अव्यावहारिकको कारण दर्साई पर्चा खडा गरेकोलाई अव्यावहारिकको कारण भन्न नमिल्ने । **(प्रकरण नं. १२)**

अनुमानलाई आधार बनाई पर्चा खडा गर्ने नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ६ (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) मा व्यवस्था नभएकोले त्यस्तो पर्चालाई कानुनसम्मत भन्न नमिल्ने । **(प्रकरण नं. १२)**

# भाग : ४
# सुविधा

| निर्णय नं. ९२२५<br>संयुक्त इजलास | विषय : बिदा स्वीकृति |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५६ साल: २०७१ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०७१/०२/२० |

पुनरावेदक/प्रतिवादी : सुनसरी जिल्ला, इनरूवा नगरपालिका वडा नं. ९ घर भई जिल्ला वन कार्यालय, मोरङमा पदस्थापन भई वन विज्ञान अध्ययन संस्थान, हेटौंडामा स्नातक पहिलो वर्षमा अध्ययनरत दीपक पोखरेल विरुद्ध विपक्षी/वादी : नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कानुनले निर्धारण गरेको अवधि नघाई गरेको बिदा अस्वीकृतिको निर्णयले कानुनी मान्यता नपाउने हुनाको साथै बिदा स्वीकृत गरेको मानिने उक्त कानुनी व्यवस्थाअनुसार म्याद नघाउनुको अर्थ प्रकारान्तरमा निवेदकलाई नै सहयोग पुऱ्याएको कानुनी परिणाम निस्कन जानु हो । विपक्षीको काम कारबाहीले कानुनले निर्धारण गरेको समयावधिभित्र आफूले माग गरेको बिदा स्वीकृत वा अस्वीकृत भएको जानकारी पाउने कानुनी अधिकारबाट रिट निवेदक वञ्चित हुनुपरेको छ । यस्तो अवस्थामा कानुनको म्यादभित्र बिदा अस्वीकृतको निर्णय नगर्नु विपक्षी नेपाल सरकारको गम्भीर लापरबाहीसमेत देखिन्छ । कानुनअनुरूप चल्नुपर्ने जिम्मेवार निकायबाट भएको त्यस्तो लापरबाही क्षमायोग्य नदेखिने । (प्रकरण नं.७)

## ४.२

| निर्णय नं. ९१४६<br>संयुक्त इजलास | विषय: निजामती कर्मचारीका सन्ततिलाई उपलब्ध हुने छात्रवृत्ति वितरणम्बन्धी |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५६ साल: २०७१ महिना: साउन अङ्क: ४ | फैसला मिति: २०७०/१२/२६ |

निवेदक : सर्लाही जिल्ला, सहोडवा गा.वि.स.वडा नं. ३ स्थायी ठेगाना भई हाल नेपाल सरकार, स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा, जनस्वास्थ्य निरीक्षक पदमा कार्यरत सन्तोष यादवसमेत विरूद्ध विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती कर्मचारीका सन्ततिलाई उपलब्ध हुने छात्रवृत्ति नेपाल सरकारले उपलब्ध गराएको आर्थिक अनुदानबाट सञ्चालित भएकाले त्यस्तो छात्रवृत्ति वितरण गर्दा छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ र छात्रवृत्ति नियमावली, २०६० ले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने हुन्छ । त्यस्तो कानुनी व्यवस्थालाई बेवास्ता गर्न वा त्यस्तो व्यवस्थाको प्रतिकूल हुने गरी छात्रवृत्ति वितरणसम्बन्धी निर्देशिका बनाउन वा छात्रवृत्ति वितरण गर्न नमिल्ने । **(प्रकरण नं.१६)**

कार्यकारी अधिकारको प्रयोग गरी कुनै आदेश, परिपत्र वा निर्देशिका जारी गर्दा नेपाल सरकारले प्रचलित संविधान, ऐन वा नियमावलीअनुकूल हुने गरी जारी गर्नुपर्ने र ती कानुनी व्यवस्थाप्रतिकूल जारी गरेका त्यस्तो आदेश, परिपत्र वा निर्देशिका कानुनसम्मत नहुने भई बदरभागी हुने कुरामा विवाद हुँदैन । तर उक्त निर्देशिकामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१, निजामती सेवा ऐन, २०४९ को दफा ७ (७) र छात्रवृत्तिसम्बन्धी ऐन (संशोधन सहित), २०२१ तथा छात्रवृत्तिसम्बन्धी नियमावली (तेस्रो संशोधन), २०६० समेत अनुकूल रहेको देखिँदैन । उक्त निर्देशिकामा छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ३क. र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम १०क.ले तोकिएबमोजिम समानुपातिक समावेशी हुने गरी कुनै आरक्षण गरिएको देखिँदैन । तसर्थ उक्त निर्देशिका छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा ३क र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० को नियम १० क (१) र (२) को व्यवस्था र कानुनअनुकूल रहेको नदेखिने । **(प्रकरण नं.१७)**

कार्यकारी अधिकारको प्रयोग कानुनप्रतिकूल गरी जारी गरिएको सो निर्देशिका उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१, निजामती सेवा ऐन, २०४९ को दफा ७(७), छात्रवृत्तिसम्बन्धी ऐन (संशोधन सहित), २०२१ को दफा ३क र छात्रवृत्तिसम्बन्धी नियमावली (संशोधन सहित), २०६० को नियम १०क (१) र (२) को कानुनी व्यवस्थाअनुकूल हुने गरी अर्को निर्देशिका वा नियमावली जे जो बनाउनुपर्ने हो बनाई सो छात्रवृत्तिको वितरणमा समानुपातिक र समावेशी हुने गरी लागु गर्नु भनी परमादेशसमेत जारी हुने । **(प्रकरण नं.१८)**

## ४.३

| **निर्णय नं. ८६४३**<br>**संयुक्त इजलास** | **विषय : निवृत्तिभरण** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५३ साल: २०६८ महिना: कात्तिक अङ्क: ५३ | फैसला मिति: २०६८/०४/२६ |

पुनरावेदक/प्रतिवादी : निवेदकः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१७ कुस्लेचौर क्षेत्रपाटी स्थित नेपाल राष्ट्रिय निवृत्त कर्मचारी संघ, केन्द्रीय कार्यालयका तर्फबाट अधिकार प्राप्त केन्द्रीय सचिव काठमाडौं जिल्ला मनमैंजु गा.बि.स.वडा नं.१ बस्ने अञ्जनीकुमार थापा विरुद्ध विपक्षी/वादी : विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नागरिकहरूको हकहित र सुविधाको प्रश्नमा राज्य जहिले पनि उदार बन्नै पर्दछ । त्यसमाथि पनि लामो समयसम्म राज्यको सेवामा समर्पित भई सेवानिवृत्त भएका राष्ट्र सेवकहरूको हितसँग सम्बन्धित विषयलाई राज्य संयन्त्रले अनदेखा गर्न नहुने ।

सेवानिवृत्त राष्ट्रसेवकहरूले आफ्नो ऊर्जाशील समय राष्ट्रका लागि लगानी गरेकै कारणबाट उनीहरूको निवृत्त जीवनको सुनिश्चितताका लागि नै निवृत्तिभरणको व्यवस्था गरिएको हो । निवृत्तिभरण सामाजिक सुरक्षाको अवधारणाअन्तर्गत प्रदान गरिने सुविधा हो । त्यसरी प्रदान गरिने सुविधालाई खण्डित गर्दै जाँदा सामाजिक सुरक्षासम्बन्धी मान्यता नै खलबलिन पुग्ने ।

करयोग्य आयको निर्धारण गर्दा सामाजिक सुरक्षाको अवधारणालाई नजरअन्दाज गरिनु हुँदैन । सेवानिवृत्त कर्मचारीहरूलाई निवृत्तिभरणस्वरूप उपलब्ध गराइने रकम आफैंमा अत्यन्त न्यून रहने गरेको छ। त्यसमा पनि कर कट्टी गर्दा सेवानिवृत्त कर्मचारीको दैनिक गुजारा कष्टप्रद हुन जाने र त्यसबाट सामाजिक सुरक्षाको प्रत्याभूति नहुने अवस्था सिर्जना हुन जाने ।

के कस्तो आयलाई करयोग्य आय मान्ने भन्ने सम्बन्धमा सम्बन्धित निकायले निवृत्तिभरण र त्यसले ग्रहण गरेको सामाजिक सुरक्षासम्बन्धी अवधारणालगायतका सबै पक्षमा विचार पुऱ्याएर मात्र निर्णयमा पुग्नु पर्ने हुन्छ । अन्यथा करको दायरा बढाउने निहुँमा व्यक्तिका अधिकारहरू कटौती हुने र सामाजिक सुरक्षाको प्रत्याभूतिस्वरूप प्रदान गरिने निवृत्तिभरणसम्बन्धी व्यवस्था कमजोर हुने अवस्था आउन सक्ने । **(प्रकरण नं.४)**

कर लगाउने र उठाउने विषय स्वाभाविकरूपमा विधायिकी अधीनको विषय भएकाले संवैधानिक व्यवस्था अनुसार नै कानुनी व्यवस्थाद्वारा कर निर्धारण गरेको र संविधानले नै विधायिकाको अधिकारभित्र पारेको विषयलाई न्यायिक पुनरावलोकनको दायराभित्र ल्याई नीतिगत विषयमा अदालत प्रवेश गर्नु उपयुक्त नहुने । **(प्रकरण नं.५)**

### ४.४

| | |
|---|---|
| **निर्णय नं. ८२६३**<br>**संयुक्त इजलास** | **विषय : कसैले गलत तरिकाले कानुनविपरीतको सुविधा प्राप्त गर्दैमा अर्कोले पनि त्यस्तो सुविधा दाबी गर्न नसक्ने** |
| नेपाल कानुन पत्रिका<br>भागः ५१ सालः २०६६ महिनाः फागुन अङ्कः ११ | फैसला मितिः २०६६/०३/०१ |

रौतहट जिल्ला, अकोलवा गा.वि.स. वडा नं. ५ स्थायी घर भई बीरगञ्ज नगरपालिका वडा नं. ७ बस्ने जि.प्र.का. तनहुँको प्र.ना.नि. पदबाट बरखास्त गरिएको हरिनाथप्रसाद विरुद्ध विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

अपराधी भनी अदालतबाट घोषित व्यक्ति नै प्रहरी पदमा पुनर्नियुक्ति हुँदै जाने हो भने यसले प्रहरीप्रति जनआस्था नहुने मात्र होइन अन्य Law Abiding इमानदार अनुशासित नैतिकवान प्रहरी कर्मचारीको मनोबललाई समेत असर गर्ने । **(प्रकरण नं.७)**

समानताको हकको अर्थ एक वर्गले पाउन नसक्ने सुविधा पाएको कारण अर्को वर्गलाई पनि कानुनले दिन नहुने सुविधा सहुलियत वा फाइदा पनि दिलाउने होइन । यस्तो व्याख्या गर्नु भनेको संविधानले दिएको समानताको हकको गलत बुझाइ र गलत अर्थ गराइ तथा गलत व्याख्या हुनजाने । **(प्रकरण नं.१२)**

कानुनले दिएको हक वा अधिकार वा सुविधा एउटै प्रकारको एउटै अवस्थाको एउटै वर्गकाहरूमध्ये कसैलाई उपभोग गर्न दिने तर त्यस्तै समान वर्गका अरू कसैलाई नदिने गरेको अवस्थामा मात्र यस अदालतले त्यसरी कानुनले दिइरहेको हक वा सुविधा वा अधिकार हननमा हक प्रचलन गराउन आदेश गर्दछ । तर कानुनले दिन नहुने सहुलियत कुनै अधिकारीले कसैलाई दिलाएको आधारमा अरूलाई पनि त्यस्तो सुविधा प्राप्त हुन नसक्ने । **(प्रकरण नं.१३)**

हक र अधिकार कानुनबाट मात्र प्राप्त हुन्छ । कानुनले नदिएको सुविधा कसैले गैरकानुनी तरिकाले प्राप्त गर्दैमा त्यस्तो सुविधा अर्कोले पनि दाबी गर्न सक्दैन । कानुनले प्रदान नगरेको हक वा सुविधा कुनै अधिकारीले कानुनको गलत व्याख्या वा आफ्नो अधिकारको दुरुपयोग गरी गलत निर्णय गरी कसैलाई कुनै सुविधा दिन्छ र त्यही आधारमा अन्य समान वर्गकोले पनि त्यस्तो सुविधा दाबी गर्छ भने कसैले गलत तरिकाले कानुनविपरीतको सुविधा प्राप्त गर्दैमा अर्कोले पनि त्यस्तो सुविधा दाबी गर्न नसक्ने । **(प्रकरण नं.१५)**

## ४.५

| **निर्णय नं. ८१५३**<br>**संयुक्त इजलास** | **विषय : पश्चात्दर्शी किसिमले कर्मचारीहरूले खाईपाई आएको सुविधा कटौती** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५१ सालः २०६६ महिनाः भदौ अङ्कः ५ | फैसला मितिः २०६६/०१/१३ |

निवेदक : सर्वोच्च अदालतमा कार्यरत रेखा विशेषज्ञ (रा.प.द्वि.प्रा) केशवबहादुर थापा क्षेत्रीसमेत विरुद्ध
विपक्षी/वादी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐनमा सेवा, शर्त सुविधाको ग्यारेण्टी गरिनुको कारण कर्मचारीको सेवा शर्त, सुविधाको निश्चितताको लागि भएकाले सेवा शर्तको निश्चितता नहुने हो भने निजामती कर्मचारीहरूलाई मर्का पर्ने मात्र नभई निजामती सेवामा बहाल रहेका वा सेवा प्रवेशको तयारीमा रहेकाहरूले अनिश्चितताको महसुस गरी सेवाप्रति आकर्षित नहुनसक्ने । **(प्रकरण नं.३)**

कर्मचारीहरूले खाईपाई आएको सुविधा कटौती गर्दा ऐनले निर्दिष्ट गरेको प्रक्रिया पुर्‍याई सुविधामा असर पर्ने कर्मचारीहरूको मन्जुरीले मात्र सुविधा हेरफेर गर्नुपर्ने । **(प्रकरण नं.४)**

सेवाउप्रान्त पश्चात्दर्शी किसिमले असर पर्ने गरी अघि नै हासिल भइसकेको लाभ वा सुविधाको कटौती गर्न दिनुले सेवामा रहेका कर्मचारीहरूले आफ्नो विश्वासमा धोकाको अनुभव गर्ने अवस्था खडा हुन्छ भने त्यस्तो निर्णय गर्नेहरू पनि गैरजिम्मेवार ढङ्गले अरूलाई प्रभावित गर्न दुरुत्साहित हुनसक्ने स्थिति उत्पन्न हुनसक्ने । **(प्रकरण नं.५)**

नेपाल सरकारको मिति २०६५।६।१ को  तलबमानको अनुसूची २ को द्रष्टव्य बमोजिम प्राविधिक २ ग्रेड नपाउने भन्ने व्यहोरा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ तथा निजामती सेवा ऐन, २०४९ को दफा ५८ को प्रतिकूल देखिई उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहरेकोले निजामती सेवा ऐन, नियम तथा सुविधा र सन्तुलनको दृष्टिकोणसमेतबाट प्राविधिक कर्मचारीहरूले खाईपाई आएको विशेष सुविधा मिति २०५७।४।१ देखि निरन्तरता दिई नयाँ तलबमान कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने । **(प्रकरण नं.६)**

## ४.६

| **निर्णय नं. ७६९२**<br>**पूर्ण इजलास** | **विषय : पुरस्कार स्वरुपको थप तलबवृद्धि** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०६६/२१/०१ |

निवेदक: भूमिसुधार तथा व्यवस्था मन्त्रालयको अतिरिक्तमान ना.सु. पदमा कार्यरत बाबुराम श्रेष्ठ विरुद्ध
विपक्षी: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कानुनी प्रश्नका सम्बन्धमा विलम्बको सिद्धान्त आकर्षित हुन नसक्ने ।

कानुन स्पष्ट हुँदाहुँदै पनि कार्यान्वयन नगर्ने वा कार्यान्वयनमा ढिलाइ गर्ने अनि त्यसैको आडमा हक प्राप्त व्यक्तिलाई हक इन्कार गर्न विलम्ब जस्ता सिद्धान्तको आड लिनदिने हो भने निजामती प्रशासनमा अकर्मण्यता छाउने खतरा रहने ।  **प्रकरण नं.१२)**

निजामती प्रशासनलाई चुस्त र दुरुस्त बनाउन, जनताप्रतिको स्तरीय सेवाको सुनिश्चितता बढाउन तथा निजामती प्रशासनका अभिन्न अङ्गको रूपमा रहेका कर्मचारीहरूले कामप्रति प्रतिबद्धता देखाउने तथा सोबाट उत्प्रेरित भइरहने अवस्था सुचारु राख्न ल्याइएको प्रोत्साहनमुखी कानुनी व्यवस्थालाई निरर्थक वा अप्रयोगको स्थितितर्फ लैजान नहुने । **(प्रकरण नं.१३)**

निवेदकले निजामती सेवा नियमावलीबमोजिम प्राप्त गरेको पुरस्कार स्वरूपको थप तलबवृद्धि

अन्तिम तलबमानभन्दा बढी हुने भएकोले दिन नमिल्ने भन्नेसमेतका निर्णय र सोबमोजिमका पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकले प्राप्त गरेको पुरस्कार स्वरूपको रकम र थप तलब वृद्धिसमेत जोडी तलबमान दिनु भनी विपक्षीहरूका नाउमा परमादेश समेत जारी हुने । **(प्रकरण नं.१४)**

## ४.७

| **निर्णय नं. ७७५५**<br>**विशेष इजलास** | **विषय : मृत्यु भएका निजामती कर्मचारीको निवृत्तिभरण** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: पुस अङ्क: ९ | फैसला मिति: २०६३/०६/२६ |

पुनरावेदक/प्रतिवादी : निवेदक: काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.४ बस्ने काञ्चनमाला चालिसे
विरुद्ध विपक्षी/वादी : विपक्षी: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कुनै निजामती कर्मचारीको मृत्यु भएमा कसले निवृत्तिभरण पाउने भन्ने प्रश्न मृत निजामती कर्मचारीसँगको नातासम्बन्ध, पालनपोषण सम्बन्धमा निजको दायित्व र इच्छा आदि कुराहरूद्वारा निर्धारित हुने ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा (१) को सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कानुनको समान संरक्षणबाट कसैलाई वञ्चित गरिने छैन भन्ने व्यवस्थाले समान अवस्थामा रहेका समान व्यक्तिमा कानुनको समान प्रत्याभूति गरेबाट त्यसलाई विभिन्न परिस्थितिका कारण कुनै खास व्यक्तिलाई इच्छाएको अवस्थालाई समानताको प्रश्नसँग गाँसेर हेर्न उपयुक्त नदेखिने । **(प्रकरण नं.१३)**

प्रस्तुत विवादमा मृत कर्मचारी विद्युतराज चालिसेले आफ्नी श्रीमती हेमलक्ष्मी चालिसेलाई इच्छाएको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएको छ । यसरी इच्छाइएको व्यक्ति निजामती सेवा ऐन, २०४९ को दफा ३९(६) ले निर्दिष्ट गरेको परिधिभित्रकै व्यक्ति भएको र कानुनले इच्छाउन पाउने अधिकार प्रदान गरेअनुरूप इच्छाएको अवस्थामा इच्छाएको व्यक्तिले नै निवृत्तिभरणको अधिकार पाउने कानुनी व्यवस्था रहने । **(प्रकरण नं.१४)**

निजामती सेवा ऐन, २०४९ को दफा ३९ को उपदफा (६) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा (१) सँग बाझिएको नदेखिनुका अतिरिक्त निवेदिकाका पति विद्युतराज चालिसेले निजामती सेवा ऐन २०४९ को दफा ३९(६) बमोजिम हेमलक्ष्मी चालिसेलाई इच्छाएको र सोबमोजिम निजामती किताबखानाले निज हेमलक्ष्मी चालिसेले निवृत्तिभरण पाउने गरी गरेको निर्णय र प्रदान गरेको अधिकारपत्र कानुनप्रतिकूल नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।

## ४.८

| निर्णय नं. ७७५०<br>संयुक्त इजलास | विषय : एउटा दफाले दिएको सुविधा दिँदा एक साथ अर्को दफाले दिएको सुविधा बारे |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०६३/०८/०५ |

पुनरावेदक/प्रतिवादी : निवेदक: जिल्ला कास्की किस्ती नाच्नेचौर गा.वि.स.वडा नं.४ बस्ने छविलाल पौडेल विरुद्ध विपक्षी/वादी : विपक्षी: उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐनका दफा ३५(२) र दफा ३७(३) अलगअलग व्यवस्था र छुट्टाछुट्टै प्रयोजनका लागि बनेका र एउटा दफाले प्रदान गरेको सुविधा पाएपछि अर्को दफाले दिएको सुविधा पाउँदैन भनी अर्थ गर्न उक्त दफामा प्रयुक्त शब्दावलीले समेत नमिल्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा ३५(२) अनुसारको प्रक्रिया पूरा गरी स्वेच्छिक अवकाश लिने कर्मचारीले सोही ऐनको दफा ३७(३) को प्रक्रिया पनि पूरा भएकोमा सो ऐनबमोजिम थप गर्न मिल्ने सेवा अवधि थप गर्न ऐनले रोक नलगाएको अवस्थामा कानुनले स्पष्टरूपमा रोक लगाएकोमा बाहेक एउटा दफाले दिएको सुविधा दिँदा एक साथ अर्को दफाले पाउने सुविधा दिन मिल्दैन भनी निर्णय गर्नु उचित र कानुनसङ्गत नदेखिने । **(प्रकरण नं.१०)**

निवेदक मिति २०४९।७।२१ गतेभन्दा अघिदेखि बहाल रही तीस वर्ष सेवा अवधि पूरा भएको अवस्थामा दफा ३७(३) अनुसारको सुविधा नपाउने गरी श्री ५ को सरकार (सचिवस्तर) बाट मिति २०६२।८।२२ मा भएको निणर्यलाई कानुनअनुरूपको मान्न नमिल्ने । **(प्रकरण नं.११)**

## ४.९

| निर्णय नं. ७६९२<br>संयुक्त इजलास | विषय : हक प्राप्त व्यक्तिलाई हक इन्कार गर्न विलम्बको सिद्धान्त |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०६३/०१/२१ |

पुनरावेदक/प्रतिवादी : निवेदक: भूमिसुधार तथा व्यवस्था मन्त्रालयको अतिरिक्तमान ना.सु. पदमा कार्यरत बाबुराम श्रेष्ठ विरुद्ध विपक्षी/वादी : विपक्षी: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कानुन स्पष्ट हुँदाहुँदै पनि कार्यान्वयन नगर्ने वा कार्यान्वयनमा ढिलाइ गर्ने अनि त्यसैको आडमा हक प्राप्त व्यक्तिलाई हक इन्कार गर्न विलम्ब जस्ता सिद्धान्तको आड लिनदिने हो भने निजामती प्रशासनमा अकर्मण्यता छाउने खतरा रहने । **(प्रकरण नं.१२)**

निजामती प्रशासनलाई चुस्त र दुरुस्त बनाउन, जनताप्रतिको स्तरीय सेवाको सुनिश्चितता बढाउन तथा निजामती प्रशासनका अभिन्न अङ्गको रूपमा रहेका कर्मचारीहरूले कामप्रति प्रतिबद्धता देखाउने तथा सोबाट उत्प्रेरित भइरहने अवस्था सुचारु राख्न ल्याइएको प्रोत्साहनमुखी कानुनी व्यवस्थालाई निरर्थक वा अप्रयोगको स्थितितर्फ लैजान नहुने । **(प्रकरण नं.१३)**

निवेदकले निजामती सेवा नियमावलीबमोजिम प्राप्त गरेको पुरस्कार स्वरूपको थप तलबवृद्धि अन्तिम तलबमानभन्दा बढी हुने भएकोले दिन नमिल्ने भन्नेसमेतका निर्णय र सोबमोजिमका पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकले प्राप्त गरेको पुरस्कार स्वरूपको रकम र थप तलबवृद्धिसमेत जोडी तलबमान दिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

## ४.१०

| **निर्णय नं. ७६३२**<br>**संयुक्त इजलास** | **विषय : एउटा दफाले दिएको सुविधा अर्को दफाले दिन मिल्ने/नमिल्ने** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४७ साल: २०६२ महिना: चैत अङ्क: १२ | फैसला मिति: २०६२/१२/०८ |

पुनरावेदक/प्रतिवादी : रामेछाप जिल्ला, सैंपु गा.वि.स. वडा नं. १ पोकु बस्ने नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.द्वितीय श्रेणीको पदबाट स्वेच्छिक अवकाश प्राप्त टंकराज राउत विरुद्ध विपक्षी/वादी: सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कानुनले स्पष्टरूपमा रोक लगाएकोबाहेक एउटा दफाले दिएको सुविधा अर्को दफाले दिन मिल्दैन भनी निर्णय गर्नु उचित र न्यायसङ्गत नहुने । **(प्रकरण नं. ११)**

निजामती सेवा ऐन, २०४९ को दफा ३५(२) अनुसारको प्रक्रिया पूरा गरी स्वेच्छिक अवकाश लिने कर्मचारीले सोही ऐनको दफा ३७(३) को प्रक्रिया पूरा भएको अवस्थामा सो ऐनबमोजिम थप गर्न मिल्ने सेवाअवधि थप गर्न ऐनले रोक लगाएको नदेखिएको र कर्मचारीले पाइआएको सेवा शर्तको सुरक्षा ऐनको दफा ५८ ले गरिरहेकै अवस्थामा दफा ३७(३) को सुविधा नपाउने भनी अर्थ गर्न नमिल्ने । **(प्रकरण नं.१२)**

## ४.११

| निर्णय नं. ७६०० संयुक्त इजलास | विषय : असमान स्थितिमा समानताको सिद्धान्त |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४७ साल: २०६२ महिना: पुस अङ्क: ०९ | फैसला मितिः २०६२/०७/२४ |

पुनरावेदक/प्रतिवादी : पर्वत जिल्ला कुर्घा गा.वि.स.वडा नं.४ घर भई जिल्ला स्वास्थ्य कार्यालय अस्पताल शाखा पाल्पामा कार्यरत लक्ष्मण शर्मा पौडेलसमेत विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद् मन्त्रिपरिषद् सचिवालय, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐनअन्तर्गतको नेपाल स्वास्थ्य सेवा र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गतको स्वास्थ्य सेवा कानुनीरूपले फरक हुँदा एउटा संरचनाबाट अर्को संरचनामा पदस्थापन र मिलान गर्दा Exactly Equivalent Post नहुने ।

यस्तो अवस्था कर्मचारीको Service Life मा एकपटक मात्र हुने हुँदा निवेदकहरू समानताको हकबाट वञ्चित भएको भन्न र त्यस्तो निर्णय स्वेच्छाचारी मान्न पनि नमिल्ने । **(प्रकरण नं. ११)**

साबिक पद स्वास्थ्य सेवा ऐन, २०५३ प्रारम्भ भएपछि पाँचौ तहमा मिलान भई सेवा सुविधासमेत निवेदकहरूले स्वीकारिसकेको अवस्था भएको र ऐन प्रारम्भ भएपछि १० वर्ष रा.प.अ.प्र.प्राविधिक पदमा स्थायीरूपमा सेवा भएका व्यक्तिहरूलाई मात्र ऐनको दफा ९०(क) (८) बमोजिम छैटौं तहमा पदमिलान गरिने व्यवस्था भएकोमा निवेदकहरूको उल्लिखित ऐनको दफा ९०क (८) बमोजिम नोकरी अवधि पुगेको नदेखिँदा असमान स्थितिमा समानताको सिद्धान्त आकर्षित नहुने ।

## ४.१२

| निर्णय नं. ६६६४ पूर्ण इजलास | विषय : अवकाश दिने निर्णय त्रुटिपूर्ण भई पुनस्थापित भएकोमा पाउने सुविधा |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४१ साल: २०५६ महिना: जेठ अङ्क: ०२ | फैसला मितिः २०५५/०५/२४ |

पुनरावेदक/प्रतिवादी : जिल्ला सिरहा सन्देठा गा.वि.स. वडा नं. १ घर भई हाल जि.शि.का. सप्तरीको प्राविधिक शाखा अधिकृत पदमा कार्यरत वर्ष ४८ को फुलेश्वर प्रसाद यादव । विरुद्ध विपक्षी/वादी : श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंसमेत जम्मा ११ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवाको पदपूर्ति खुला प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनद्वारा, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र अन्तरसेवा प्रतिस्पर्धाद्वारा गरिने व्यवस्था ऐनको दफा ७ ले गरेको छ । खुला प्रतियोगिता वा आन्तरिक प्रतियोगिता वा अन्तरसेवा प्रतिस्पर्धाद्वारा पूर्ति हुने पदमा लोकसेवा आयोगको सिफारिसमा नियुक्ति गरिने छ भन्ने व्यवस्था ऐनको दफा ८ ले गरेको पाइन्छ । निवेदक अस्थायीरूपमा रा.प. तृतीय श्रेणीको पदमा मिति २०३०।७।१६ मा नियुक्तिसम्म भएको देखिन्छ । तर सेवा प्रवेश गर्नको लागि निर्धारित प्रक्रिया पूरा गरी नियुक्ति भएको अवस्था नहुँदा निजामती पदमा पाएको नियुक्ति कै आधारबाट मात्र अस्थायी सेवाबाट नै निजामती पदको सेवामा प्रवेश गरेको भनी अर्थ गर्न मिल्ने देखिन आउँदैन । नियुक्त रहेको आधारबाट मात्र निजामती सेवा ऐन, २०४९ को दफा ३ बमोजिम गठित निजामती सेवामा र दफा ६ बमोजिम समूह तथा उपसमूहमा समाहित नहुन्जेल केवल निजामती कर्मचारी रहेको भन्ने अर्थ गराइको आधारबाट मात्र स्थायी निजामती कर्मचारीलाई प्राप्त हुने वा प्रदान गरिएको सेवा शर्त सुविधा अस्थायी कर्मचारीले पनि पाउँदछ भन्न सकिने अवस्था देखिन नआउने । **(प्रकरण नं. २१)**

अस्थायी पदमा रही सेवा गरेबापत भौगोलिक क्षेत्रमा रही काम गरेको अवधिको वर्गीकृत क्षेत्रबमोजिमको अङ्क बढुवा प्रयोजनको लागि पाउने भन्ने स्पष्ट कानुनी व्यवस्था गरेको देखिँदैन । नि.से नियमावली, २०५० को नियम ८० मा उल्लिखित निजामती, सेवामा कर्मचारीले पाउने वर्गीकृत क्षेत्रबापतको अङ्क सेवामा निजामती सेवा ऐन, २०४९ को दफा ३ र ६ बमोजिम प्रवेश हुनुअघि गरेको काम गरेबापत पाउने अङ्क पनि पाउँछ भन्न मिल्ने देखिँदैन । कानुनले किटान गरेबाहेकको भौगोलिक क्षेत्रमा रही काम गरेको र अस्थायी पदमा कार्यरत रहेको अवस्थामा लिएको तालिम बापतको अङ्कसमेत नि.से.नि. २०५० को नियम ८० र ८१ बमोजिम पाउनु पर्दछ भन्ने निवेदन जिकिर र निवेदकतर्फका कानुन व्यवासायीको जिकिरसँग सहमत हुन सकिने अवस्था देखिन नआउने । **(प्रकरण नं. २३)**

कुनै पनि कार्यालयमा परेको उजुरीउपर छानबिन गरी निर्णय गर्नुपर्ने हुन्छ । उजुरी अनिर्णित अवस्थामा रहनु नहुने भन्ने सम्बन्धमा यस अदालतबाट विभिन्न समयमा सिद्धान्तहरूसमेत प्रतिपादन भइरहेको पाइन्छ । आफूसमक्ष परेको उजुरी अस्वाभाविक किसिमले लम्बिन नजाओस भन्ने अभिप्रायले नै विधायिकाले उजुरी टुङ्गो लगाउन पर्ने सीमासम्म तोकिदिएको अवस्था उल्लिखित कानुनी व्यवस्थाको रहेको मान्नुपर्ने हुन्छ । ६० दिनभित्र टुङ्गो लगाउनु पर्छ भनी बाध्यात्मकरूपमा उक्त व्यवस्था रहेको देखिँदैन । ६० दिनभित्र टुङ्गो लगाइने छ भन्ने वाक्याशं उल्लेख भएबाट सामान्य परिस्थितिमा सो अवधिभित्र निर्णय गर्नुपर्ने भन्नेसम्म मान्नुपर्ने हुन्छ । कुनै कारणवश सो अवधिभित्र उजुरीउपर निर्णय हुन नसकेमा सो उजुरी स्वतः निष्क्रिय हुने र बढुवा समितिको निर्णय स्वतः सदर भन्ने अर्थ गर्दा उजुरीसम्बन्धी व्यवस्था अर्थहीन हुन जाने सम्भावनासमेत रहन जान सक्छ । त्यसरी अवधि तोकिनुको अर्थ उजुर सुन्ने अधिकारीले यथासम्भव समयमा निर्णय गर्नुपर्ने भन्ने कार्यविधिगत कुरासम्म हुँदा सो व्यवस्थाले उजुरवालाको उजुरीउपर उजुर सुनी निर्णय गर्न पाउने अधिकारमा असर वा बाधा पुऱ्याउन सक्दैन । उजुर गर्न पाउने आफ्नो सारवान अधिकार Substantive Right हो यसको निर्णय हुनैपर्छ तर यति दिनभित्र कार्यालयले निर्णय गर्नुपर्ने भन्ने कुरा कार्यविधि (Procedure) को विषय मात्र हुँदा यस्ता कार्यविधिको कुराले

व्यक्तिको Substantive Right लाई असर गराउन उचित नहुने । **(प्रकरण नं. २५)**

अवकाशपश्चात् पुनर्स्थापना हुँदा सेवा अवधिमा निरन्तरता रहेको देखिन आउँछ । स्थायी सेवामा रही अवकाश लिई बीचमा अवधि टुटाई पुनः स्थायी नियुक्त भएमा पूर्व सेवा अवधि शतप्रतिशत नै गणना हुने अवस्थासमेत उल्लिखित नियमावलीको नियम १२३(१) ले गरेको पाइन्छ भने निजलाई अवकाश दिने निर्णय त्रुटिपूर्ण भई पुनःस्थापित भएको हुँदा निजले सेवामा रहँदा पाउने सबै सुविधाहरू नपाउने भन्न न्यायोचित हुन सक्दैन । पुनःर्स्थापना भएका अवस्थालाई दृष्टिगत गरी भौगोलिक क्षेत्रबापत न्यूनतम अङ्क प्रदान गरिएको कार्यलाई त्रुटिपूर्ण भन्न सकिँदैन । फेरी त्यसरी पुनस्थापित भएकोमा निज गोपालप्रसाद भण्डारीलाई मात्र यस्तो अङ्क प्रदान गरी असमान व्यवहार गरिएको भन्ने भनाइ देखिँदैन । पुनस्थापित कर्मचारीलाई उल्लेख भएबमोजिम न्यूनतम अङ्क दिने गरिएको भन्ने भनाइ विपक्षी लोकसेवा आयोगको रहेको देखिन्छ । यसबाट निज गोपालप्रसाद भण्डारीलाई अवकाश र पुनर्स्थापना भएको बीचको भौगोलिक क्षेत्रबापत अङ्क प्रदान गर्ने गरेको विपक्षी लोकसेवा आयोगको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

**(प्रकरण नं. २८)**

## ४.१३

| **निर्णय नं. ४३६०**<br>**संयुक्त इजलास** | **विषय : अध्ययन तालिम** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३३ साल: २०४८ महिना: पुस अङ्क: ०९ | फैसला मिति: २०४८/०९/३० |

पुनरावेदक/प्रतिवादी : कृषि अनुसन्धान केन्द्र जुम्लामा रा.प.तृ.प्रा. (शा.अ.) सहायक किटविज्ञ मुरलीधर मिश्र विरुद्ध विपक्षी : कर्णाली भेरी एकीकृत ग्रामीण विकास परियोजना समन्वय कर्ताको कार्यालय सुर्खेत सम्पर्क कार्यालय का.न.पं. वार्ड नं. १३ कालमाटीसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

तालिम वा अध्ययनमा विभागीय कर्मचारीहरूलाई पठाउने नियम, २०३४ ले (साबिक पेज नं. ५०१) निवेदकलाई पठाउनु पर्ने गरी कसैलाई दायित्व तोकी एवं विवादको हकको सिर्जना हुने गरी कानुनी हक प्रत्याभूति गरेको पाइन्न, अध्ययन तालिममा निवेदकलाई असर पर्ने गरी अरू कुनैलाई मनोनयन गरेको एवं पठाउने निर्णयसमेत गरेको नदेखिनुको अतिरिक्त प्रस्तुत कार्य विचाराधीन रहेकोले संविधानको धारा ११(१) एवं धारा १७(१) अन्तर्गत प्रस्तुत केश एवं अवस्थामा परमादेशको आदेश जारी गर्न उपयुक्त नदेखिने । **(प्रकरण नं. १४)**

# भाग : ५
# योग्यता, कार्यसम्पादन मूल्याङ्कन तथा अन्य अङ्क

| **निर्णय नं. ७५५२**<br>**संयुक्त इजलास** | **विषयः न्यूनतम शैक्षिक योग्यतासँग असम्बन्धित माथिल्लो शैक्षिक योग्यता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः असोज अङ्कः ६ | फैसला मितिः २०६१/१२/०९ |

पुनरावेदक/प्रतिवादीः काभ्रेपलान्चोक जिल्ला धुलिखेल न.पा.वडा न. ५ घर भई हाल भक्तपुर अस्पतालमा कार्यरत डा.ध्रुवराज प्रधान विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

बढुवा व्यवस्थामा एकरूपता स्थापित हुने किसिमले लोकसेवा आयोगले दरखास्त दिने अन्तिम मितिसम्मको अङ्क गणना गर्नेगरी गरेको निर्णयलाई अन्यथा भन्न नमिल्ने । (प्रकरण नं. १३)

स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ को क्रमसङ्ख्या १२ मा निर्धारित न्यूनतम शैक्षिक योग्यतासँग असम्बन्धित माथिल्लो शैक्षिक योग्यता Master of Science (applied Nutrition) को रूपमा लिई अतिरिक्त शैक्षिक योग्यता बापत अङ्क प्रदान नगरेकोलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने । **(प्रकरण नं.१४)**

## ५.२

| **निर्णय नं. ७५३२**<br>**संयुक्त इजलास** | **विषयः का.स.मु बापतको अङ्क** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः साउन अङ्कः ०४ | फैसला मितिः २०६१/१२/२२ |

पुनरावेदक/प्रतिवादीः जिल्ला भक्तपुर गुण्डु गा.वि.स.वडा नं. ५ घर भई हाल का.जि.का.म.न. पा.वडा नं. १५ स्वयम्भु बस्ने हाल श्री ५ को सरकार अर्थ मन्त्रालयको शाखा अधिकृत पदमा कार्यरत भुवन कार्की विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

सरकारको निर्णयानुसार तलबभत्ता काम गरेकै संस्थाबाट पाउने गरी नेपालको प्रतिनिधित्व गर्न बेतलवी काजमा खटाइएअनुसार आफ्नो कर्तव्य निर्वाह गरेका निवेदकलाई निजामती सेवा ऐन नियमको प्रावधानअन्तर्गत नपरेको कारण बढुवाको निमित्त महत्त्वपूर्ण स्थान ग्रहण गर्ने का.स.मु.बापतको अङ्क ऐ. ऐनको दफा २४क(८) को प्रतिबन्धात्मक वाक्याशंको देहाय (१) ले गरेको व्यवस्थाअनुसार सो अङ्क दिन इन्कार गर्नु कानुनसम्मत र न्यायको मान्य सिद्धान्तअनुरूप नदेखिने ।

सरकारी निर्णयानुसार मनोनयन भई गई आफ्नो कर्तव्य कुशलतापूर्वक निर्वाह गरी फर्केका निवेदकलाई बेतलवी काजको समयको नभरेको का.स.मु. बापतको अङ्क नपाउने भनी निजको हकमा गरेको बढुवा समितिको निर्णयलाई सदर गर्ने गरेको लोकसेवा आयोगको निर्णय निजका हकमासम्म नमिली उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

## ५.३

| | |
|---|---|
| **निर्णय नं. ७५१५**<br>**संयुक्त इजलास** | **विषय: का.स.मू. बापतको अङ्क** |
| नेपाल कानुन पत्रिका<br>भाग: ४७ साल: २०६२ महिना: असार अङ्क: ०३ | फैसला मिति: २०६१/११/२१ |

पुनरावेदक/प्रतिवादी: जिल्ला ललितपुर ललितपुर उपमहानगरपालिका वडा नं.२ झम्सीखेल घर भई हाल खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय वेसीसहर लमजुङको निमित्त सिनियर डिभिजनल इन्जिनियर पदमा कार्यरत आशिष घिमिरे विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग कमलपोखरी, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदक २०५५।६।२५ देखि २०५७।३।२५सम्म बिदामा रही ऐ २६ गते खानेपानी तथा ढल निकास विभागमा हाजिर रहेको अवस्थामा सोही कार्यालयमा कार्यसम्पादन मूल्याङ्कन फाराम भरी दर्ता गरेको देखिँदा दरबन्दी रहेको जिल्ला खानेपानी कार्यालय पर्सामा भरी पेस गर्नुपर्ने भन्न नमिल्ने । **(प्रकरण नं. २२)**

आफ्नो का.स.मू.फाराम भरी समयमा पेस गर्ने कर्तव्य पूरा गरेको देखिएको अवस्थामा निवेदकको कुनै गल्ती वा दोष बेगर कसैको लापरबाहीको परिणाम निवेदकले भोग्नुपर्छ भन्नु न्यायोचित्त नहुने । **(प्रकरण नं. २५)**

निर्धारित समयभित्र भरी दर्ता गराएको कार्यसम्पादन मूल्याङ्कन फाराम सुपरिवेक्षकबाट मूल्याङ्कन नभएको भन्ने आधारमा बढुवा समितिबाट का.स.मू. बापतको अङ्क गणना नगरिएको र त्यसैलाई सदर गरी विपक्षी लोकसेवा आयोगले गरेको निर्णय न्यायसङ्गत देखिन नआउने । **(प्रकरण नं. २६)**

चालीस अङ्कको का.स.मू.फाराम नै उपलव्ध नहुँदा पनि बिना सोधखोज कारबाही अगाडि बढाउन नहुनेमा सामान्य प्रशासनिक कुराहरूलाई ध्यान नदिई कर्मचारीको का.स.मू. फाराम नै नभए पनि नामावली प्रकाशन गर्ने कार्यलाई बढुवा समितिको लापरबाही मान्नुपर्दछ । तसर्थ आइन्दा यस्तो नहुने आवश्यक व्यवस्था मिलाउनु भनी सामान्य प्रशासन मन्त्रालयका सचिवको नाममा समेत आदेश जारी हुने। **(प्रकरण नं. २९)**

## ५.४

| **निर्णय नं. ७४९०**<br>**संयुक्त इजलास** | **विषयः पी.एच.डी.उपाधी बापत अङ्क** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः वैशाख अङ्कः ०१ | फैसला मितिः २०६१/१२/१५ |

पुनरावेदक/प्रतिवादीः निवेदकः जिल्ला भक्तपुर चित्तपोल गा. वि. स. वडा नं. ५ घर भई हाल भूमिसुधार तथा व्यवस्था मन्त्रालयको शा.अ. पदमा कार्यरत बच्चुराम कार्की विरुद्ध विपक्षी/वादी : विपक्षीः लोकसेवा आयोग केन्द्रीय कार्यालय, काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

पी.एच.डी.उपाधि बापत प्रथम श्रेणीकै अङ्क पाउने भनी भन्न नमिल्ने । **(प्रकरण नं. १३)**

निवेदकले अर्थशास्त्र विषयमा द्वितीय श्रेणीमा एम.ए. उत्तीर्ण गरेको र सो बापत अङ्क पाइरहेको अवस्थामा सोको सट्टा पी.एच.डी. बापत द्वितीय श्रेणीको अङ्क प्रदान गर्दा निजको गणितीय हिसावले विद्यमान परिस्थितिमा कुनै अन्तर नआउने अर्थात् निवेदकको हकमा बढुवा समितिको र लोकसेवा आयोगको निर्णय फरक पर्ने नदेखिँदा मागबमोजिमको आदेश जारी हुने अवस्था नदेखिने ।

## ५.५

| **निर्णय नं. ७४८२**<br>**संयुक्त इजलास** | **विषयः कार्यसम्पादन मूल्याङ्कन** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः वैशाख अङ्कः ०१ | फैसला मितिः २०६१/०८/२९ |

पुनरावेदक/प्रतिवादीः अछाम जिल्ला जनालीकोट गा.वि.स. वडा नं. ५ घर भई महालेखा नियन्त्रक कार्यालयको उपमहालेखा नियन्त्रक पदमा कार्यरत नारायणप्रसाद रेग्मी विरुद्ध विपक्षी/वादी : मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कार्यसम्पादन मूल्याङ्कन अनधिकृत व्यक्तिबाट भएको अवस्थामा त्यस्तो कार्यसम्पादन मूल्याङ्कनले मान्यता प्राप्त गर्न नसक्नेमा सो आ.व.२०५७।५८ र २०५८।५९ को का.स.मू.लाई समेत मान्यता दिई बढुवाको प्रयोजनको लागि निवेदकको अङ्क गणना गरेको कुरा कानुनसम्मत भन्न नमिल्ने । **(प्रकरण नं. १७)**

रिट निवेदकको कुनै गल्तीको कारण नभई कार्यसम्पादन मूल्याङ्कन गर्ने पदाधिकारीहरूको त्रुटिपूर्ण एवं कानुनविपरीतको कामकारबाही अर्थात् निवेदकको उक्त दुई आर्थिक वर्षको त्रुटिपूर्ण कार्यसम्पादन मूल्याङ्कनलाई बढुवा समितिले मान्यता दिएकै कारण निवेदक बढुवा सिफारिसमा नपरेको अवस्था देखिँदा निवेदकलाई पनि सो बढुवामा सामेल गर्नु भनी लोकसेवा आयोगसमेतका विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. १८)**

## ५.६

| | |
|---|---|
| **निर्णय नं. ६७४९**<br>**विशेष इजलास** | **विषयः योग्यता सम्बन्धमा गरिएको वर्गीकरण** |
| नेपाल कानुन पत्रिका<br>भागः ४१ सालः २०५६ महिनाः कात्तिक अङ्कः ७ | फैसला मितिः २०५५/१२/०४ |

पुनरावेदक/प्रतिवादीः निवेदकः लमजुङ मोहरीयाकोट गा.वि.स. वडा नं. ३ घर भई हाल कानुन तथा न्याय मन्त्रालयमा उपसचिव पदमा कार्यरत वर्ष ४२ को अर्जुनबहादुर थापा, स्याङजा जिल्ला छाङछाङदी गा.वि.स. वडा नं. ३ घर भई हाल ऐ.मन्त्रालय को ऐ. पदमा कार्यरत वर्ष ४० को बाबुराम रेग्मी । विरुद्ध विपक्षी/वादी : बिपक्षीः श्री कानुन तथा न्याय मन्त्रालय, बबरमहल, काठमाडौंसमेत तीन ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

समानता निरपेक्ष हुन सम्भव छैन । कानुनले समानताको न्यायोचित वर्गीकरण गर्न सक्छ । धारा ११(१) अन्तर्गत कुनै किसिमको वर्गीकरण गर्न नमिल्ने होइन । त्यस्तो वर्गीकरणबाट एक वर्गीकरणमा परेको मानिसहरू र अर्को वर्गीकरणका मानिसहरूका बीचमा पृथकता हुन सक्छ । केवल त्यो वर्गीकरण सम्झन बुझ्न सकिने र औचित्यपूर्ण हुनुपर्छ । त्यसकारण निवेदकहरू जस्तो स्नातक तहको उपाधि प्राप्त नगरी सीधै स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने व्यक्तिहरू र स्नातक तह पूरा गरेर मात्र स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नेहरूबीच वर्गीकरण गरेकै कारणले त्यस्तो वर्गीकरण गर्ने कानुन स्वतः असंवैधानिक नहुने । **(प्रकरण नं. २४)**

विवादित निजामती सेवा ऐन, २०४९ को दफा २४घ को उपदफा तथा निजामती सेवा नियमावली, २०५० को नियम ८१(२) एवं ती दफा तथा नियममा दिइएको उदाहरणसमेतको व्यवस्थाले स्नातकोत्तर तहको उपाधि प्राप्त गरिसकेको व्यक्तिलाई अप्रत्यक्ष वा घुमाउरो किसिमले स्नातक

तहमा झार्ने गरेको औचित्यपूर्ण एवं विवेकसम्मत देखिँदैन । स्नातकोत्तर तहको उपाधि प्राप्त गरी अधिकार प्राप्त संस्थाबाट मान्यता प्राप्त गरिसकेको व्यक्तिलाई स्नातकोत्तर तहको अङ्क नदिई सोभन्दा तल्लो तहमा झारी स्नातक तहको मात्र अङ्क दिने गरी भएका कानुनको व्यवस्था स्वयंमा विवादास्पद र विवेकसम्मत देखिँदैन । कुनै पनि व्यक्तिले प्राप्त गरेको योग्यताभन्दा कम अङ्क दिने गरी प्रतिस्पर्धामा अङ्क कायम हुने गरेको कानुनको व्यवस्थाले प्रत्यक्षतः त्यस्तो व्यक्तिको पदोन्नतिको अवसरमा परिणामतः अनुचित बन्देज लगाउँछ । विद्यावारिधिको मान्यता प्राप्त योग्यतालाई स्नातकोत्तर सरह, अङ्क दिने र स्नातकोत्तर उपाधि प्राप्त गर्ने व्यक्तिलाई स्नातक सरहको अङ्क दिने जस्ता कानुनको व्यवस्थाबाट यथार्थमा ती उपाधिहरूको मान्यतालाई नै अवमूल्यन गर्ने स्वतः स्पष्ट छ । यस किसिमले निवेदकहरूको योग्यता सम्बन्धमा गरिएको वर्गीकरण प्रत्यक्षतः न्यायोचित नभएको र यसबाट निवेदकहरूलाई सेवामा पदोन्नतिका लागि प्रतिस्पर्धा गर्ने कार्यमा अनुचित बन्देज लागेको स्वतः स्पष्ट हुन आउने । **(प्रकरण नं. २४)**

स्नातक तह पूरा गरी त्यसपछि स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने निजामती कर्मचारीलाई तथा प्रविणता प्रमाणपत्र तह (इन्टरमिडियट) वा सो सरहबाट सीधै स्नातकोत्तर तहको उपाधि प्राप्त गर्ने निजामती कर्मचारीहरूलाई बेग्लाबेग्लै वर्गीकरण गर्दा विवेकसम्मत हुनुपर्नेमा श्री ५ को सरकार सोभियत संघ सरकारबीच सम्पन्न प्रोटोकल एवं त्रिभुवन विश्वविद्यालयबाट समकक्षता (Equivalence) निर्धारण गरिएविपरीत निवेदकहरूले प्राप्त गरेको स्नातकोत्तर उपाधिलाई घुमाउरो किसिमले तल्लो तह अर्थात् स्नातक तहको मात्र अङ्क दिने गरी भएको निजामती सेवा ऐन, (प्रथम संशोधन सहित) २०४९ को दफा २४ (घ) को उपदफा (२) र त्यसको उदाहरणार्थ तथा निजामती सेवा नियमावली, २०५० को नियम ८१ को उपनियम (२) र त्यसको उदाहरणार्थसमेतको व्यवस्थाले निवेदकहरूलाई सेवामा पदोन्नति पाउने अवस्थामा योग्यतासम्बन्धी अनुचित बन्देज लगाएको देखिएकोले यो निर्णय भएको मितिदेखि सो व्यवस्थाहरूले सो अनुचित बन्देज लगाएको हदसम्म नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ८८(१) बमोजिम अमान्य भई बदर हुने ठहर्छ । साथै यस सम्बन्धमा उपयुक्त व्यवस्था गर्नु भन्ने विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने । **(प्रकरण नं. २५)**

## ५.७

| | |
|---|---|
| **निर्णय नं. ६५२९**<br>**संयुक्त इजलास** | **विषयः भौगोलिक क्षेत्रको अङ्क** |
| नेपाल कानुन पत्रिका<br>भागः ४० सालः २०५५ महिनाः असार अङ्कः ३ | फैसला मितिः २०५४/०१/१७ |

निवेदकः का.जि.का.म.न.पा. वडा नं. घर भई श्री ५ को सरकार अर्थ मन्त्रालय कर कार्यालय ववरमहलमा कार्यरत प्रेम कार्की विरुद्ध विपक्षी : लोकसेवा आयोग कमलपोखरी समेत जम्मा ३ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नियमबमोजिम एक वर्ष पनि सम्बन्धित भौगोलिक क्षेत्रमा रुजु हाजिर नभएको कर्मचारीलाई सव भौगोलिक क्षेत्रको अङ्क प्रदान गर्ने सम्बन्धित कानुनी प्रावधानको तार्किक (Logical) र न्यायोचित व्याख्या हुन नसक्ने हुँदा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने अवस्थाको अभाव हुँदा प्रस्तुत रिट खारेज हुने । **(प्रकरण नं. ३८)**

## ५.८

| | |
|---|---|
| **निर्णय नं. ६५७८**<br>**विशेष इजलास** | **विषय: बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना** |
| नेपाल कानुन पत्रिका<br>भाग: ४० साल: २०५५ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०५५/०१/१८ |

पुनरावेदक/प्रतिवादी: जि.धनुषा हंसपुर कठपुल्ला गा.वि.स. वडा नं. ६ घर भई हाल जनकपुर अञ्चल अस्पतालमा ख. पदमा कार्यरत बिल्टु शाह । विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

ऐन नियमले दिएको अधिकार प्रयोग गरी गरिएको  कार्यलाई त्रुटियुक्त भनी भन्न मिल्ने अवस्था पनि देखिन आउँदैन । ऐन कानुनमा रेहेको व्यवस्थाको व्याख्या गर्दा सरल र सोझो अर्थ खुल्ने रहेछ भने त्यसलाई आत्मपरकरूपले आफ्नो हित रक्षार्थ प्रयोग हुने किसिमले भई रहेको व्यवस्थामा दुबिधा र क्लिष्टता आउने गरी गर्नु न्यायोचित र विवेकपरक हुन सक्दैन । विधायिकी मनसायलाई कुण्ठित हुने किसिमले अर्थ गर्नुलाई तर्कपूर्ण व्याख्या हो भन्न नसकिने । **(प्रकरण नं.१५)**

जहाँसम्म जिल्ला न्यायाधीशको अध्यक्षतामा बसेको वा बस्ने समितिउपर उजुर सुन्ने अधिकारी पुनरावेदन अदालतको रजिष्ट्रार हुनु हुँदैन, जिल्ला न्यायाधीश बढुवा समितिमा बसी गरेको निर्णयलाई पुनरावेदन अदालतको रजिष्ट्रारले उजुरी सुनी निर्णय गर्न मिल्दैन भन्ने निवेदन कथन छ । त्यसरी उजुरी सुन्न मिल्दैन । तोक्नु हुँदैन भनी संविधान, कानुन र ऐनले निषेध गरेको पाइँदैन । प्रचलित ऐन कानुनले निषेधित नगरेको कुरालाई केवल तर्कका आधारमा मात्र भइरहेको व्यवस्थामा असर पुग्ने गरी खण्डित गर्नु युक्तिसङ्गत नहुने । **(प्रकरण नं.१६)**

बढुवाको लागि उम्मेदवार हुने प्रयोजनको सन्दर्भमा सेवा प्रवेशको अर्थ बढुवा हुने पदलाई आधार मानेर अर्थात् जुन पदको लागि सम्भाव्य उम्मेदवारसम्म भएको छ सोमा पुगिसकेका अर्थ गरी सो पदको लागि खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता हो भनी अर्थ गर्न मिल्ने देखिँदैन । जुन पदमा कार्यरत छ सोही पदलाई निजामती सेवामा बहाल रही बढुवा प्रक्रियाद्वारा उपल्लो पद हासिल हुने प्रत्येक अवस्थालाई सेवा प्रवेश भनी अर्थ गर्नु न्यायोचित र

औचित्यपूर्ण हुन सक्दैन । त्यो केवल पदोन्नति मात्र हो, सेवा प्रवेश होइन । पदोन्नति भन्नु र सेवा प्रवेश भन्नु अलगअलग कुरा हो । आफू कार्यरत उही सेवाको एक तहमाथि हुने पदोन्नतिबाट माथिल्लो पदसम्म प्राप्त हुने हो । संविधानको धारा १२४ ले व्यवस्था गरेबमोजिम श्री ५ को सरकारले गठन गरेको विभिन्न सेवामध्येको पदमा प्रवेश भएको उही सेवामा तोकिएबमोजिम तह-तहबाट प्रत्येक तहको पदोन्नति हुने व्यवस्थालाई सेवा प्रवेश मानी सम्भाव्य उम्मेदवारसम्म हुने पदको लागि खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यता नै बढुवा प्रयोजनको लागि पनि सेवा प्रवेशको न्यूनतम शैक्षिक योग्यता हो भन्ने निवेदन कथनसँग सहमत हुन सकिएन । जुनसुकै सेवामा एकपटक प्रवेश गरी पछि बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताको अङ्क गणना जुन पदबाट बढुवा हुने हो अर्थात् जुन पदमा उम्मेदवार कार्यरत छ सोही पदलाई तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता हो भन्ने अर्थ गर्नु नै न्यायोचित र विवेकपूर्ण देखिने । **(प्रकरण नं. १९)**

## ५.९

| **निर्णय नं. ६३३३**<br>**संयुक्त इजलास** | **विषय : न्यूनतम शैक्षिक योग्यता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३९ साल: २०५४ महिना: असार अङ्क: ३ | फैसला मिति: २०५३/०८/२६ |

पुनरावेदक/प्रतिवादी: निवेदक: जिल्ला गुल्मी ग्वादी गा.वि.स.वडा नं. ६ बस्ने टासुराम ज्ञवाली । विरुद्ध विपक्षी/वादी : विपक्षी: श्री लोकसेवा आयोग केन्द्रीय कार्यालयसमेत २ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निवेदकले लोकसेवा आयोगबाट प्रकाशित विज्ञापन नं. ९६३।०५२ अनुसार मेडिकल अधिकृत पदको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा हुने पदको लागि दरखास्त फाराम पेस गरेकोमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने होइन । लोकसेवा आयोगले विज्ञापन नं. ९६३।०५२ को लागि समेत एम.वि.वि.एस., एम.डी. वा सो सरहको शैक्षिक योग्यता तोकेको मिलेन र त्यसरी तोक्ने अधिकार विपक्षी लोकसेवा आयोगलाई छैन भनी लिएको जिकिरतर्फ हेर्दा, लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ७ मा आयोगबाट लिइने परीक्षाको विभिन्न तरिकाहरू तोकिएको छ जसभित्र विज्ञापन नं. ९६३।०५२ बमोजिम पदपूर्ति गरिने प्रक्रियासमेत समावेश भएको तथा उल्लिखित दफा ७ अन्तर्गतको परीक्षासम्बन्धी शैक्षिक योग्यतासमेत तोक्न सक्ने अधिकार सोही ऐनको दफा ८(१) ले आयोगलाई दिएको देखिन्छ । विज्ञापित जनरल हेल्थ सर्भिसेजअन्तर्गतको मेडिकल अधिकृत पद डाक्टरको भई सो पदमा नियुक्ति हुने व्यक्तिको काम कारबाही प्रत्यक्षरूपमा जनस्वास्थ्यसँग सम्बन्धित भई अति संवेदनशील भएको तथ्यलाई इन्कार गर्न सकिँदैन । मेडिकल अधिकृतले गर्ने काम तथा निजको सीप र दक्षता निजको शैक्षिक योग्यताले समेत निर्देशित गर्ने कुरामा समेत कसैको दुईमत हुँदैन ।

सर्वसाधारण जनताको स्वास्थ्य र जीवनमा आइ पर्ने रोगव्याधिको उपचारमा लाग्नु पर्ने डाक्टर

जस्तो पेशा तथा कामको प्रकृतिले अति नै संवेदनशील पदका लागि लोकसेवा आयोग (कार्यविधि) ऐन, २०४८ को दफा ८(१) ले दिएको अधिकारबमोजिम नेपाल स्वास्थ्य सेवा नियमहरू, २०५१ को नियम ७ सँग सम्बन्धित अनुसूची ३(१) बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा न्यूनतम शैक्षिक योग्यताको रूपमा प्राप्त एम.डी. वा सोसरहको उपाधि प्राप्त हुनुपर्ने भनी तोकी सो शैक्षिक योग्यता नपुगेको निवेदकलाई प्रतियोगिताबाट हटाउने गरी गरेको विपक्षी आयोगको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नदेखिने । **(प्रकरण नं. १४)**

## ५.१०

| **निर्णय नं. ६२३६**<br>**संयुक्त इजलास** | **विषयः भौगोलिक क्षेत्रमा काम गरे बापत अनुभवको अङ्क** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३८ साल: २०५३ महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०५२/०२/०६ |

पुनरावेदक/प्रतिवादी: निवेदकः हरिमान थैव । विरुद्ध विपक्षी/वादी : विपक्षी: श्री लोकसेवा आयोग, काठमाडौं । श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय । श्री रेवतिराज काफ्ले, उप-सचिव प्र.म.को कार्यालय ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

कर्मचारीको इच्छाअनुसार विभिन्न क्षेत्रमा सरुवा हुने नभई अख्तियारवालाले खटाएअनुसारको ठाउँमा गई काम गर्नुपर्ने हुन्छ । कर्मचारीको खटिएको ठाउँमा जानु पदीय आचरणभित्रको कुरो पनि हो । यस्तो कुन क्षेत्रमा काम गर्ने भन्ने कर्मचारीको इच्छामा निर्भर नरहने हुँदा थोरैथोरै समयमा बराबर विभिन्न क्षेत्रहरूमा सरुवा हुन गएमा १ वर्षभन्दा बढी अवधिसम्म काम गरे पनि नम्बर नपाउने स्थिति पर्न जाने हुन्छ । तसर्थ लगातार वा अखण्डितरूपमा १ वर्षसम्म काम गरेको हुनै पर्दछ भन्ने किटानी प्रष्ट कानुनी व्यवस्थाको अभावमा कर्मचारी वर्गको लागि हितकारी हुन जाने हुँदैन । कर्मचारीसम्बन्धी ऐन नियमको व्याख्या गर्दा कर्मचारीको हितअनुकुल हुने गरी गर्नु न्यायसङ्गत हुन आउने । **(प्रकरण नं. १६)**

साबिक नि.से.नि., २०२१ को नियम ३.५.४.(ख)(१) को प्रतिबन्धात्मक वाक्यांश मा १ वर्षभन्दा कम रुजु हाजिर रही काम गरेको नम्बर पाउने छैन भन्ने व्यवस्था गरेको तर हालको नयां नि.से.नि., २०५० को नियम ८०(४) मा सामान्य व्यवस्थाको रूपमा रहन आएको देखिन्छ । साबिक कानुनमा प्रतिबन्धात्मक व्यवस्थाको रूपमा रहेकाले विशेषरूपको तर हालको ८०(४) मा सामान्य कानुनी व्यवस्थाको रूपमा रहन आएको परिप्रेक्ष्यलाई मध्यनजर राखी लोकसेवा आयोगले आफ्नो पुरानो परिपाटीलाई युक्तिसङ्गत नमानी नयां कानुनी व्यवस्थाको परिप्रेक्ष्यमा पटकपटक गरी १ वर्षसम्म काम गरेकोलाई नम्बर दिनु पर्ने भनी गरेको निर्णय कानुनविपरीत र बेमनासिब भन्न नमिल्ने । **(प्रकरण नं. १६)**

## ५.११

| निर्णय नं. ६१९३<br>संयुक्त इजलास | विषय : शैक्षिक योग्यता र तालिम बापत अङ्क |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३८ साल: २०५३ महिना: भदौ अङ्क: ५ | फैसला मिति: २०५३/०४/१६ |

पुनरावेदक/प्रतिवादी: रिट निवेदकः- जिल्ला गुल्मी रुरु गा.वि.स. वडा नं. ५ स्थायी घर भई हाल उद्योग विभागमा कार्यरत शाखा अधिकृत वर्ष ३९ को कैलाश कुमार वजिमय । जिल्ला ओखलढुङ्गा रातमाटे गा.वि.स. वडा नं. १ मा स्थायी घर भई हाल काठमाडौं जिल्ला का.न.पा. वडा नं. ३३ ज्ञानेश्वर बस्ने श्रम मन्त्रालयमा कार्यरत शाखा अधिकृत वर्ष ३५ को शम्भु कोइराला । विरुद्ध विपक्षी/वादी : विपक्षीः- श्री लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐन, २०४९ को दफा २४(२) "शैक्षिक योग्यता र तालिम बापत १५ अङ्कसम्म दिन सकिने व्यवस्था छ । निजामती सेवा नियमावली, २०५० को नियम ८१ (१) मा न्यूनतम शैक्षिक योग्यता र एक अतिरिक्त शैक्षिक उपाधि बापत अङ्क दिने व्यवस्था गरेको पाइन्छ । त्यस्तै नियम ७४(२) मा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन जेठता गणना गरिने (असार मसान्तको हिसाबले) अवधि, शैक्षिक योग्यता, बढुवा हुने पदको विवरण तथा सङ्ख्या, पद रिक्त भएको कार्यालय, निवेदन दिने म्याद र स्थानसमेत खुलाइएको हुनुपर्ने छ भन्ने उल्लेख भएको पाइन्छ । यसरी बढुवाको सम्भाव्य उम्मेदवार हुन जेठता गणना गर्दा असार मसान्तको हिसाबले गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा, शैक्षिक योग्यतासमेतको लागि असार मसान्तको समयावधि कायम गरी २०५० साल असार मसान्तसम्मको मात्र शैक्षिक योग्यता कायम गरी निवेदकहरूले २०५० साल असार मसान्तपछि दरखास्त पेस गर्ने मिति २०५१।३।१४ सम्मको समयावधिमा प्राप्त गरेको अतिरिक्त शैक्षिक योग्यता (M.P.A) को अङ्क बढुवाको प्रयोजनको निमित्त गणना गर्नुपर्नेमा नगर्ने गरी गरेको निर्णय प्रष्ट तथा कानुनी त्रुटिपूर्ण देखिन आएकाले निवेदकहरूको संवैधानिक तथा कानुनी हकमा समेत आघात पुग्न गएको देखिने । **(प्रकरण नं.२२, २३)**

## ५.१२

| निर्णय नं. ६०५० <br>संयुक्त इजलास | विषय : शैक्षिक योग्यता |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३७ साल: २०५२ महिना: मङ्सिर अङ्क: ८ | फैसला मिति: २०५२/०६/०५ |

निवेदक : का.जि.का.न.पा. वडा नं. २५ मखनटोल बस्ने कर कार्यालय, काठमाडौंका ना.सु. ओमशंकर झा विरुद्ध विपक्षी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय माननीय सामान्य प्रशासन मन्त्री, सामान्य प्रशासन मन्त्रालय माननीय अर्थ राज्यमन्त्री, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, कर विभाग, लाजिम्पाट, कर कार्यालय काठमाडौं, लोकसेवा आयोग, केन्द्रीय कार्यालय ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

राजश्व समूह (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली मिति २०४९।३।२९ को राजपत्रमा मिति २०४९।४।१ देखि लागु हुने गरी आएको देखियो । नियमावलीको नियम ५(२) मा समूहको लागि आवश्यक शैक्षिक योग्यता अनुसूची २ मा तोकिएबमोजिम हुनेछ भनी शैक्षिक योग्यता निर्धारण गरेको पाइयो । यो नियमावली आउनुपूर्व रिट निवेदक सो पदका लागि योग्य भई यसै समूहमा रही काम गरी आएकोमा विवाद देखिँदैन । यसै सम्बन्धमा यस अदालतको विशेष इजलासबाट ने.का.प. २०५० अङ्क ६ नि.नं. ४७५१ मा "राजपत्रअनङ्कित पदहरूका लागि शैक्षिक योग्यता तोकी राजश्व समूहमा समूहीकृत गरी पहिलेदेखि नै काम गरी रहेको सेवामा निवेदकलाई उक्त नियममा निर्धारित योग्यता लागु हुने गरी बन्देज लाग्न गएको कारणले निवेदकलाई सो सेवाको लागि अयोग्य तुल्याएको हदसम्म अमान्य भई बदर हुने र सोही हदसम्म निवेदकलाई स्थानान्तरण गर्ने गरी भएको कारबाहीमा अयोग्यता उल्लेख भएको समेत नमिलेकोले बदर हुने ठहर्छ" भन्ने निर्णय भएको देखियो । राजश्व समूह नियमावली ल्याई रिट निवेदकलाई सो समूहबाट ०४९।५।१७ को निर्णयद्वारा सरुवा गरेको देखिँदा उक्त निर्णय बदर गरिदिएको छ । रिट निवेदकलाई राजश्व समूहमा समावेश गर्नु भनी विपक्षी कर विभागको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. १२)**

# भाग : ६
# जेठता तथा अभिलेखसम्बन्धी

## ६.१

| निर्णय नं. ९३९७<br>संयुक्त इजलास | विषय : निजामती कर्मचारीको निजामती किताबखानामा अभिलेखसम्बन्धी |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५७ साल: २०७२ महिना: भदौ अङ्क: ५ | फैसला मितिः २०७१/१०/२० |

पुनरावेदक/प्रतिवादी: कास्की जिल्ला निर्मलपोखरी गा.वि.स. वडा नं. ५ घर भई सिँचाई मन्त्रालयबाट सुपरिटेन्डेन्ड इन्जिनियर (रा.प.प्र.प्रा.) पदबाट अवकाश प्राप्त बसन्त रायमाझी विरुद्ध विपक्षी/वादी : मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती किताबखानाले निजामती कर्मचारीको अभिलेख दुरूस्त नराखेको अवस्थामा निजामती कर्मचारीले किताबखानाको पत्रको आधारमा आफूलाई तोकिएको सेवा दिएबापत पारिश्रमिक नपाउने भन्न मिल्ने हुँदैन । रिट निवेदकले अविच्छिन्नरूपमा आफू कार्यरत कार्यालयमा हाजिर भई कानुनबमोजिम तोकिएको काम गरी आएको र सोबापत पाउनुपर्ने पारिश्रमिकलगायतको सुविधा पाइआएकोमा पछि प्राप्त हुन आएको कुनै प्रमाणपत्रमा उल्लिखित व्यहोराको आधारमा एक पटक अवकाश मिति तोकिई कर्मचारी अवकाश भइसकेपछि सो अवकाश मितिलाई संशोधन गरी अगावै अवकाश पाउनुपर्ने भनी अर्कै अवकाश मिति कायम गर्न कानुनसङ्गत नहुने ।

काम गरी खाइपाई आएको तलब, भत्तालगायतका सुविधा फिर्ता दिनुपर्ने भन्नु न्यायसङ्गत हुँदैन । निजामती किताबखाना वा आफू कार्यरत कार्यालयमा जानकारी नदिई वा आफूलाई अवकाश मिति थाहा हुँदाहुँदै बढी अवधि जानाजान सेवा गरेको अवस्थामा बदनियतपूर्वक वा छल गरी सेवा गरेको देखिए पृथक अवस्था हुनसक्छ । परन्तु प्रस्तुत विवादमा निवेदकले आफू अवकाश हुने मिति सम्बन्धमा कुनै प्रकारको छलकपट गरेको वा बदनियतपूर्वक गलत मनसाय लिई बढी अवधि सेवा गरी तलब भत्ता सुविधा प्राप्त गरेको भन्ने देखिन नआउने ।

विवादमा निजामती किताबखाना स्वयंले मिति २०७०।१०।१२ मा रिट निवेदक अवकाश हुने भनी किटान गरी मिति तोकिएको अवस्था भएको हुँदा सो पत्रबमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूरा गरी सेवा गरेबापत खाइपाई आएको तलब भत्ता फिर्ता भुक्तानी दिन भनी गरिएको निर्णय श्रमसम्बन्धी विधिशास्त्र र प्राकृतिक न्यायको मान्यताविपरीत हुने भई त्यस्तो निर्णय न्यायपूर्ण हुन नसक्ने । **(प्रकरण नं. ८)**

## ६.२

| **निर्णय नं. ७६४२**<br>**संयुक्त इजलास** | **विषय : जेठता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४८ साल: २०६३ महिना: वैशाख अङ्क: १ | फैसला मिति: २०६२/१२/०४ |

पुनरावेदक/प्रतिवादी: निवेदक: महोत्तरी जिल्ला बलवा गा.वि.स.वडा नं .८ पुर्वारी टोल घर भई जनकपुर अञ्चल अस्पताल जनकपुरधाम धनुषामा आठौं तह फिजिसियन पदमा कार्यरत डा.रामपरीक्षण यादब विरुद्ध विपक्षी/वादी : विपक्षी: लोकसेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंसमेत।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

स्तरवृद्धि गरिएको निर्णय मितिभन्दा अगाडि वृद्धि गर्न सकिने कानुनी प्रावधान स्वास्थ्य सेवा ऐन, २०५३ मा रहे भएको नपाइएको अवस्थामा कानुनविपरीत अतीतप्रभावी हुने गरी गरिएको स्वास्थ्य मन्त्रालयको निर्णयलाई आधार लिई जेठता कायम गरी पाऊँ भन्ने निवेदकको जिकिर कानुनसङ्गत नदेखिने। **(प्रकरण नं.१८)**

निवेदकले पेस गरेको भनिएका प्रमाणपत्रहरूमा “R.P.Yadav has work” भन्ने उल्लेख भएको देखिएबाट सेवाकालीन तालिमको प्रमाणपत्र नभई काम गरेको अनुभवको प्रमाणपत्र हो भन्ने देखिँदा उक्त प्रमाणपत्र तालिम गरेको प्रमाणपत्र हो भन्ने प्रमाणित हुन नसक्ने। **(प्रकरण नं.१९)**

## ६.३

| **निर्णय नं. ७५५१**<br>**संयुक्त इजलास** | **विषय : जेठता** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४७ साल: २०६२ महिना: असोज अङ्क: ६ | फैसला मिति: २०६२/०६/११ |

पुनरावेदक/प्रतिवादी: काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं. ४ घर भई हाल का.जि.का. म.न.पा.वडा नं. १० वानेश्वर बस्ने गृह मन्त्रालयको शाखा अधिकृत पदमा कार्यरत कैलाशनाथ खरेल विरुद्ध विपक्षी/वादी : लोकसेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंसमेत।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

समान हैसियतका व्यक्तिहरूमध्ये केहीलाई कुनै र केहीलाई कुनै गरी फरकफरक मिति गरी जेठता कायम हुने गरी गरेको निर्णयबाट समान व्यक्तिको बीच असमान व्यवहार गरेको देखिन आउने।

निवेदकको नोकरी जेठता पूर्व मितिलाई नै कायम गरी दिनु न्यायोचित हुने र समन्यायको सिद्धान्तको परिपालन हुनजाने देखिँदा पूर्व सूचनाअनुसार बढुवा पाएका अन्य अधिकृतहरू सरह नै निवेदकको जेठता मिति कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने । **(प्रकरण नं. १८)**

## ६.४

| | |
|---|---|
| **निर्णय नं. ७२९७**<br>**संयुक्त इजलास** | **विषयः शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको आधारमा उमेर गणना** |
| नेपाल कानुन पत्रिका<br>भागः ४५ सालः २०६० महिनाः फागुन अङ्कः ११ | फैसला मितिः २०६०/११/२६ |

पुनरावेदक/प्रतिवादीः ललितपुर उपमहानगरपालिका वडा नं.११ नेउट टोल बस्ने योगेन्द्रराज जोशी विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय हरिहरभवनसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

समान प्रकृतिको कानुनी व्यवस्थाको सम्बन्धमा यस अदालतबाट प्रतिपादित सिद्धान्त त्यस्तै प्रकृतिको अर्को कानुनी व्यवस्थाको सम्बन्धमा लागु हुन नसक्ने वस्तुनिष्ठ आधार र कारण विद्यमान नरहेको अवस्थामा यस अदालतको वृहत् पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तसँग असहमत हुनुपर्ने अवस्था नदेखिने ।

शैक्षिक योग्यताको प्रमाणपत्रबाट निवेदकको उमेर १५ अप्रिल १९४५ तद्अनुसार वि.सं.२००२।१।१ भन्ने देखिइरहेको र महालेखा परीक्षकका कर्मचारीहरूसम्बन्धी नियमावली, २०५० को नियम ९२(३) को कानुनी व्यवस्था तथा यस अदालत वृहत् पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा नोकरी प्रवेश गर्नुअघि नै प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र भएसम्म सो प्रमाणपत्रमा उल्लिखित जन्ममितिले नै मान्यता पाउने देखिएको हुँदा निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता दिएको मिति २०५२।४।३१ को विपक्षी निजामती किताबखानाको निर्णय सामान्य प्रशासन मन्त्रालयको मिति २०५७।१२।१० को निर्देशनको आधारमा रद्द गरी सिटरोलमा लेखिएको उमेरको आधारमा जन्ममिति कायम गरिएको विपक्षी निजामती कितावखानाको मिति २०५८।८।५ को निर्णय तथा सोही मितिको पत्र तथा सो निर्णयको आधारमा रिट निवेदकलाई मिति २०५९।१०।१४ देखि अनिवार्य अवकाश दिनु भनी लेखिएको मिति २०५९।४।९ को पत्रसमेतका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिको आधारमा उमेर गणना गर्दा मिति २०६०।१।१ मा निजको उमेर ५८ वर्ष पूरा भएको देखिएको र सोही मितिबाट निजले अनिवार्य अवकाश पाइसकेको भन्ने देखिँदा सो मितिसम्म निजको सेवा अवधि मानी नियमानुसार निजले पाउने तलब भत्ता तथा सुबिधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने । **(प्रकरण नं. १० र ११)**

## ६.५

| निर्णय नं. ५०९१<br>संयुक्त इजलास | विषय : जन्ममिति |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३७ साल: २०५२ महिना: साउन अङ्क: ०४ | फैसला मिति: २०५१/०७/२२ |

पुनरावेदक/प्रतिवादी: का.जि.का.न.पा. वडा नं. ७ चावहिल बस्ने कृष्णप्रसाद अधिकारी । विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, सामान्य प्रशासन मन्त्रालय निजामती किताबखाना । श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, श्री वन विभाग ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती किताबखानाबाट निवेदकको निवेदन पर्दा मिति २०४९।१२।२ मा निवेदनअनुसार नै पछि हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको मिति १९९८।१०।१ लाई कायम गरी संशोधन भएको देखिन्छ । तर पनि निजामती कर्मचारीले नोकरीमा प्रवेश गर्दा भरेको सिटरोल फाराम निजामती किताबखाना सोरहने प्रमुख अभिलेख हो र त्यसमा सुरुमा लेखाएको जन्ममिति लगायतको व्यहोरा, साधारणतः फरक पर्ने अवस्था हुँदैन । नोकरीमा प्रवेश गर्दा जन्ममिति लेखाएको कुनै शैक्षिक योग्यताको प्रमाणपत्र पेस नगरेकोमा त सोही सिटरोल फाराममा लेखिएको व्यहोरा तथा जन्ममिति नै एक मात्र आधार हुने कुरामा कुनै सन्देह नरहने । **(प्रकरण नं. ८)**

नोकरीमा प्रवेश गर्दा हासिल गरेको त्यस्तो कुनै शैक्षिक योग्यताको प्रमाणपत्र तत्काल पेस नभएको अवस्थामा पछि प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति निवृत्तिभरण समेतको प्रयोजनको लागि आधार हुन सक्ने अवस्था देखिन नआउने । **(प्रकरण नं. ८)**

निजामती किताबखानाबाट मिति २०४९।१२।२ मा निवेदककै निवेदन अनुसार जन्ममिति १९९८।१०।१ संशोधन गरिएको र सो संशोधन हुनुभन्दा अघि लागु भई रहेको मिति २०३८।२।१४ तथा मिति २०३८।४।२६ को प्रशासन व्यवस्था विभागको परिपत्र अनुरूप नहुँदा निजामती किताबखानाबाट निवेदकले नोकरीमा प्रवेश गर्दा आफ्नो सिटरोलमा लेखाएको जन्ममितिलाई नै कायम गरेको भएबाट निवेदकले निजामती सेवा ऐन, २०४९ बमोजिमको सुविधाबाट बञ्चित हुने भन्ने अवस्थै नदेखिने । **(प्रकरण नं. ८)**

निवेदकले नोकरीमा प्रवेश गर्दा भरेको सिटरोलमा लेखाएको जन्म मितिलाई नै निजामती किताबखानाबाट मान्यता दिई आएकोमा कुनै विवाद छैन र निवेदकले नै दिएको निवेदनअनुसार पछि संशोधन गरिएको भए तापनि सो संशोधन हुनुभन्दा अघिदेखि ऐन नियम सरह नै लागु भई रहेको निर्णय परिपत्रबाट सो संशोधित जन्ममिति स्वतः कायम रहन सक्ने अवस्था नै नहुँदा आफ्नो अघिल्लो निर्णयलाई आफैले अमान्य गरेको भन्न मिल्ने स्थिति देखिन नआएकोले निवेदकको मागअनुसार रिट जारी गर्न नमिल्ने । **(प्रकरण नं. ९)**

# भाग : ७
# सेवा समूह तथा पदमिलान एवं पदस्थापन

## ७.१

| | |
|---|---|
| **निर्णय नं. ९३५८**<br>**संयुक्त इजलास** | **विषयः निजामती सेवामा समायोजन भइसकको राजप्रासाद सेवाका कर्मचारीलाई समानताको हक** |
| नेपाल कानुन पत्रिका<br>भाग: ५७ साल: २०७२ महिना: असार अङ्क: ०३ | फैसला मितिः २०७१/१०/२२ |

पुनरावेदक/प्रतिवादीः अनुसन्धान अधिकृत केदारनाथ शर्माको प्रतिवेदनले नेपाल सरकार विरुद्ध विपक्षी/वादी : साबिक महोत्तरी जिल्ला डाम्ही महेशपुर गा.वि.स. वडा नं. १ घर भई हाल धनुषा जिल्ला जनकपुर नगरपालिका -४ स्थायी ठेगाना भएका शिक्षा तथा खेलकूद मन्त्रालयको सहसचिव पदमा कार्यरत वीरेन्द्रकुमार सिंहसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

राजप्रासाद सेवा खारेज गर्ने, तर कर्मचारीहरूलाई निजामती सेवाको अङ्ग बनाउने घोषणा गर्नुले सो समूहका कर्मचारीलाई निजामती सेवामा हार्दिकतापूर्वक गाभ्ने उक्त घोषणाको उद्देश्य रहेको देखिने । **(प्रकरण नं.५)**

कानुनको दृष्टिमा समानता र कानुनको समान संरक्षणको प्रत्याभूतिका लागि प्रयुक्त गरिएका उत्पत्ति, वैचारिक आस्था जस्ता शब्दहरूले कुनै पनि नागरिकप्रति राज्य पूर्वाग्रही हुँदैन, सरकार सञ्चालनमा जे जस्तो राजनीतिक समीकरण कायम रहे पनि त्यसको असर र प्रभाव जनता (जुनसुकै आस्था र विश्वास राख्ने) ले पाउने सेवा, सुविधा र संरक्षणमा पर्दैन भनी आश्वस्त तुल्याएका छन् । यही कुरा रिट निवेदकहरूका हकमा पनि लागु हुने । **(प्रकरण नं.११)**

समानता र स्वच्छ व्यवहारले नै लोकतन्त्र र कानुनी राज्य मजबुत र संस्थागत हुन पुग्छ । लोकतान्त्रिक राज्यको सोच र दृष्टिकोण फराकिलो हुनुपर्दछ । अति तुष्टीकरणको भाव राखी निजामती सेवाको आधारभूत मूल्य मान्यताविपरीत तत्कालीन राजप्रासाद सेवाका कर्मचारीहरूका लागि मात्र निजहरू आबद्ध पूर्व ऐन, नियमले प्रत्याभूत गरेको सेवा सुविधामासमेत कटौती हुने गरी ह्रासोन्मुख (Derogatory) व्यवस्था गरिन्छ भने त्यसलाई न्यायपूर्ण मान्न नसकिने ।

साबिकको ऐन नियम नै खारेज भइसकेपछि जहाँ समायोजन गरिन्छ, त्यहाँ पूर्णरूपमा समायोजन

तथा सम्मिलन गरिनुपर्दछ । एकाङ्गी ढङ्गले केहीमा बाहेक (Segregation) गर्ने र केहीमा समान व्यवस्था लागु हुने गरी गरिएको व्यवस्थाले केवल स्वेच्छाचारितालाई मात्र प्रश्रय दिएको मानिने । **(प्रकरण नं.२१)**

राज्य सबै नागरिकको अभिभावक र संरक्षक समेत हो । त्यसैले राज्यसंयन्त्र कुनै पनि नागरिकप्रति पूर्वाग्रही हुनुहुँदैन । सबै नागरिक राज्यका निम्ति समान हुन्छन् । कुनै वर्ग विशेषको सारभूत समानता प्राप्तिका लागि केही थप सुविधा, सहुलियत र प्रोत्साहनको व्यवस्था गर्ने अनुमति समानताको हकले प्रदान गर्दछ । तर त्यस्तो विशेष व्यवस्था कमजोर वर्गको उत्थानका लागि, प्रतिस्पर्धात्मक क्षमता विकासका लागि, सशक्तीकरणका लागि र मूलप्रवाहीकरणका लागि गरिन्छ । त्यस्तो विशेष व्यवस्थाअन्तर्गतका व्यक्तिहरू झनै अपमानित हुने, हीनताबोध गर्ने, विभेदको महसुस गर्ने र आफूप्रति राज्यसंयन्त्र पूर्वाग्रही रहेको छ भन्ने भाव पैदा गर्ने किसिमको व्यवस्थाको परिकल्पना समानताको कुनै पनि सिद्धान्तले नगर्ने । **(प्रकरण नं.२६)**

निजामती सेवामा समायोजन भइसकेको जनशक्तिका लागि छुट्टै विशेष समूह गठन गर्नु र विशेष समूहका कर्मचारीहरूको प्रशासन र व्यवस्थापन नियमावली बनाउनु आफैँमा भेदभावलाई संस्थागत गर्ने र उनीहरूलाई मूलप्रवाहबाट छुट्याएर अपमानित गर्ने कार्य हो । समान अवस्थाका व्यक्तिहरूमध्ये केहीलाई छानेर त्यसो गर्ने अधिकार संविधानप्रदत्त समानताको हकले प्रदान नगर्ने । **(प्रकरण नं.२८)**

हाल कार्यरत रहेका कर्मचारी सङ्ख्याभन्दा पनि कम पद सङ्ख्या निर्धारण गरी वृत्तिविकासको सम्भावनालाई निस्तेजप्राय तुल्याउने र पदस्थापनविना भइपरीरूपमा अनन्तकालसम्म काजमा खटाउने स्वेच्छाचारी व्यवस्थापनको प्रणालीलाई निरन्तरता दिने गरी नियमावलीमा राखिएका प्रावधानहरूको औचित्य कुनै पनि दृष्टिकोणबाट पुष्टि हुने स्थिति पनि देखिन नआउने । **(प्रकरण नं.२९)**

## ७.२

| **निर्णय नं. ८८९६**<br>**संयुक्त इजलास** | **विषयः निजामती सेवाको गठन, सञ्चालन र नियमन** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ५४ सालः २०६९ महिनाः माघ अङ्कः १० | फैसला मितिः २०६९/०३/२८ |

निवेदकः स्याङ्जा जिल्ला, बीरघा गा.वि.स. वडा नं. ५ घर भई हाल बाहिरी चक्रपथ विकास आयोजना, अनामनगर, काठमाडौंमा राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक) इन्जिनियर (विशेष) पदमा कार्यरत वर्ष ४६ को दयाराम पाण्डेसमेत विरुद्ध विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

राज्यले अवलम्बन गरेको नीतिअनुरूप निजामती सेवाको गठन, सञ्चालन र नियमन गर्न विधायिकाद्वारा निर्माण गरिएको कानुन स्पष्टरूपमा संविधानको भावना र मर्मविपरीत नभएसम्म अदालतले बदर गर्नु उचित र संविधानसम्मत हुन नसक्ने । **(प्रकरण नं.१६)**

निजामती सेवालाई कस्तो बनाउने, यसको सङ्गठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ति, बढुवा र बरखासीका मापदण्ड के कस्तो आधारबाट निर्धारण गर्ने, सेवाका शर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषय न्यायिकरूपमा व्यवस्थापन हुने विषयहरू हुन नसक्ने । **(प्रकरण नं.१८)**

वर्गीकरण गर्ने कानुनबाट हासिल गर्न खोजिएको उद्देश्यसँग वर्गीकरणको सार्थक र विवेकपरक सम्बन्ध देखिँदैन भने कानुनद्वारा गरिएको वर्गीकरणलाई संवैधानिकताको मान्यता दिन नसकिने । **(प्रकरण नं.१९)**

लामो समयसम्म एउटै श्रेणीको पदमा कार्यरत कर्मचारीको मनोवल वृद्धि गर्ने ऐनको उद्देश्य र निजामती सेवाको सङ्गठनात्मक स्वरूप र पदसोपान संरचना नबिग्रने गरी खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने प्रक्रियामा कुनै असर नपर्ने गरी ल्याइएको बढुवासम्बन्धी विशेष व्यवस्थाको सार्थक सम्बन्धसमेत देखिन आउँछ । बढुवाको आधार र अवस्था नै फरकफरक रहेका अलगअलग वर्गका बढुवाहरूको लागि पृथकपृथक सेवाको शर्त तोकिएको कानुनी व्यवस्था युक्तिसङ्गत वर्गीकरणको सिद्धान्त (Theory of reasonable classification) अनुकूल नै देखिँदा समानताको हकविपरीत भएको भन्ने निवेदन दाबी सिद्धान्ततः उपयुक्त नदेखिने । **(प्रकरण नं.२२)**

## ७.३

| **निर्णय नं. ७५६७**<br>**संयुक्त इजलास** | **विषयः मिलान र पदस्थापन** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४७ सालः २०६२ महिनाः कात्तिक अङ्कः ७ | फैसला मितिः २०६१/११/१८ |

निवेदकः मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ३ घर भई हाल कर कार्यालय धरानमा कार्यरत चुडामणि पराजुलीसमेत विरुद्ध विपक्षीः श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालय मुकाम, हरिहरभवन ललितपुरसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

साबिकदेखि काम गरिरहेको कर्मचारीको सेवालाई निरन्तरता दिएकोमा त्यसपछि आएको नियमले समूहीकृत नभएका पदहरू पनि समूहीकृत भएकोमा समूहीकृत भएको पदमा त्यस्तो कर्मचारीलाई समूहभित्रकै मानी बढुवासमेत दिएकोमा हाल आएर साबिकको समूह समूहीकृत गर्ने नियमले समूहीकृत नगरेको भनी भन्न नपाउने ।

निवेदकहरू आफू राजश्व समूहमै रहेको आश्वस्त हुन सक्ने पर्याप्त आधार अख्तियारवालाकै व्यवहारबाट पुष्टि भइरहेको अवस्थामा न्यायसङ्गत अपेक्षाको सिद्धान्त (Doctrine of legitimate Expectation) आकर्षित हुन आउने । **(प्रकरण नं.२२)**

कानुनले निर्धारण गरेको प्रक्रियाको पालना नगरी आफ्नै तजबिजको आधारमा गरिएको निर्णय कानुनको दृष्टिमा स्वेच्छाचारी ठहरिने ।

अख्तियारवालाको कामकारबाहीमा भेदभावको कुनै अंश देखा नपर्नुका साथै स्वच्छता बेदाग रहनु पर्ने । **(प्रकरण नं.२४)**

निवेदकहरूको न्यायसङ्गत अपेक्षा (Legitimate Expectation) विपरीत र भेदभावपूर्ण व्यवहार गरी भएको सामान्य प्रशासन मन्त्रालयको सरुवाको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

पदहरू खाली देखिएको, श्री ५ को सरकारको निर्णयबाट पद सिर्जना गरी मिलाउने भन्ने निर्णय भइरहेको सन्दर्भमा यी रिट निवेदकहरूलाई राजश्व समूहमा नै पदमिलान गरी पदस्थापन गर्नु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने । **(प्रकरण न.२५)**

## ७.४

| **निर्णय नं. ७२३८**<br>**विशेष इजलास** | **विषयः साबिकमा निजामती सेवाअन्तर्गत रहको संसद् सेवालाई निजामती सेवाबाट अलग गरी ऐनले छुट्टै सेवाको व्यवस्था गरेको सम्बन्धमा** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४५ सालः २०६० महिनाः कात्तिक अङ्कः ७ | फैसला मितिः २०६०/०८/०४ |

पुनरावेदक/प्रतिवादीः श्री ५ को सरकार सामान्य प्रशासन मन्त्रालय, नेपाल प्रशासन सेवामा शाखा अधिकृत पदमा कार्यरत दिवश आचार्यसमेत विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, सिंहदरबारसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

संसद् सचिवालयसम्बन्धी ऐनको प्रस्तावित मस्यौदाको सम्बन्धमा लोकसेवा आयोगको परामर्शका लागि अनुरोध भई आएकोमा आयोगबाट देहायबमोजिमको परामर्श पठाउने गरी निर्णय भएको हुँदा निर्णयानुसार अनुरोध गरिन्छ भन्ने उल्लेख गरी सो पत्रको खण्ड ख मा "नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६६ को उपधारा २ बमोजिम गर्न आवश्यक भएको हो भने संसद्को गरिमा र कार्यप्रकृति सुहाउँदो कर्मचारी विकास गर्न अन्य संसदीय प्रणाली भएका देशहरूमा प्रचलित व्यवस्थासमेत विचार गरी अलग्गै किसिमको कानुन तर्जुमा गरी समुचित व्यवस्था गर्न उपयुक्त हुने भन्नेसमेतको व्यहोरा उल्लेख गरी राय परामर्श पठाएको देखिन्छ । यस्तो अवस्थामा निवेदन जिकिरमा उल्लेख भएबमोजिम संसद् सेवाको गठन र सञ्चालन गर्ने सम्बन्धमा लोकसेवा आयोगको परामर्शविना नै कर्मचारीहरूको हकहितमा असर पर्ने कुरामा छुट्टै कानुन निर्माण गरेको र उक्त कार्य संविधानविपरीत भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट तथ्ययुक्त नदेखिने ।

कानुन बनाउने क्रममा विधायिकाले विभिन्न प्रक्रियाहरू (चरण) पूरा गर्नुपर्ने हुन्छ । प्रक्रिया पूरा गर्ने क्रममा लोकसेवा आयोगसँग एकपटक नीतिगत परामर्श लिई सकेपछि प्रत्येक प्रक्रियामा ऐनको मसौदामा भएको सामान्य थप, घट वा संशोधनको विषयमा पुनर्विचारका लागि पटकपटक परामर्श लिनुपर्ने भन्ने निवेदन जिकिर न्यायसङ्गत र व्यावहारिक नदेखिने ।

संसद् सचिवालय सम्बन्धी ऐन, २०५८ ले साबिकमा निजामती सेवाअन्तर्गत रहेको संसद् सेवालाई निजामती सेवाबाट अलग गरी ऐनले छुट्टै सेवाको व्यवस्था गरेको अवस्थामा साबिकदेखि नै निजामती सेवामा रहेका कर्मचारीहरूलाई संसद् सचिवालयसम्बन्धी ऐनको दफा ९० (४) बमोजिम साबिकको सेवाअन्तर्गत नै रही प्रशासन सेवामा जान वा दफा ९० (३) बमोजिम नयाँ संसद् सचिवालयसम्बन्धी ऐनअन्तर्गतको संसद् सेवामा रहनको लागि विधायिकाले विवेकसम्मतरूपमा प्रदान गरेको आत्मनिर्णयको अधिकारलाई कानुन तथा समन्यायको दृष्टिलेसमेत अन्यथा भन्न नमिल्ने । **(प्रकरण नं. १३ र १४)**

## ७.५

| निर्णय नं. ७२४०<br>संयुक्त इजलास | विषय : पदमिलान र पदस्थापन |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४५ साल: २०६० महिना: कात्तिक अङ्क: ७ | फैसला मिति: २०६०/०८/१८ |

पुनरावेदक/प्रतिवादी: कपिलवस्तु जिल्ला ठुलोनन्दनगर गा.वि.स.वडा नं. ५ घर भई हाल जिल्ला स्वास्थ्य कार्यालय, अर्घाखांची अन्तर्गत कार्यरत कविराज गौतम समेत विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालय, रामशाहपथ काठमाण्डौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२(२)(ङ) मा सबै नागरिकलाई कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुने प्रत्याभूति गरी सोसँग सम्बन्धित प्रतिबन्धात्मक वाक्यांश खण्ड (५) मा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नको लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन भनी कुनै खास खास सेवाका लागि आवश्यक पर्ने शैक्षिक योग्यतासमेत तोक्न सक्ने अख्तियारी प्रदान गरेको देखिन्छ । सोअनुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को कानुनी व्यवस्थाको अधीनमा रही स्वास्थ्य सेवाको हेल्थ इन्सपेक्शन समूहको सहायक पाँचौ तहमा बढुवाको लागि आवश्यक पर्ने भनी तोकिएको योग्यता आफैमा संविधानको धारा १२ (२)(ङ) सँग बाझिएको मान्न मिल्ने अवस्था नदेखिने ।

स्वास्थ्य सेवामा कार्यरत सबै कर्मचारीहरूका लागि समानरूपमा लागु हुने देखिएको अनुसूचीको व्यवस्थाबाट संविधानको धारा ११ द्वारा व्यवस्थित समानताको हक तथा धारा १७ द्वारा व्यवस्थित सम्पत्तिसम्बन्धी हकमा कानुनविपरीत अनुचित बन्देज लगाएको मान्न मिल्नेसमेत नदेखिँदा

विवादित व्यवस्थाहरू संविधानको धारा ११, १२(२)(ङ) तथा १७ सँग बाझिएको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ को क्रमसङ्ख्या २१ मा रहेको विवादित व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ५८, निजामती सेवा नियमावली २०५० को नियम ७५ (क)(२), नेपाल स्वास्थ्य सेवा (गठन,समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम ७ अनुसूची ३ को क्रमसङ्ख्या २२(ग) को प्रतिकूल रहेको भन्ने जिकिरका सम्बन्धमा कुनै ऐनअन्तरगत बनेको नियमको व्यवस्थासँग अर्को ऐनअन्तर्गत बनेको नियमको व्यवस्था बाझिएको छ छैन ? भन्ने सम्बन्धमा विवेचना गरी निर्णय गर्ने विषय संविधानको धारा ८८(१) को अधिकारक्षेत्रभित्र पर्ने नदेखिँदा सो विषय यस इजलासबाट निरूपण हुन नसक्ने ।

निवेदकहरू राजपत्रअनङ्कित प्रथम श्रेणीमा बढुवाको लागि उम्मेदवार हुन योग्यता पुगिसकेको देखिएको परिप्रेक्ष्यमा नेपाल स्वास्थ्य सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची ३ अनुसार सि.अ.हे.व. पदको लागि योग्यता पुगिसकेको भन्ने निवेदन जिकिरसमेत रहेको देखिँदा नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ९० को खण्ड (क) को उपखण्ड (६) बमोजिम सहायक पांचौं तहमा तह मिलान भइसकेका निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा नेपाल स्वास्थ्य सेवा हेल्थ इन्सपेक्शन समूहको सहायक पाँचौ तहको पद भनी उल्लेख गरिएको सि.अ.हे.व. पदमा पदमिलान हुन नसक्ने भन्नु कानुनसम्मत देखिन आएन । तसर्थ निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ मा नेपाल स्वास्थ्य सेवा हेल्थ इन्सपेक्शन समूहको सहायक पाँचौ तहको पद भनी उल्लेख गरिएको सि.अ.हे.व. पदमा पदमिलान गरी पदस्थापन गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य मन्त्रालयको नाममा परमादेश जारी हुने । **(प्रकरण नं. १४)**

## ७.६

| **निर्णय नं. ६८५३**<br>**संयुक्त इजलास** | **विषय : निजामती सेवाको समूह विभाजन** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भागः ४२ सालः २०५७ महिनाः जेठ अङ्कः ०२ | फैसला मितिः २०५६/११/१२ |

पुनरावेदक/प्रतिवादीः श्री ५ को सरकार, यातायात व्यवस्था विभाग यातायात व्यवस्था कार्यालय वागमतीमा खरिदार पदमा कार्यरत वर्ष ३५ को राजकुमार दाहाल विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद्समेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवाको समूह विभाजन सेवाको प्रकृतिअनुसार गरिने भएकोले समान प्रकृतिका कार्य एउटै मन्त्रालयबाट स्वाभाविकरूपले हुने भएकोले एउटै मन्त्रालयअन्तर्गतको विभिन्न पदमा सोही मन्त्रालयको कर्मचारीहरूलाई स्वभावतः समाविष्ट गरिनु पर्ने स्वतः स्पष्ट छ । समूहीकृत गर्नुको

उद्देश्यविपरीत हुने गरी अन्य मन्त्रालयको भिन्दाभिन्दै प्रकृतिका सेवामा कार्यरत रहेका कर्मचारीलाई समेत बढुवाको लागि उम्मेदवार बनाइने हो भने समूहीकृत गर्नुको प्रयोजन नै रहँदैन । तसर्थ रिट निवेदकको जिकिर निजामती सेवा ऐन, २०४९ को दफा ६ को विभिन्न सेवाको समूह, उपसमूहको गठनसम्बन्धी व्यवस्थाको अनुकूल देखिएन । निजामती सेवा ऐनको समूह गठनसम्बन्धी व्यवस्था निवेदकको समानताको हक विरुद्ध नदेखिनुको साथै बेग्लै समूहका रिट निवेदकलाई राजश्व समूहको पदमा उम्मेदवार हुन नदिएकोले भेदभावयुक्त भन्ने पनि देखिन आएन । अत: निवेदकको जिकिरबमोजिम नि.से.नि., २०५० को नियम ७६(ख)(२) ऐनको दफा २१ सँग बाझिएको देखिन नआएको समेतबाट रिट निवेदन खारेज हुने । **(प्रकरण नं.९)**

## ७.७

| **निर्णय नं. ६५६४**<br>**विशेष इजलास** | **विषय : तह मिलानसम्बन्धी** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ४० साल: २०५५ महिना: कात्तिक अङ्क: ०७ | फैसला मिति: २०५५/०२/२१ |

निवेदक : का.जि. का.म.न.पा. वडा नं. ७ घर भई स्वास्थ्य मन्त्रालय आयुर्वेद विभागमा सेवारत (रा.प.द्वितीय श्रेणी) वरिष्ठ अधिकृत कविराज कृष्णराज पराजुली समेत २ विरुद्ध विपक्षी : श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, सिंहदरबारसमेत ३ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

स्वास्थ्य सेवाको गठन र सेवा शर्त सम्बन्धमा स्वास्थ्य सेवा ऐनको तर्जुमा श्री ५ को सरकारले गर्न सक्ने नै देखिन्छ । स्वास्थ्य सेवा ऐन, २०५३ ले साबिकमा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीहरूलाई छुट्टै ऐनद्वारा व्यवस्थित गरिएको तदअनुरूप नै देखिन्छ । स्वास्थ्य सेवाको आफ्नो विशिष्टताअनुसार वर्गीकरण गरेको विवेकपरक नै हुँदा अन्यथा भन्न नमिल्ने । **(प्रकरण नं. ११)**

श्री ५ को सरकारले स्वास्थ्य सेवाका कर्मचारीहरूको सम्बन्धमा साबिकमा रहेको श्रेणीको विभाजनलाई तहमा परिणत गरी खास अवधि पुगेका व्यक्तिलाई खास तहमा मिलान गर्ने गरेको व्यवस्थाबाट निवेदकको संविधानप्रदत्त हकमा आघात पर्न जाने नदेखिएको अवस्थामा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५(३) दफा ९० को (ख) र दफा ९६(१) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १७ र १२४सँग बाझिन गएको छ भनी मान्न नमिल्ने । **(प्रकरण नं. १३)**

७.८

| **निर्णय नं. ४३१९**<br>**विशेष इजलास** | **विषय : निजामती सेवा ऐनअन्तर्गतको सेवा** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३३ साल: २०४८ महिना: कात्तिक अङ्क: ०७ | फैसला मिति: २०४८/०७/०६ |

निवेदक: श्री ५ को सरकार गृह मन्त्रालयमा शा.अ.मा सेवारत उपेन्द्रप्रसाद अधिकारी विरुद्ध विपक्षी : लोकसेवा आयोग, कमलपोखरी काठमाडौंसमेत ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवाभित्र शाही सैनिकमा काम गरेको शाही सैनिक सेवालाई समावेश गरेको नपाइने । **(प्रकरण नं. ३१)**

सैनिक अधिकृतको पद गैरनिजामती सरकारी पद हुने भनी लोकसेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा २ को खण्ड (ज) मा उल्लेख भएको र निजामती सेवा नियमावली, २०२१ लोकसेवा आयोग (कार्यविधि) ऐन, २०२० को अधीनमा रही लागु हुनेछ भनी नि.से.नि., २०२१ को नियम १.२(३) मा उल्लेख भएकोले सैनिक अधिकृत भई काम गरेको पदलाई निजामती पद एवं निजामती कर्मचारी मानी नेपाल निजामती सेवा ऐनअन्तर्गतको सेवाभित्र समावेश भएको र सो सेवामा कायम गरेको भन्ने स्थिति नदेखिने । **(प्रकरण नं. ३१)**

शाही सैनिकमा काम गरी बीचमा नोकरी टुटेका कुनै व्यक्ति लोकसेवा आयोगको खुला प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण भई नेपाल प्रशासन सेवाको राजपत्राङ्कित पदमा नियुक्त भएका त्यस्ता व्यक्तिको शाही सैनिक भई काम गरी बीचमा टुटेको अवधिसमेत जोडी ४ वर्षभन्दा बढी हुन आउँछ भने त्यस्तो व्यक्ति बढुवाका लागि संभावित उम्मेदवार हुन सक्छ भनी नि.से.नि., २०२१ को नियम ३.३.८(क) मा व्यवस्था भएको समेत नदेखिँदा बढुवाको लागि निवेदकलाई उम्मेदवार नगराएको विपक्षी समिति एवं लोकसेवा आयोगको निर्णयलाई त्रुटिपूर्ण भन्न नमिल्ने । **(प्रकरण नं. ३१)**

# भाग : ८
# विविध

## ८.१

| निर्णय नं. ८६७० संयुक्त इजलास | **विषय : अख्तियार दुरुपयोग अनुसन्धान आयागले उजुरी सुन्ने अर्को तह (super body) को स्थान ग्रहण गर्न नसक्ने** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ५३ साल: २०६८ महिना: मङ्सिर अङ्क: ०८ | फैसला मितिः २०६८/०४/१५ |

रिट निवेदकः जि.रूपन्देही बुटवल न.पा. ७ अमरपथ घर भई हाल कृषि अनुसन्धान केन्द्र (चरन रसुवा, धुन्चेमा कार्यरत वरिष्ठ प्राविधिक अधिकृत (टि.७) आसितकुमार राजभण्डारी विरुद्ध विपक्षीः कृषि तथा सहकारी मन्त्रालयसमेत ।

### फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

बढुवा सम्बन्धमा उजुरी गर्ने तह तोकिएकोमा सोही तहमा उजुरी गर्नुपर्ने हुन्छ । गर्नुपर्ने तह वा ठाउँमा उजुर नगरी अन्यत्र गरेको उजुरीबाट सम्बन्धित तह वा ठाउँमा उजुरी गरेको सरहको मान्यता पाउन सक्ने स्थिति नरहने ।

कानुनबमोजिम उजुरी नगरेमा आधारभूत कानुनी त्रुटि वा अयोग्यता विद्यमान भएमा बाहेक बढुवा प्रक्रियालाई त्रुटिपूर्ण मान्न सकिने अवस्था नरहने ।

बेनामी उजुरीकै आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि तथा सहकारी मन्त्रालयलाई तथा मन्त्रालयले कृषि अनुसन्धान परिषद्लाई बढुवा बदर र अन्य कारबाहीका सम्बन्धमा कारबाही गर्न भनी लेखी पठाएको देखिन्छ । उक्त आयोग बढुवा उजुरी सुन्ने अर्को तह (super body) को स्थान ग्रहण गर्न नसक्ने । **(प्रकरण नं.४)**

बढुवा प्रक्रिया कानुनद्वारा निर्धारित प्रक्रिया भएकोले कानुनबमोजिम बाहेक अन्य प्रक्रियाबाट बढुवाको वैधताको परीक्षण हुन सक्ने देखिन्न । निर्देशन दिने अधिकार र निर्णय गर्ने अधिकार एउटै होइनन् । उजुरी वा पुनरावेदनको रोहमा पुनर्विचार गर्न सकिने विषयलाई निर्देशन दिने अधिकारअन्तर्गत राख्न मिल्दैन । कानुनी प्रक्रियाबाट टुङ्गिने कुरालाई निर्देशनबाट विस्थापित वा प्रतिस्थापित गर्न सकिँदैन । कानुनी प्रक्रियाबाहेकका अन्य व्यवस्थापन वा प्रशासकीय कुरामा कसैको हक अधिकारमा असर नपर्ने गरी कुनै कुराको लागि निर्देशन दिन सकिन्छ । तर, कानुनी प्रक्रियाबाट प्राप्त भएको वा हुने हकलाई

निर्देशनको माध्यमबाट अन्यथा प्रभावित गर्न नमिल्ने हुनाले निर्देशन दिने अधिकारलाई सम्बन्धित सचिवले वाञ्छित हदभित्र रही विचार गर्नु र प्रयोग गर्नु पर्दछ । अन्यथा निर्देशन दिने अधिकार स्वयं गैरकानुनी गतिविधिको माध्यम हुन सक्ने । **(प्रकरण नं.५)**

## ८.२

| **निर्णय नं. ६३४०**<br>**संयुक्त इजलास** | **विषय : न्यायाधीशहरूलाई श्री ५ को सरकारको कर्मचारी सरह मान्न मिल्ने नदेखिने** |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३९ साल: २०५४ महिना: असार अङ्क: ०३ | फैसला मितिः २०५३/११/१४ |

निवेदकः गोर्खा जिल्ला स्याङलिङ गा.वि.स.वडा नं. ५ घर भई हाल मालपोत कार्यलय कपिलवस्तुमा खरिदार पदमा कार्यरत मोतीकुमार श्रेष्ठ । विरुद्ध विपक्षीः कपिलवस्तु जिल्ला अदालतका जिल्ला न्यायाधीशको अध्यक्षतामा गठित बढुवा समिति मुकाम कपिलवस्तु जिल्ला अदालतसमेत जम्मा ४ ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

निजामती सेवा ऐन, २०४९ को दफा २४(४) मा बढुवा सिफारिसउपर चित्त नबुझ्ने कर्मचारीले लोकसेवा आयोगमा उजुरी दिन सक्ने कानुनी व्यवस्था देखिन्छ । त्यस्तै निजामती सेवा नियमावली, २०५० को नियम ८३ (१) मा आयोग वा आयोगले तोकेको अधिकारीसमक्ष बढुवा सिफारिसउपर उजुरी दिनु पर्ने व्यवस्था देखिन्छ। यसरी उपरोक्त उल्लिखित संवैधानिक वा कानुनी व्यवस्थाको अवलोकन गर्दा लोकसेवा आयोगले आफ्नो काम कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार सुम्पन सक्ने कुरामा कुनै विवाद देखिँदैन तर उक्त काम कर्तव्य र अधिकार आयोगको कुनै सदस्य सदस्यहरूको समिति वा श्री ५ को सरकारको कर्मचारीलाई मात्र सुम्पन्न सक्ने देखिने ।

नेपाल अधिराज्यको संविधान, २०४७ लागु भएपछि न्यायाधीशहरूलाई श्री ५ को सरकारको कर्मचारीको हैसियतमा नराखी छुट्टै संवैधानिक व्यवस्थाअन्तर्गत राखेको देखिँदा न्यायाधीशहरूलाई श्री ५ को सरकारको कर्मचारी सरह मान्न मिल्ने नदेखिने ।

बढुवा समितिको निर्णयउपर उजुर सुनी पुनरावेदन अदालत वुटवलका मुख्य न्यायाधीशले मिति ०५२।३।१४ मा गरेको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि देखिने । **(प्रकरण नं. ११)**

८.३

| निर्णय नं. ५०२८<br>संयुक्त इजलास | विषय : राजपत्राङ्कित कर्मचारी र कर्मचारी सङ्गठन |
|---|---|
| नेपाल कानुन पत्रिका<br>भाग: ३७ साल: २०५२ महिना: वैशाख अङ्क: ०१ | फैसला मिति: २०५०/१२/१८ |

पुनरावेदक/प्रतिवादी : नेपाल निजामती कर्मचारी सङ्गठनको तर्फबाट मुद्दा गर्ने अख्तियार प्राप्त र आफ्नो हकमासमेत ऐ.का महासचिव महालेखा परीक्षक विभागका लेखा परीक्षक अधिकारी मोहनबहादुर के.सी. विरुद्ध विपक्षी/वादी : श्री ५ को सरकार, मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौं । सामान्य प्रशासन मन्त्रालय, हरिहरभवन ।

## फैसलाको मुख्य अंश/प्रतिपादित नजिर/सिद्धान्त

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) (ग) ले नेपाली नागरिकलाई संघ संस्था खोल्ने स्वतन्त्रता प्रदान गरेको देखिन्छ । संशोधित निजामती सेवा नियमावलीको नियम ९.१५ को उपनियम (३) ले राजपत्राङ्कित कर्मचारीले "कुनै सङ्गठनको सदस्य बन्न हुँदैन" भन्ने व्यवस्था गरेको छ । नियमावलीको संशोधित यस व्यवस्थाले नेपाल निजामती कर्मचारी सङ्गठनलाई प्रतिबन्ध लगाएको नभई राजपत्राङ्कित निजामती कर्मचारीलाई कुनै कर्मचारीको सङ्गठनको सदस्य बन्नसम्म रोक लगाएको देखिन्छ। यसबाट नेपाल निजामती कर्मचारी सङ्गठन कायमै रहेको र सङ्गठनलाई कुनै प्रतिबन्ध लगाएको देखिँदैन । निजामती कर्मचारी सङ्गठन कायम नै रहेका अवस्थामा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा (२) (ज) को प्रतिकूल छ भन्ने अवस्था नरहने । (प्रकरण नं. ९)

कर्मचारी श्री ५ को सरकारको अधीनस्थ कर्मचारी हुन् र निजामती कर्मचारीको सेवाहरूको गठन, सञ्चालन र सेवाको सबै शर्तको व्यवस्था निजामती सेवा ऐन र सोअन्तर्गत बनेको नियमावलीले गरेको हुन्छ । निजामती कर्मचारीको आचरणको सम्बन्धमा व्यवस्था गर्न निजामती सेवा ऐनले अधिकार दिएको देखिन्छ । निजामती कर्मचारीको नियुक्तिदेखि अवकाश हुँदासम्मको सेवा शर्त रहेको निजामती सेवा ऐन, २०१३ र निजामती सेवा नियमावली, २०२१ बमोजिम निजामती कर्मचारीको क्रियाकलाप सञ्चालित भएको हुन्छ । निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ९.१५ मा संशोधन गरी सबै राजपत्राङ्कित निजामती कर्मचारीहरूले कुनै सङ्गठनको सदस्य बन्न नहुने कानुनी व्यवस्था गरेको देखिन्छ। यस व्यवस्थाले निजामती कर्मचारीलाई राजपत्राङ्कित र राजपत्रअनङ्कित गरी दुई भागमा विभाजन गरी राजपत्राङ्कित कर्मचारीलाईसम्म कुनै सङ्गठनको सदस्यबाट रोक लगाएको देखिने । (प्रकरण नं. १०)

राजपत्राङ्कित कर्मचारीले राजपत्रअनङ्कित कर्मचारीभन्दा बढी जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । राज्यको नीति निर्माण गर्न र कार्यान्वयन गर्ने काममा राजपत्राङ्कित कर्मचारीको ठूलो दायित्व हुन्छ र निजामती सेवा ऐन र नियमद्वारा निर्धारित सेवामा शर्तहरू स्वीकार गरेर नै कुनै कर्मचारी

सेवामा प्रवेश गरेको हुन्छ । यस अर्थमा निजामती कर्मचारीको हैसियत र साधारण नागरिकको हैसियतमा केही फरक हुन्छ । निजामती कर्मचारीको कर्तव्य र दायित्व निजामती सेवा ऐन तथा नियमावलीले निर्धारण गरेबमोजिम हुने हुँदा निजामती ऐन तथा नियमले तोकेको परिधिभित्र रहने नै निजामती कर्मचारीको कार्य निर्देशित र सञ्चालित हुने । **(प्रकरण नं. १०)**

ऐन नियमले निर्धारित गरेको आचरण निजामती कर्मचारीले बाध्यात्मकरूपले पालना गर्नुपर्ने हुन्छ । त्यसमा पनि राजपत्राङ्कित कर्मचारीको जिम्मेवारी बढी हुने र राजपत्राङ्कित कर्मचारीले सार्वजनिक नीति निर्माण गर्न पर्ने, जनजीवनमा प्रत्यक्ष असर पर्ने गरी निर्णय गर्नुपर्ने जस्ता कुराले राजपत्राङ्कित कर्मचारीमाथि नियन्त्रण बढी राखेको हुन्छ । राजपत्राङ्कित कर्मचारीको कार्यको स्वभाव अति विशिष्ट भएको र राज्य व्यवस्था सञ्चालनमा समेत राजपत्राङ्कित कर्मचारीको हात रहने हुँदा राजपत्राङ्कित कर्मचारीलाई अन्य कर्मचारीलाईभन्दा विशिष्ट स्थानमा राखिएको हुन्छ । यस्ता कर्मचारीहरूको काम, कर्तव्य र अधिकार गम्भीर प्रकृतिको हुन्छ र यिनको सारा समय श्री ५ को सरकारको अधीन राखिएको हुन्छ । राजपत्राङ्कित कर्मचारीलाई पनि सङ्गठनमा भाग लिन दिने हो भने राज्य व्यवस्था सञ्चालनमा व्यवधान उत्पन्न हुन सक्ने । **(प्रकरण नं. १०)**

संविधानद्वाराप्रदत्त समानताको हकको सिद्धान्त समान व्यक्तिबीचमा लागु हुने हो । असमान व्यक्तिबीच समानताको सिद्धान्त लागु हुने होइन । ऐनले निजामती कर्मचारीलाई दुई भागमा बाँडी राजपत्रअनङ्कित कर्मचारीले सङ्गठनको सदस्य हुन पाउने र राजपत्राङ्कित कर्मचारीले सङ्गठनको सदस्य हुन नपाउने गरी गरेको व्यवस्थाबाट राजपत्राङ्कित कर्मचारी समानताको हकबाट वञ्चित भए भन्नलाई केही राजपत्राङ्कित कर्मचारीलाई सङ्गठनको सदस्य हुनबाट रोक लगाइन्छ र केही राजपत्राङ्कित कर्मचारीलाई रोक नलगाएको अवस्थामा मात्र समानताको हकबाट वञ्चित भएको मान्नु पर्ने हुन्छ । राजपत्राङ्कित कर्मचारीहरूलाई कुनै किसिमको भेदभाव नगरी समानरूपमा कुनै कर्मचारीको सङ्गठनको सदस्य हुन रोक लगाइँदा असमान विभेदकारी भएको मान्न मिल्ने अवस्था नदेखिने । **(प्रकरण नं. ११)**

समानताको हक पूर्ण निरपेक्ष हुँदैन । उपयुक्त र विवेकसम्मत तरिकाबाट राजपत्राङ्कित कर्मचारीको सम्बन्धमा सङ्गठनको सदस्य हुनबाट रोक लगाउन सकिने हुन्छ । यो व्यवस्था उपयुक्त र विवेकसम्मत छैन भन्न मिल्ने अवस्था नदेखिने । **(प्रकरण नं. ११)**

राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ बमोजिम सङ्गठन कायमै रहेको अवस्थामा सो ऐनको विपरीत भयो भन्न मिल्ने अवस्था नदेखिने । **(प्रकरण नं. ११)**

कर्मचारी सङ्गठनको विधानको व्यवस्थाले ऐन र संवैधानिक व्यवस्थालाई सञ्चालन गर्ने होइन बरु संविधान र ऐनले नै नेपाल निजामती कर्मचारी सङ्गठनको विधानलाई सञ्चालन गर्ने । **(प्रकरण नं. १२)**

नेपाल निजामती कर्मचारी सङ्गठनको विधानले ऐन नियमको रूप लिन नसक्ने हुँदा निजामती सेवा नियमावलीको नियम ९.१५ (३) को संशोधित व्यवस्था नेपाल निजामती कर्मचारी सङ्गठनको विधानसँग बाझियो भनी भन्न मिल्न सक्ने अवस्था नदेखिने । **(प्रकरण नं. १२)**

Empowered lives.
Resilient nations.

ISBN 978-9937-0-3104-2

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय